ISSN 2631-2298
nepalmag.com.np
आइतबार • १३ पुस २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

दलाई लामाका नेपाल प्रतिनिधिको लाजिम्पाटस्थित मुख्यालय प्रवेशद्वार

तिब्बती तुरूप

नेपालमा रहेका तिब्बती शरणार्थी तीन दशकदेखि अमेरिकी प्राथमिकतामै

हिन्दुस्तानमा हिन्दुत्व उन्माद

नेपाल नछिरोस् यो बाछिटा

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
* CONDITIONS APPLY
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS
AMBE TMT



The prime minister says fewer people have to wear dust masks since he's taken office. But pictures don't lie, and neither do numbers. The Post will bring you both, without fear or favour. See upto-the-minute status of air quality in major cities across the country at :

kathmandupost.com/airquality

THE KATHMANDU POST

WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
Sunflow हिराको
उप हार
Sunflow तेलमा पकाऔं मिठो परिकार
साथमा पाऔं हिराको हार उपहार!
Sunflow Sunflower तेलको १ र १/२ लि. को उपहार प्रवर्द्धित प्याकेट खरिद गर्दा प्याकेटमा भएको **१० अंकको नम्बर**लाई ३१००८ मा SMS गर्नुहोस् र लक्की ड्र मार्फत पाउनुहोस् हरेक १५ दिनमा
हिराको लकेट, हिराको टप र हिराको हार ।
साथै एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ
आकर्षक हिराको नेकलेस सेट*
सबै विजेताहरुको नाम राष्ट्रिय दैनिकमा प्रकाशित हुनेछ
१० अंकको नम्बर हुने स्थान
10 digit no: 1004993882
हिराको हार जित्ने मौका
Sunflow®
REFINED SUNFLOWER OIL
Cholesterol Free
1 Ltr. Net
* यो योजना सीमित अवधिको लागि लागु हुनेछ । शर्तहरू लागु हुनेछन् ।
CHOLESTEROL free
Original खोज्नुस् Sunflow नै रोज्नुस्
हिराको हार विजेताले Sunflow खरिद गर्नुभएको पसलको बिक्रेताले जित्नुहुनेछ 32" TV उपहार

भित्र

आइतबार, १३ पुस २०७६ (वर्ष २०, अंक २१)
Nepal National Weekly, 29 Dec 2019 (Vol. 20, No. 21)

नेपाल नछिरोस् यो बाछिटा | १८

१२
हाम्रो नेपालमा
आगो ताप्दै परीक्षा

२८
आवरण
तिब्बती शरणार्थीका तीन दशक

३४
संसद्
सरकारको छायामा संसदीय समिति

३८
अर्थ
बैंक मर्जर
संख्या घट्यो, ब्याजदर घटेन

अस्थिर सिंहदरबार | १४

सम्पादकीय | ५
प्रतिक्रिया | ६
स्मरण | ७
प्रवेश | ८
परिहास | १०
पुस्तक | ४६
तीन किताब | ४९
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

४०
पर्यटन
सुदूर होइन, सुगम पश्चिम

४२
फुटबल
विदेशीले धानेको नेपाली लिग

५०
रङ
रंगकर्मको भोक

सम्पादकीय

देवेन्द्रराज पाण्डेले उठाएका प्रश्नहरू

मार्टिन चौतारी स्थापना-व्याख्यान दिने क्रममा नागरिक अगुवा देवेन्द्रराज पाण्डेले ४ पुसमा केही आधारभूत सवाल उठाए । राजधानी काठमाडौँमा 'नेपालमा लोकतन्त्रको प्राण-प्रतिष्ठा' शीर्षकमा एक घन्टा बोल्दै उनले आजको दिनमा लोकतन्त्रका मूलभूत मान्यताउपर कसैले पैरवी गरे उसलाई 'आदर्शवादी' भनी गिज्याउने गरिएको टिप्पणी गरे । भारत र विश्वभरि अन्तर्राष्ट्रिय भावना कमजोर हुँदै गएका बेला नेपाल पनि त्यसको हावाबाट पूरै अछुतो छैन । दलीय चुनावलाई देखाएकै भरमा लोकतन्त्र रहेको जिकिर गर्नेहरूमाथि सन्देह गर्दै पाण्डेले भने, 'हेर्दाखेरि यहाँ पनि अन्यत्रझैं लोकतन्त्रको शरीर त हट्टाकट्टा नै देखिन्छ तर आत्मा भने छैन ।'

पाण्डेका प्रश्नहरूका लागि आज दक्षिण एसियाको राजनीतिक जमिन उति अनुकूल भने छैन । भारतलाई हेरौँ, त्यो आज संसदीय बहुमतको आडमा राज्य-आतंक सामना गरिरहेको छ । खास धर्म मान्नेलाई नागरिक, अरूलाई अनागरिक ठान्ने घातक मानसिकताको सिकार विश्वको ठूलो लोकतन्त्र होला भन्ने कल्पना आधुनिक भारतका निर्माताहरूलाई सायद थिएन । *नेपाल*को यो अंकमा हामीले तयार गरेको विशेष प्याकेजले पाण्डेकै प्रश्नहरूलाई आधार दिन्छन्, 'के चुनाव गरेको भरमा लोकतन्त्र छ भनेर मान्न सकिन्छ ? उसो भए त्यस्तो चुनाव त पञ्चायतकालमा पनि हुन्थ्यो ।'

अनुदार लोकतन्त्र सामना गरिरहेको भारतमा अघिल्लो साता इतिहासकार रामचन्द्र गुहा प्रेसलाई अन्तर्वार्ता दिइरहेकै ठाउँबाट गिरफ्तार भए । नागरिकता संशोधन ऐनबाट भारतीयबीच विभाजनको रेखा कोरिएको ठान्दै सडकमा ओर्लिएका थुप्रै लेखक, बौद्धिक, कलाकार र अगुवा नागरिक प्रशासनिक धरपकडको सिकार भएका छन् । जामिया मिलिया इस्लामियाभित्रै छिरेर प्रहरीले अराजकता मच्चाएको छ । नरेन्द्र मोदीको दोस्रो प्रधानमन्त्रीकालमा गृहमन्त्री अमित शाहको उग्रवादी सोच कार्यान्वयनका क्रममा अहिले सिंगै भारतभर अशान्ति फैलिएको छ ।

विशाल भारत कहिले पनि सम्पूर्ण रूपमा शान्त थिएन, छैन । तर यसले आफूभित्रका असन्तुष्टिहरूलाई बृहत् संवैधानिक भावनाको संरक्षणमार्फत साम्य गर्ने प्रयास गर्दै आयो । आज भारतको त्यो छवि विघटित हुने संकेतहरू प्रस्टै देखिन थालेका छन् । दिल्ली संस्थापनमा आएका नयाँ प्रतिनिधिहरूमा देखिएको प्रतिबौद्धिक विम्ब आज सिंगै भारतका लागि महँगो पर्दै छ । नेपालतिर त्यस्तो संकटको बाछिटा नपरोस् भन्नेमा हामी सतर्क रहनु परेको छ ।

हामी त दक्षिणको हेपाइमा किचिँदै आएका नेपाली । यो राष्ट्रिय पीडालाई सम्बोधन गर्ने दायित्व लिनुको साटो नेपालका दलहरू प्रतिपक्षमा छँदा आफूलाई पायक पर्ने गरी चर्का नारा दिन्छन् तर सत्तामा पुगेका बेला समस्या समाधानमा अग्रसरता देखाउँदैनन् । त्यसको दोब्बर मार खेप्ने त नागरिक नै हुन् ।

जीवन्त लोकतन्त्रमा नागरिक सदैव प्रश्नहरूका लागि तयार हुन्छन् । तिनको आलोचक चेतले मात्रै व्यवस्था फल्ने-फुल्ने हो । पाण्डेले नेपालको वर्तमान समाजलाई औँल्याउँदै यो नागरिक समाज नभएको, नागरिक गण मात्रै भएको निष्कर्ष दिएका छन् । नागरिक समाज संगठित नहुने भए पनि त्यसको प्रखर चेतनाले सत्तासीनलाई सधैँ झक्झक्याउनुपर्नेमा त्यसो नभएको र सत्तापक्षले इतिहासकै अनुकूल अवस्थाको फाइदा उठाइरहेको उनको विश्लेषणमा खास अर्थहरू छन् । ठूला भ्रष्टाचार काण्डहरू, शक्तिको दुरुपयोग अनि स्वार्थ समूहको जालोबारे प्रेसले रिपोर्टिङ गरिरहेको छ । यी आलोचनाप्रति उत्तरदायी हुने ठाउँ पनि छन् ।

सत्तापक्षले पाण्डेका यी प्रश्नहरूलाई ध्यान दिएर सुन्ला कि 'आदर्शवादी' बिल्ला भिराएर पन्छाउला ?

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ६ पुस २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np | लेख : nepalmag@kmg.com.np | @NepalMagazine | @NepalMagazine | @nepalmagazine

नेताकै संरक्षण

२ खर्ब रूपैयाँभन्दा बढीका विकास आयोजना अलपत्र पार्ने ठेकेदारलाई कारबाही नहुनुको कारण नेताहरूकै आडभरोसा हो *(ठग ठेकेदारलाई दलीय ओत, ६ पुस)* । विकास आयोजनाको ठेक्का लिने तर समयमा काम नगर्ने ठेकेदारमाथि कारबाही नगरिनु पनि तिनले नेताहरूलाई चढाउने 'भेटी' नै हो । नीति निर्माण तहमा रहेका सांसद नै ठेकेदार बनेपछि आयोजना समयमै सम्पन्न हुने कल्पना पनि गर्न सकिँदैन ।

■ **उमेश दुलाल**
वनस्थली, काठमाडौं



पूर्वपार्टीकी मध्यस्थकर्ता

तत्कालीन नेकपा एमालेको कोटाबाट पहिलोपल्ट राष्ट्रपति बनेकी विद्यादेवी भण्डारीको दोस्रो कार्यकालमा दलीय प्रभाव देखिनु नौलो विषय होइन *(आलंकारिक राष्ट्रपतिको अनपेक्षित शक्ति अभ्यास, १५ मंसिर)* । सत्तारूढ पार्टीभित्र असन्तुष्टि बढ्दा पनि राष्ट्रपतिलाई मध्यस्थ मानेर सक्रिय राजनीतिमा ल्याउने काम पार्टीहरूले नै गरेका हुन् ।

■ **सविता सिग्देल**
भोर्लेटार, लमजुङ

ने

अटेरी मेडिकल कलेज सञ्चालकसामु निरीह सरकार
Humanity,Neutrality@subhash521260
कस्तो विडम्बना ! सम्बन्धित पक्षलाई नराखेर गरेको सहमति त्यो उपस्थित नभएको पक्षले मान्नुपर्ने ? धन्न नेपालको पद्धति र कानुन ।

ने

sudan adhikari @ApuroSudan
नेपालका निजी मेडिकल कलेजले विद्यार्थीलाई दिएका दुःखबारे जति लेखे पनि कम हुन्छ । पाँच महिना लामो आन्दोलनलाई सरकार-सञ्चालक मिलेर तुहाए ।

ने

असफल कृषि अनुदान
Keshava Koirala @naran50
यो अनुदान कहिले पो सफल थियो र ? सबै आसेपासेबाहेक सक्कली किसानले कहिले पाए अनुदान ? यो दुरुपयोग रोक्न योजनै खारेज गरिनुपर्छ ।

ने

ब्रह्माण्डका कानुन बुझाउने तीन किताब
Saurabh Lamsal @SaurabhLamsal
म्यागजिनले विज्ञान र गणितलाई अझ बढी स्थान दिनेछ भन्ने मेरो विश्वास छ । र, सीमित स्रोत-साधनका बाबजुद वर्षौंदेखि चुपचाप काम गरिरहेका विषयविज्ञहरूबारे अझ बढी सामग्री पढ्न पाइने अपेक्षा छ ।

ने

काठमाडौं-तराई मधेस फास्ट ट्र्याक
Brahim Aldrik Bista
म यो सडकको विरोध गर्छु । पहाडी जिल्लामा जाने कुनै पनि सडक गतिला छैनन् । तर यहाँ फास्ट ट्र्याक के गर्न चाहिएको हो ? चीनसँग पारवहन गर्न कहीं पनि सडक सञ्जाल गतिलो छैन ।

ने

संघीयताको प्रभाव नाप्ने जनगणना
Krishna Bhujel
यस प्रकारको बसाइँसराइ रोक्न र जनसांख्यिक सन्तुलन कायम गर्न पछिल्लो दस वर्षमा सरकारका तर्फबाट थुप्रै प्रयास भएका छन् । निर्माणाधीन मध्यपहाडी लोकमार्गले बसाइँसराइ रोकेर रोजगारीका अवसर पहाडमै सिर्जना गर्नेछ ।

ने

सोझै
Bidhya Sapkota
यो उठाउनुपर्ने विषयजस्तो लाग्दैन । कुनै पनि रियालिटी शोले पुरानालाई विस्थापन मात्र गर्दैन, त्यसलाई हेर्ने, बुझ्ने नयाँ तरिका दिन सक्छ । अरू केही नभए पनि राष्ट्रिय राजनीति र सामाजिक आवश्यकताबारे बहस होला । धेरै मान्छेले भाग लिँदा धेरै विचार सुन्न पाइएला ।

साताका ७

nepalmag.com.np

१ **मधेसको नेतृत्वले नैतिकता गुमायो : स्तम्भकार चन्द्रकिशोर (भिडियो)**
नेपालका सत्ताधारीको रणनीति के रहेको छ भने प्रतिपक्षी वा विरोधीलाई अन्तरध्वंसको सिकार बनाउने वा उनीहरूलाई लोभ्याउने वा दबाब बनाउने वा आफूतिर तान्ने । संस्थापन राजनीतिलाई धक्का प्रदेश २ बाट पुग्छ । त्यही बुझेर राजपाका ६ नेतामध्ये एकीकरण भयो र भएन भने कसरी जाने, एकीकरणबाट जो सन्तुष्ट छैनन्, उनीहरूलाई कसरी सरकारमा ल्याउने, सबै रणनीतिमा संस्थापनले काम गरिरहेको छ । संस्थापनको हकमा गजब उपलब्धि भयो तर मधेस चिन्तित छ ।

२ **विवादित नागरिकता कानुनले विभाजित भारत**
संविधानबाट जम्मु कश्मीरको विशेषाधिकार खोसेको मोदी सरकारले संसद्मा दोस्रो सफलता पाएको छ, नागरिकता संशोधन विधेयक दुई दिनमै दुवै सदनबाट पारित गरेर । तर कानुन बनिसक्दा पनि यसलाई लिएर बहस झन् चर्किएको छ । कतिपय स्थानमा नागरिकता संशोधन ऐनको विरोधमा उत्रिएका प्रदर्शनकारीमाथि सरकार निर्मम ढंगले प्रस्तुत भएको छ ।

३ **७० वर्षसम्म नेपालले नबुझेको चीन : राम गुरुङ**
चीनले व्यापार-रणनीति बदलेको छ । त्यहाँबाट देशअनुसारका वस्तु बन्छन्, फरक मूल्य र गुणस्तरका सामान निर्यात गरिन्छ । यही रणनीतिमार्फत चीन विश्वभर पुगेको छ । अहिलेको चीन १९५० अघिको जस्तै गरिब छैन । समृद्ध र विकसित हुनुको परिचय बनाएको छ । तर नेपाल पहिलेजस्तै उसलाई बुझ्न भने चुकेको छ ।

४ **जो नेतृत्वमा सानदार रूपले असफल छन् : सञ्जीव पोखरेल**
'द लिडर' नाम दिइएको रियालिटी शोले राजनीतिक नेतृत्वबारे आम मानिस र विशेषगरी टेलिभिजनका दर्शकलाई कसरी प्रशिक्षित गर्लाे ? नेता बन्ने, छानिने, नेतृत्वमा सफल हुने टेलिभिजन शोमा भाग लिएर, आफ्नो वक्तृत्वकला प्रदर्शन गरेर ? बाबुराम वा अन्य कुनै प्रशस्त समय र उल्लेख्य काम नभएका तर व्यावसायिक रूपमा आफूलाई नेता मान्ने मानिसको सल्लाह, सुझाव मानेर ?

५ **कसरी जोगाउने अल्पसंख्यकका भाषा ? : नरेश काङमाङ राई**
प्रविधिले संसारलाई एउटा सानो गाउँजस्तो बनाइरहेको अवस्थामा विश्वव्यापीकरणको प्रभावस्वरूप विश्वमा भाषा लुप्त हुन सघाएको छ । विशेषगरी धेरैजसो आदिवासीको भाषा मरिरहेको अनुसन्धानले पुष्टि गरेका छन् । जस्तो, नेपालमा कुसुन्डा भाषा बोल्ने एक मात्र व्यक्ति केही वर्षअगाडि बितिसके । उनको मरणसँगै उक्त भाषाका वक्ताको समेत अन्त्य भयो ।

६ **परावर्तन (कथा) : साकारबाबु सुवेदी**
मान्छेका आवश्यकताले कहिल्यै उनीहरूको खुसी मापन गर्न सक्दैन, चाहे त्यो जति नै चाँडो वा जति नै राम्रोसँग पूरा होस् । मभित्रको मुख्य पात्र म नै रहेनछु । म मेरा सम्बन्धमा रहेका कथित आत्मीय सम्बन्धलाई मुख्य पात्र बनाई कथा मन्थन गर्दै रहेछु । त्यो नै मेरो जीवनको सबैभन्दा ठूलो भूल थियो ।

७ **सन्दकपुरको झुल्के घाम**
इलामको सन्दकपुरले नयाँ पहिचान बनाएको छ । सूर्योदय हेर्न आउने पर्यटकका कारण यहाँका होटल भरिभराउ हुन्छन् । सन्दकपुर आसपास अरू पनि कैयौं पर्यटकीय गन्तव्य भएकाले पर्यटक यहाँ रात बिताउने गरी आइपुग्छन् । ६१ किलोमिटर दूरीमा रहेको भारतको दार्जिलिङ बजारमा राती बल्ने बत्तीको सौन्दर्य हेर्नलायक हुन्छ ।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

श्री म्यान शोमा देवानन्द

ललितकलामा आर्ट मास्टर भएकै बेला ४ भदौ ०२५ मा पहिलोपल्ट एकल चित्रकला प्रदर्शनी गरें । काठमाडौं नक्सालको नाफा ग्यालरी सीता भवनमा ६ दिनसम्म चलेको उक्त प्रदर्शनी उद्घाटन तत्कालीन बडामहारानी रत्नराज्यलक्ष्मी शाहबाट भएको थियो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानअन्तर्गत नेपाल ललितकला संस्था (नाफा) को भव्य भवन थियो, त्यसबेला । मैले रेखाचित्रलाई नै मूल विषयवस्तु बनाएको थिएँ ।



शशि शाह

राजदरबारले कला क्षेत्रलाई विशेष महत्त्व दिन्थ्यो । त्यतिबेला युवराज वीरेन्द्र नै नाफाका अध्यक्ष थिए । हामी सदस्य थियौं । राजा वीरेन्द्रले आयोजना गर्ने प्रत्येक बैठकमा सहभागी हुन्थें । कला प्रदर्शनी अवलोकन गर्न राजदरबारका सदस्यसमेत बेलाबेला आउँथे । स्वदेशीभन्दा बढी विदेशी तथा राजदूतसमेत चित्रकला प्रदर्शनीमा चासो राख्थे । त्यो बेला नाफाको वार्षिक बजेट ४० हजार रूपैयाँजति हुन्थ्यो । तर सीमित बजेट भए पनि नेपालमै सबैभन्दा राम्रो पौवा बनाउने सिद्धिमुनि, तेजबहादुर, जोगमान शाक्यजस्ता दिग्गज कलाकारलाई फेलोसिप दिएर राखिएको थियो ।

कला प्रदर्शनी गर्न राजदरबारले नै समिति बनाइदिन्थ्यो । सदस्य पनि उसैले चुन्थ्यो । नेपालीको सहभागिता बढाउन त्यतिबेला राजदरबारले महिला संगठनलाई परिचालित गर्थ्यो । कविशिरोमणि लेखनाथ पौड्यालकी छोरी पुण्यप्रभा ढुंगाना महिला संगठनकी अध्यक्ष थिइन् । उनैले राजदरबारबाट बडामहारानी, युवराज, युवराज्ञी, नजिकका सबैलाई निम्तो बाँडेपछि कला अवलोकन तथा उद्घाटनमा मुख्य अतिथि भएर आउँथे । शंकर लामिछाने, ईश्वरवल्लभ, मदनमणि दीक्षितलगायतले प्रदर्शनी अवलोकन गरेका थिए ।

पहिलो कला प्रदर्शनीको २ वर्षपछि नाफा ग्यालरीमै श्री म्यान शो नाम दिएर तीन जनाको संयुक्त कला प्रदर्शनी गरियो, ०२७ मा । तीन जनामध्ये म, युवराज वीरेन्द्रका कला मास्टर विजय थापा र मनुजबाबु मिश्रका सिर्जना प्रदर्शनीमा राखेका थियौं । प्रदर्शनीमा आ-आफ्नो मन परेका सिर्जना समावेश हुन्थे । यो वा त्यो भन्ने हुँदैनथ्यो । संयुक्त प्रदर्शनीमा मैलेचाहिं रेखाचित्रलाई समावेश गरेको थिएँ । तीनै जनाको सिर्जना थिममा थिएन ।

युवराजका कला मास्टर थापा नाफामा कोषाध्यक्ष थिए । दरबारसंग यिनको हिमचिम बढ्तै थियो । बलिउड नायक देवानन्द राजदरबारसँग पनि नजिक थिए । यिनलाई काठमाडौं आएको समय खाना खुवाउनेसमेत गर्थ्यो, दरबारले ।

त्यतिबेला हिन्दी चलचित्र *हरे रामा हरे कृष्णा*को सुटिङका लागि नायक देवानन्दसहितको टोली काठमाडौं आएको थियो । काठमाडौंका विभिन्न स्थानमा फिल्मको सुटिङ चल्दै थियो । फिल्ममा नायक, लेखन, निर्माता र निर्देशन देवानन्दकै थियो । सुटिङ टोली काठमाडौंको सोल्टी होटलमा बसेको थियो ।

हामी तीनै जनाले देवानन्दबाट श्री म्यान शो उद्घाटन गराउने सोच बनायौं । त्यसको चाँजोपाँजो मिलाउने जिम्मा थापालाई नै दियौं । थापाले पोट्रेट बनाउँथे । उनैले सोल्टी होटल पुगेर देवानन्दलाई मौखिक निम्तो दिए । र, नाफामै पुगेर संयुक्त कला प्रदर्शनी उद्घाटन गरे ।

संयुक्त कला प्रदर्शनी नायक देवानन्दसहित नायिका जिनत अमान, मुमताज, प्रेम चोपडा, राजेन्द्रनाथलगायतले अवलोकन गरेका थिए । प्रदर्शनी उद्घाटन र अवलोकन गरे पनि देवानन्दसहित आएको टोलीले हाम्रा कुनै सिर्जना खरिद गरेन । यो के सिर्जना हो भनेर सोधेथे, देवानन्दले । तीनै जनाको सिर्जनाबारे जानकारी मात्र लिएर फर्किए ।

प्रदर्शनी १० दिनसम्म चलायौं । तर देवानन्दलाई मुख्य अतिथि बनाएको भन्दै ठूलै विरोध भयो । वरिष्ठ कलाकार भएर पनि देवानन्दलाई उद्घाटन गराएको भन्दै रमेश विकलले हाम्रो उछित्तो काडे । पहिलो श्री म्यान शो उद्घाटन गरेपछि नेपालमा सुटिङ सिध्याएर देवानन्द बम्बई फर्किए । वीरेन्द्रको राज्याभिषेकमा देवानन्दलाई भीआईपीका रूपमा दरबारले निम्तो गरेको थियो । देवानन्द बेलाबेला काठमाडौं आउजाउ गरे पनि मसँग भेट भएन । हाम्रो त लाइनै अर्कै ।

▪ प्रस्तुति : गोकुल अर्याल

पोडकास्ट सुन्न soundcloud.com/nepalmagazine

प्रवेश

सोझै

साताका चर्चित

डा विशाल ज्ञवाली
सहायक प्राध्यापक क्वीन्स युनिभर्सिटी, क्यानडा

अमेरिकन सोसाइटी अफ अन्कलजीद्वारा ५० हजार डलरको 'ग्लोबल अन्कलजी योङ इन्भेस्टिगेटर' अवार्ड ।

दीपक क्षत्री/केशव भट्टराई
कलाकार

क्षत्रीको ५८ वर्ष र भट्टराईको ५३ वर्षको उमेरमा निधन ।

समरबहादुर मल्ल
स्रष्टा

२० हजार १ रूपैयाँ नगदसहितको नातिकाजी राष्ट्रिय विशिष्ट स्रष्टा सम्मान ।

श्याममोहन श्रेष्ठ
व्यवसायी

फ्रान्सको सर्वोच्च विभूषण 'ली सिभालियर डे ला लिजन द अनर' पाउने घोषणा ।

योगेन्द्र चौधरी
मेयर, शम्भुनाथ नगरपालिका, सप्तरी

बलात्कार आरोपित वडाध्यक्षलाई छुटाउन कार्यालय ठप्प पारेर आन्दोलित भएपछि आलोचित ।

मुलुकबाहिर

पोको पारेर विश्व रेकर्ड

विश्व रेकर्ड राख्न हिजोआज अनेक क्रियाकलाप हुन्छन् । कहिले धेरै मान्छे जम्मा गरेर त कहिले फरक प्रतिभा देखाएर । एकअर्काको रेकर्ड तोड्न पनि ठूलै होडबाजी चल्छ । यस्तै, अमेरिकाको ओहियो सहरले सामान पोको पारेर फरक विश्व रेकर्ड राखेको छ ।

युपीडटकमका अनुसार २५ मंसिरमा १ हजार ४ सय ८२ जनाको उपस्थितिमा एकसाथ उपहार पोको पारेर उक्त रेकर्ड राखिएको गिनिज वर्ल्ड रेकर्ड समितिले जनाएको छ । आयोजकले पोर्ट्समाउथ भएको उक्त उत्सवमा ९ सय सहभागीको अपेक्षा गरेको थियो । उक्त रेकर्ड राख्न आवश्यक सामग्री होलमार्क च्यानलले उपलब्ध गराएको थियो । त्यससँगै ८ सय ७६ जनाको साविक रेकर्ड पनि तोडिएको छ ।

यो ओहियो सहरको वार्षिक विन्टरफेस्टद्वारा सेट गरिएको तेस्रो रेकर्ड हो । उक्त उत्सवले यसअघि क्रिसमस क्यारोलिमा र सबैभन्दा धेरै मानिसले बिरूवा रोप्ने रेकर्ड बनाएको छ । ने

तथ्यचित्र

उपनिर्वाचनमा ३९.६४ करोड खर्च



स्रोत : अर्थ मन्त्रालय
इन्फोग्राफिक्स : यमन मानन्धर

त्यस बखतको **नेपाल**

निकुञ्जका होटल संरक्षणका बाधक

शाही चितवन राष्ट्रिय निकुञ्जभित्र पर्यटक भित्र्याउने सोच बनेपछि पर्यटकीय सुविधाका लागि निकुञ्जभित्र धमाधम होटलहरू खुल्न थाले । निकुञ्ज र भित्रका होटलहरूबीच २० वर्षीय सम्झौता भयो । होटलहरूलाई हात्ती, मोटर, डुंगा, टेन्टेड क्याम्प, गाइड, जेनेरेटर, पेट्रोम्याक्स, आगो बाल्ने, घर बनाउने, मान्छे राख्ने, पर्यटक घुमाउने, कर्मचारी बस्न पाइने आदि सुविधा प्रदान गरियो र यस बापत होटलहरूले सरकारलाई राजस्व बुझाउने भए । तर राजस्व बुझाउनेबाहेक यसबाट अरू फाइदा देखिँदैन ।

राष्ट्रिय निकुञ्ज र होटलहरूबीच दुई पक्षीय सम्झौता भएपछि जंगलभित्र मोटर गुड्नु, हात्ती हिंड्नु, आगो बाल्नु र मानिसहरू आवतजावत गर्नुलाई स्वाभाविक रूपमा लिन थालियो । तर यी होटलहरूबाट जंगललाई पर्ने दीर्घकालीन असरका बारेमा अध्ययन गरिएन । निकुञ्जभित्रै भए पनि त्यतिबेला उपयुक्त मानिएका यी होटलहरू र यिनलाई दिइएका सुविधाले अहिले आएर संरक्षणमा प्रतिकूल प्रभाव पारिरहेको छ र नेपालको संरक्षण प्रयास असफल हुँदै जाने आशंका गरिँदै छ ।

***नेपाल*, १–१५ पुस २०५७**

रियालिटी शोवाला नेता

सुरेश किरण

देशमा नेताहरूको कुनै कमी छैन । तर त्यसो हुँदाहुँदै पनि अब फेरि नेता नै उत्पादन गर्ने एउटा रियालिटी शो यतिबेला चर्चामा छ । देशका लागि नेता उत्पादन गर्ने कारखाना... क्षमा गर्नुहोला, कार्यक्रम चलाउन उक्त शो आयोजना हुन लागेको रहेछ ।

शोबारे चर्चा चल्नेबित्तिकै मुंग्रेले मलाई सम्पर्क गरे । 'दाइ, म पनि यो नेता बनाउने शोमा जाऊँ कि जस्तो लागिरहेको छ । कसो होला ?'

त्यसो त मुंग्रे आफैं नेता गुण भएका केटा हुन् । देशमा चुनाव आउनेबित्तिकै मुंग्रे सक्रिय भइहाल्छन् । तर उनी चुनावमा कसको पक्षमा लाग्छन् भन्ने कुराको कुनै ठेगान हुँदैन । जसले पहिले क्यास बुझाउँछ, उसैका पक्षमा मुंग्रे लाग्छन् । मुंग्रे लागेपछि त्यो उम्मेदवारले जित्छ पनि । अब कति अर्काको पछि लागौं, अब त आफैं नेता बनौं भनेर मुंग्रेले सोचेको हुनुपर्छ ।

मैले सोधें, 'जानु त राम्रै हो तर तिमीलाई अहिल्यै नेता हुनचाहिँ किन हतार नि ? देश बनाउने समय त तिमीसँग अझै बाँकी छ ।'

मुंग्रेले भने, 'कहाँ देश बनाउन कुरा गर्नुभा' दाइले । म देश बनाउन नेता बन्न जान लाग्या होइन ।'

'अनि किन नेता बन्न जान लाग्या नि ?'

'कुरो प्रस्टै छ नि दाइ,' मुंग्रेले घाँटी कन्याए, 'जित्नेलाई त घर र कार पुरस्कार दिने भन्या छ नि । त्यही पाउन नेता बनूँ कि जस्तो लाग्या हो । हुन्न र दाइ ?'

अब के भन्ने ? मुंग्रेको प्रश्नको जवाफ त उही रियालिटी शोवालाले देलान्, मैले के दिनू ।

फकाउने बानी

कांग्रेस सभापति शेरबहादुर देउवा गत सोमबार रामचन्द्र पौडेलको घर गएछन् । कारण रहेछ, फकाउनु । रिसाएका पौडेलले पार्टीको बैठकै वहिष्कार गरेका कारण फकाउन देउवा उनको घरै गएका रहेछन् । यसपछि सायद उनी शशांक कोइरालाको घर पनि जान्छन् होला । त्यसपछि सुजाताको घर जाने होलान् । सबैलाई फकाउनु जो छ । सबैलाई फकाउँदै जाने देउवाको यो नयाँ दैनिकी देखेर मलाई मित्र भजनलालको दैनिकी सम्झना भयो ।

भजनलालको जिन्दगीमा पनि एक पटक यसरी नै सधैं फकाइरहनु पर्ने समस्या आइपरेको थियो । उनले अरूलाई होइन, आफ्नै श्रीमतीलाई फकाउनुपर्ने थियो किनभने घरिघरि रिसाइरहने, ढुस्किरहने गर्थिन् । त्यसैले श्रीमतीलाई सधैं फकाइरहनु पर्ने । श्रीमतीलाई फकाउनु भजनलालको एकखाले दैनिकीजस्तै बनिसकेको थियो ।

तर सक्छु भन्दैमा श्रीमतीलाई सधैं फकाइरहनु पनि राम्रोचाहिँ होइन रहेछ किनभने त्यसरी सधैं

ओली राज

पहिलो पल्ट फुल साइज मन्त्री पड्काएका कमरेड घनश्याम भुसाल स्थायी समितिमा कड्किएछन् । दुई तिहाईको मादले रन्केका ठूला साइजका कमरेडहरूलाई लक्षित गर्दै यिनले भनेछन्, 'निर्वाचन जित्नु र बहुमतको सरकार चलाउनु मात्रै उपलब्धि होइन ।' यत्तिमै उनी रोकिएनछन्, नेतृत्वमा रहेका कमरेडहरूलाई चेतावनी शैलीमा भनेछन्, 'सत्ताको नशामा धेरै उत्तेजनहीन र आग्रहहीन भएर धर्ती टेकौं ।' कमरेड घनश्याम, पार्टीले दुई तिहाई पाएको चानचुन २२ महिना बित्यो क्यारे । नानीदेखि लागेको बानी, कसरी होला जानी ! भारतमा मोदी माद, यता हाम्रोतिर ओली राज । छिमेकीले सिक्ने छिमेकबाटै त हो ।

■ **वाटरगेट रिटर्न्स**

सदरखोरमा बदर माननीय

संसद्को अघिल्लो अधिवेशनका सम्माननीय सभामुख थिए, कृष्णबहादुर महरा । दसैंको रमाइलो माहोलको हर्कतले एक महिलाले अभियुक्त बनाएर सदरखोर पुर्‍याइन् । न सम्माननीय रह्यो, न त पार्टी । पार्टीले सभामुख र सांसद दुवै पदबाट राजीनामा मागेको थियो । सभामुख भएसँगै पार्टीबाट उहिल्यै राजीनामा दिएथे । त्यसैले उनी अहिले स्वतन्त्र सांसद भए । धन्न, उबेला बुद्धि पुर्‍याएर रेशम चौधरीलाई सपथ खुवाएछन् । कम्तीमा सदरखोरमा दुःखसुख साट्दा 'माननीयज्यू' त साथै भए ।

■ **महर्षि**

फकाउँदा-फकाउँदा पछि त भजनलाललाई फकाइरहने बानी पो लाग्न गएछ । सधैँ फकाइरहेको बानी, एक दिन फकाउन पाएनन् कि उनलाई खाना खाएकै पनि कस्तो-कस्तो लाग्ने हुन थाल्यो । यसले त भजनलाई बडो समस्यामा पो पारिदियो । अझ सबैभन्दा बढी समस्या त त्यतिबेला पर्थ्यो, जब उनकी श्रीमती खुसी भइरहेकी हुन्थिन् । श्रीमती खुसी भएपछि तिनलाई फकाउने परेन । श्रीमतीलाई फकाउन नपरेपछि कसलाई फकाउने त ? उनलाई बडो सकस हुन्थ्यो । त्यस्तो 'संकटकालीन' अवस्थामा उनी टोलछिमेकमै यसो दायाँबायाँ आँखा लगाउने गर्थे ताकि टोलमा अरू नै कसैका श्रीमती पो रिसाइरहेका छन् कि ? छन् भने उनैलाई भए पनि फकाउन जानुपर्‍यो ! जसरी होस्, फकाउने सकसक त मेट्नुपर्‍यो नि । अब त्यसरी अर्काकी श्रीमती फकाउन हिँडेपछि त्यहाँ के-कस्तो हालत भयो होला, त्यो तपाईं आफैं कल्पना गर्नुस् ।

अहिले सभापति देउवा आफ्ना नेताहरूलाई फकाउन जुन दौडधुप गरिरहेका छन्, त्यो देखेर मलाई त डर लागिरहेको छ, कतै भोलि गएर उनलाई पनि भजनलालकै जस्तो बानी लाग्ने त होइन ?

दुइटा नेकपा, दुइटा अध्यक्ष

अहिले दुई तिहाइवाला सरकार चलाइरहेको देशकै सबैभन्दा ठूलो पार्टीको नाम हो, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) । अर्थात्, यसलाई छोटकरीमा 'नेकपा (नेकपा)' भन्ने चलन पनि छ । एउटै नाममा दुइटा नेकपा भएकाले कोही-कोही यसलाई 'डबल नेकपा' पनि भन्ने गर्छन् । एउटा कोष्ठकभित्रको नेकपा, अर्को कोष्ठकबाहिरको नेकपा । कुल मिलाएर दुइटा नेकपा । पार्टी एउटै हो तर नेकपाचाहिँ दुइटा । अर्थात्, एउटै पार्टीभित्र दुइटा नेकपा । एउटा नेकपाको नेतृत्व कमरेड खड्गप्रसाद ओली गर्छन् । अर्को नेकपाको नेतृत्व कमरेड पुष्पकमल दाहाल । नेकपा (नेकपा) गठन हुँदा त्यहाँ दुइटा अध्यक्ष किन राखियो भन्ने कुरो अब त सबैलाई थाहा भयो होला । पार्टीभित्र नेकपै दुइटा भएपछि अध्यक्ष पनि त दुइटै चाहियो नि, होइन ?

नेपालमा नेकपाहरू धेरै छन् । सबै नेकपाका आ-आफ्नै हैसियत र अस्तित्व छन् । नेकपा (नेकपा) मात्रै त्यस्तो नेकपा हो, जसमा एउटै नेकपाभित्र दुइटा नेकपा छन् । दुइटा नेकपाका लागि त्यहाँ दुइटा अध्यक्ष छन् । दुइटा कार्यालय छन् । दुइटा विचार छन् । दुइटा सिद्धान्त छन् । अनौठो यही छ कि सबै दुइटा भएर पनि गत साता राजनीतिक प्रतिवेदनचाहिँ एउटा मात्र पेस भयो । दुइटा अध्यक्षको एउटै प्रतिवेदन । तर प्रतिवेदन एउटै भए पनि त्यहाँ प्रस्टै संकेत गरिएको छ, नेकपाभित्र दुइटा नेकपा छन् । त्यो पनि प्रस्टै रूपमा एउटा कोष्ठकभित्र, अर्को कोष्ठकबाहिर । अब यो कोष्ठक नहटेसम्म त कसरी नेकपाभित्र नेकपा मात्र रहन्छ होला र ?

पुसे देउसीभैलो

राजपा आफैं मिसडी पार्टी हो । ६ थरीका समूह मिलेर बनेको छ्यासमिसे यो पार्टीले संविधान संशोधन नामको खिचडी पकाउन भने अझै सकेको छैन । अरू बेला नभए पनि माघमा त खिचडी पकाउनैपर्छ । सोही रीति बुझेर होला, २ पुसमा राजपा अध्यक्ष मण्डलका पाँच नेता प्रधानमन्त्रीको डेरा बालुवाटारमा देउसीभैलो खेल्न पुगेछन् । प्रधानमन्त्री केपी ओलीलाई संविधान संशोधनको मुद्दा सम्बोधन नभए कडा कदम चाल्ने धम्की दिएर फर्केछन् । ओलीले पनि आश्वासनको उधारो खिचडी त पक्कै खुवाए होलान् । माघको पात्रो त उनलाई पनि थाहै छ ।

■ **लाल कुमाल**

चोर ब्वायफ्रेन्ड

आफ्नो घरमा चोरी भएको उजुरी गर्न आएका एक सेवाग्राहीलाई प्रहरीले नराम्रोसँग झपारेछ, 'त्यसै त तनाव भइराबेला अर्को थप्न आयो फेरि...।' उनको तनावको रहस्य खुल्यो ।

के रहेछ भने, महिला प्रहरीको लोडेड पेस्तोल लिएर उनका ब्वायफ्रेन्ड भागेका रहेछन् । प्रहरी आफैं पीडित भएका बेला चोरको खोजी गरिदिनूस् भन्दै आएपछि कन्पारो तात्दैन त ? 'जोगीका घरमा संन्यासी पाहुना' वा 'आफैं त महादेव उत्तानो पर, कसले देला वर' होइन त ?

■ **छ्ल्याहा गुरु**

आगो ताप्दै परीक्षा

जनकबहादुर शाही/हुम्ला

मौसमी पात्रोको परीक्षामा यसपालि हुम्लाका विद्यालय प्रशासनहरू आफैँ फेल भए। त्यसको मूल्यचाहिँ हुम्ली नानीबाबुहरूले चुकाउनुपर्‍यो।

पोहोरसम्म हिमपात हुनुअघि मंसिर पहिलो साताभित्रै वार्षिक परीक्षा चलाइन्थ्यो। यसपालि सिमकोट गाउँपालिकाले २७ मंसिरबाट एक सातासम्मका लागि वार्षिक परीक्षा तय गर्‍यो। २६ मंसिर साँझदेखि लगातार हिमपात भयो। सदरमुकाम सिमकोट वरिपरिका रुख र जमिन सेताम्मे बने। समुद्री सतहदेखि १ हजार मिटर उचाइसम्म हिमपात भएपछि चिसो बढ्ने नै भयो।

बालमन्दिर माविमा ३ फिटसम्म हिउँ परेको छ। विद्यालय नै हिउँमा पुरिएपछि विद्यार्थीलाई समस्या नहोस् भनेर परीक्षा हलकै एक कुनामा आगो ताप्ने व्यवस्था गरिएको छ। प्रधानाध्यापक कैलाश रोकाया भन्छन्, "विद्यार्थीहरू आगो ताप्दै परीक्षा दिइरहेका छन्।"

शिक्षक मधु शाहीका अनुसार सिमकोट आसपास बाक्लो हिउँ जमेपछि विद्यार्थीलाई विद्यालय आउजाउ गर्नै समस्या छ। अपांगता भएका केहीको पहिलो दिनको परीक्षा नै छुट्यो। अरूले पनि काम्दै परीक्षा दिए। कक्षा ८ का तेजिन लामाले हिउँमा हिँड्न नसक्दा परीक्षा छुटेको सुनाए। उत्तरी हुम्लाका धेरैजसो बासिन्दाले यसअघि नै गाउँ छाडिसकेका छन्।

रिजल्ट आउँदासम्म बस्तीमा पक्कै न्यानो फर्किसकेको हुनेछ। परीक्षाका बेला हिउँ पर्‍यो भनेर कसलाई दुःख बेसाउनु! हिउँ छल्दै जाँचमा होमिइरहेका हुम्ली नानीबाबुहरूको हाल यस्तै छ। ने

जुका
रुनु
बुनु
दुना
धुन
चट

अस्थिर सिंहदरबार

राजनीतिक नेतृत्वले फुटबल बनाएको कर्मचारीतन्त्र क्षमताअनुसारको परिणाम दिन असफल

जनक नेपाल

प्रधानमन्त्री केपी ओलीले १५ साउनमा मन्त्रीहरूसँग एक वर्षे कार्यसम्पादन सम्झौता गरे । लगत्तै, मन्त्रीले पनि सचिवसँग त्यस्तै सम्झौता गरे । तिनै सम्झौताका कारण मन्त्री र सचिव कम्तीमा एक वर्ष मन्त्रालयमै रहलान् भन्ठानिएको थियो । तर सम्झौताको १५ दिनमै २ भदौमा १६ सचिवको सरुवा गरियो । ४ मंसिरमा ६ मन्त्री हटाइए, केहीको मन्त्रालय हेरफेर गरियो ।

उच्च सरकारी अधिकारीसँग कार्यसम्पादन सम्झौताले सुशासन र जनउत्तरदायी कर्मचारीतन्त्रको विकास हुन्छ भन्ने मान्यता राखिन्छ । तर सिंहदरबारभित्रको अस्थिरताले सो अवधारणालाई नै खण्डित गरिदिएको छ । पूर्वसचिव श्रीकान्त रेग्मी प्रधानमन्त्रीले मन्त्रीसँग र मन्त्रीले सचिवसँग कार्यसम्पादन सम्झौता गरेपछि परिणाम ननिस्कुन्जेल सरुवा गर्न वा हटाउन नमिल्ने धारणा राख्छन् । भन्छन्, “एक वर्षे सम्झौता गरेपछि ढुक्कसँग काम गर्ने वातावरण दिनुपर्छ । बीचैमा सचिवको सरुवा गर्नुले सम्झौता नाटक मात्र भयो ।”

कार्यसम्पादन सम्झौता सुरुआत गत वर्ष गृह मन्त्रालयबाट गरिएको थियो । गृहसचिव प्रेमकुमार राईले प्रमुख जिल्ला अधिकारीहरूसँग पहिलो सम्झौता गरेका थिए । त्यसको सकारात्मक प्रभाव देखिएपछि सरकारले यो वर्ष सबै मन्त्रालयमा लागू गर्‍यो । प्रधानमन्त्री-मन्त्री, मन्त्री-सचिव सम्झौताबाट एक कदम अघि बढेर गृहसचिव राईले सशस्त्र र नेपाल प्रहरी प्रमुख, महाशाखा तथा विभागीय प्रमुखसँग सम्झौता गरेका छन् भने शाखा प्रमुखले अधिकृतसँग । “प्रजिअसँगको सम्झौताको नतिजा निकै राम्रो आयो । सबै मन्त्रालयमा लागू गर्नुको आधार पनि त्यही हो,” गृहसचिव राई भन्छन्, “यस्तोमा बीचैमा सरुवा भए केही प्रभाव त पक्कै पर्छ । तर सम्झौता व्यक्ति होइन, पदसँग गरिने हुँदा भताभुंगै हुने होइन ।”

सरुवै-सरुवा

भ्रमण वर्ष-२०२० घोषणा गरिँदा पर्यटन मन्त्रालयमा कृष्ण देवकोटा सचिव थिए । हेलिकप्टर कम्पनीहरूले गरेको पर्यटकको नक्कली रेस्क्यु फ्लाइटविरुद्ध कारबाही चाल्दा उनी स्वार्थ समूहको तारो बने । लगत्तै, चिनियाँ भनेर भित्रिएको भारतीय विद्युतीय बसबारे मुख खोलेपछि उनी मन्त्रालयमा टिक्न सकेनन् । तत्कालीन मन्त्री रवीन्द्र अधिकारीसँग समेत कुरा नमिलेपछि उनको सरुवा युवा

तथा खेलकुद मन्त्रालयमा गरियो ।

भ्रमण वर्षको नीति, कार्यक्रम र योजना तय गरिँदा आइपुगे, मोहनकृष्ण सापकोटा । उनी पनि त्यहाँ धेरै टिकेनन् । कार्यान्वयनको सँघार ०७६ साउनमा आइपुगेका छन्, केदारबहादुर अधिकारी । उनी पनि भ्रमण वर्षसम्म रहने/नरहने कुनै टुंगो छैन । सेवानिवृत्त सचिव देवकोटा प्रस्ट कानुनी व्यवस्था नभए पनि आफूले ल्याएको नीति कार्यान्वयन गर्न सक्ने गरी सचिवले कम्तीमा एक वर्ष ढुक्कसँग काम गर्ने वातावरण पाउनुपर्ने बताउँछन् । भन्छन्, "एउटाले योजना र कार्यक्रम ल्याउने, अर्कोले कार्यान्वयन गर्दा कम प्रभावकारी हुन सक्छ ।"

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी सचिव पुष्पा चौधरी र सहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्मालाई २८ असोज ०७५ मा प्रधानमन्त्री कार्यालय सरुवा गरेर जगेडामा राखियो । सो निर्णयविरुद्ध चौधरी ५ मंसिरमा सर्वोच्च अदालत गइन् । पुसमा उनको पक्षमा आदेश आएपछि पुनः बहाली भइन् ।

चौधरीको थमौतीपछि स्वास्थ्य मन्त्रालयमा दुई सचिवको दरबन्दी बन्यो । स्वास्थ्य सचिवमा केदारबहादुर अधिकारी ल्याइयो । चौधरीलाई प्राविधिक क्षेत्रमा सीमित गरियो भने अधिकारीलाई प्रशासनको जिम्मेवारी दिइयो । मन्त्रालयमा दुई सचिवको मनमुटावले काम गर्ने वातावरण बिग्रिएको थियो । त्यसमाथि, उपप्रधान तथा तत्कालीन स्वास्थ्यमन्त्री उपेन्द्र यादवले पनि मन नपराएपछि सचिव अधिकारीलाई उद्योग तथा वाणिज्य मन्त्रालयमा लगियो । त्यहाँबाट पर्यटन पुऱ्याइयो ।

अधिकारीलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सारिँदा त्यहाँ सचिव थिए, चन्द्रकुमार घिमिरे । मन्त्री मातृका यादवले नरुचाएका कारण उनलाई ९ माघ ०७५ मा स्वास्थ्य मन्त्रालय लगियो । घिमिरेले त्यहाँ तीन महिना पनि काम गर्न पाएनन् । २ वैशाखमा उनी तेस्रो मन्त्रालय पुगे, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।



> "एक वर्ष सम्झौता गरेपछि ढुक्कसँग काम गर्ने वातावरण दिनुपर्छ । बीचैमा सचिवको सरुवा गर्नुले सम्झौता नाटक मात्र भयो ।
>
> – **श्रीकान्त रेग्मी**, पूर्वसचिव

नेपाल ट्रस्टका सचिव रमेश सिंहलाई उपप्रधानमन्त्री यादवको सिफारिसमा उनको पार्टीले सम्हालेको सहरी विकास मन्त्रालय लगियो । स्वास्थ्य मन्त्रालयका निमित्त सचिवको जिम्मेवारी मन्त्रालयकै १२ औं तहका चिकित्सक सुशीलनाथ प्याकुरेललाई दिइयो । यी दुवैको सरुवा विभागीय मन्त्रीको इच्छामा भएका थिए । १३ कात्तिकमा स्वास्थ्य सचिव चौधरीले विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) मा जागिर खान राजीनामा दिएकी थिइन् । तर मन्त्रिपरिषद्ले उनको राजीनामा १७ कात्तिकमा अस्वीकृत गरिदियो । स्वास्थ्यमा शिक्षा मन्त्रालयबाट खगराज बराललाई ल्याइएको छ ।

ओली सरकार गठन हुँदा खानेपानी मन्त्रालयमै थिए, गजेन्द्र ठाकुर । उनलाई शिक्षा मन्त्रालय सारियो र खानेपानीमा कृष्णराज बिसी ल्याइए । तीन महिनामै उनीहरूको मन्त्रालय पुनः साटफेर गरियो र मन्त्री बिना मगरको इच्छामा ठाकुर पुनः खानेपानीमै आए । सचिव र मन्त्रीले काठमाडौंमा मेलम्चीको खानेपानी दसैं र वैशाखमा आउने घोषणा गर्दै थिए तर निर्माण कम्पनी भाग्दा आयोजना अलपत्र पऱ्यो । त्यसको दोष मन्त्री मगर र सचिव ठाकुरले सार्वजनिक रूपमै एकअर्कामाथि थोपरे । ठाकुरले आफूलाई समेत गलत सूचना दिएर गुमराहमा राखेको प्रधानमन्त्री ओलीले सार्वजनिक रूपमै ओकलेका थिए, 'पानी कहिले आउँछ, मेरो डायरीमै लेखिदिनुस् भनें । उनले लेखे तर पानी आएन ।'

प्रधानमन्त्रीलाई समेत ढाँट्ने सचिवमाथि कुनै कारबाही भने भएन । ०७५ फागुनमा नेपाल ट्रस्टमा सरुवा गरेर थन्काइयो । सहरी विकास मन्त्रालय जान समाजवादी पार्टीसँग धेरै उठबस गरे पनि उनी असफल रहे । ठाकुरपछि प्रधानमन्त्री कार्यालयबाट गएका दीपेन्द्रनाथ शर्माले २२ साउनमा अवकाश पाएसँगै खानेपानीमा सतर्कता केन्द्रबाट माधव बेल्बासे पुगेका छन् ।

मन्त्रालयमा एक वर्ष पनि काम गर्न नदिएपछि नीतिगत स्थिरता र काममा एकरूपता आउन नसकेको एक सचिव बताउँछन् । "कार्यसम्पादनलाई हेरिएन । मन्त्री वा प्रधानमन्त्रीले नरुचाएका सचिवलाई

मोहरा मुख्यसचिव

सिंहदरबारको अस्थिरताको एउटा स्रोत मुख्यसचिव लोकदर्शन रेग्मी स्वयंलाई लिइन्छ । वाम गठबन्धनको सरकार बनेदेखि नै उनले आफूलाई असुरक्षित महसुस गर्न थाले । त्यसैले कर्मचारीतन्त्रको लगाम समाउनेभन्दा सत्तारुढ शीर्ष नेतृत्वको फेरो लगाउनमै उनको समय बित्यो । "मुख्यसचिव आफैं अस्थिर र भयक्रान्त मनस्थितिमा छन्," रेग्मीलाई नजिकबाट चिन्ने एक सचिव भन्छन्, "उनको कुनै अडान देखिँदैन । मुख्यसचिवलाई मोहरा बनाएर बालुवाटारका सल्लाहकारले सिंहदरबारमाथि शासन गरिरहेका छन् ।"

वाम सरकार आउनासाथ उनलाई हटाउने अड्कलबाजीका पछाडि अघिल्लो सरकारका निर्णयलाई लिइएको छ । खासगरी कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको चुनावी सरकारले जाँदाजाँदै गरेका सयौं राजनीतिक नियुक्ति नरोकेको आरोप छ । ती निर्णय रेग्मीकै सुझावमा एकमुस्ट खारेज गर्ने निर्णय गरे पनि सर्वोच्च अदालतले उल्टाइदियो । त्यसले पनि मुख्यसचिव रेग्मीको कार्यकुशलतामाथि प्रश्न उठाइदियो ।

मुख्यसचिव रेग्मीको कामप्रति अधिकांश मन्त्री असन्तुष्ट छन् । सचिवहरू पनि उत्तिकै निराश छन् । भर्खरै सेवानिवृत्त एक सचिव भन्छन्, "मुख्यसचिवले बाइसाइकल थ्योरी अपनाएका छन् । माथि झुक्ने, तल (मातहत) पाइडलमा लात्तीले हान्ने ।" सुशासन व्यवस्था तथा सञ्चालन ऐनले मन्त्रालयका कामकारबाही समन्वय गर्ने, निर्णय कार्यान्वयन गराउन सम्बन्धित मन्त्रालयलाई परिचालन गर्ने र कार्यान्वयनको स्थिति सुपरिवेक्षण गर्ने जिम्मेवारी मुख्यसचिवलाई दिएको छ । तर उनी अन्य सचिवसँग सल्लाह लिँदैनन् । जनसम्पर्क पनि प्रभावकारी छैन । कर्मचारीतन्त्रलाई सहभागितामूलक व्यवस्थापन गर्न नसक्दा सूचना प्रवाहमा समेत समस्या छ ।

मन्त्रिपरिषद्ले गरेका निर्णयको कार्यान्वयनबारे समीक्षा हुन सकेको छैन । उनको

आत्मविश्वासको तह पनि पदीय जिम्मेवारीअनुरूप छैन । न त आफ्नो दृष्टिकोण र अडान लिएर जोखिम मोल्ने आँट छ । मुख्यसचिवबाट हट्ने उनको भय बुझेरै प्रधानमन्त्री केपी ओलीका प्रमुख सल्लाहकार विष्णु रिमाल कर्मचारीमाथि हाबी भएको सिंहदरबार स्रोत बताउँछ । कर्मचारीतन्त्र मुख्यसचिवले चलाइरहेका छन् कि सल्लाहकारले ? बुझ्न कठिन भएको ती सचिव सुनाउँछन् ।

सपथग्रहण गरेका कर्मचारीले निजामती ऐनको आचारसंहिता पालना गर्नुपर्छ । राजनीतिक रूपमा नियुक्त सल्लाहकारलाई त्यस्ता ऐन-नियमले बाँध्दैन । "सल्लाहकारले सचिव वा मुख्यसचिवलाई बोलाएर ब्रिफिङ लिन मिल्दैन," पूर्वसचिव श्रीकान्त रेग्मी भन्छन्, "मन्त्री वा प्रधानमन्त्रीले ब्रिफिङ लिँदा जानकारी लिन सक्छन् । आफैं मन्त्री वा प्रधानमन्त्रीको अधिकार लिन पाउँदैनन् ।"

प्रधानमन्त्री ओली रेग्मीलाई राजदूत बनाएर गृहसचिव प्रेमकुमार राईलाई मुख्यसचिव बनाउन चाहन्थे । २३ जेठको मन्त्रिपरिषद् बैठकबाट उनलाई अस्ट्रेलियाको राजदूत बनाउने प्रस्ताव गरिएको थियो । तर रेग्मीले अमेरिका पठाए जाने, नभए मुख्यसचिवबाटै अवकाश लिने इच्छा जनाएपछि प्रधानमन्त्री पछि हटेको बुझिन्छ । आफैं अस्थिर मनस्थितिमा कार्यकाल गुजारिरहेका मुख्यसचिवबाट सिंहदरबारमा स्थिरताको अडान राख्ने अपेक्षा नगरिएको अर्का सचिव टिप्पणी गर्छन् ।

सिंहदरबारमा फुटबल बनाइएको छ," उनी भन्छन्, "दुई तिहाइ बहुमतको सरकारको पालामा पनि सिंहदरबारभित्रको अस्थिरता कायमै रहनु विडम्बना हो ।"

सरुवामा स्वार्थ

गत वर्ष मन्त्रिपरिषद्बाट पारित काठमाडौं-तराई/मधेस द्रुतमार्ग आयोजना कार्यविधिमा प्रधानसेनापति पूर्णचन्द्र थापाको प्रस्ताव समेटिएन । त्यसको कारण थियो, सचिव विष्णुप्रसाद लम्सालको अडान । चाहेअनुसारको कार्यविधि परिमार्जन गर्न नमानेका सचिव लम्साल लगत्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय तानिए र त्यहीँबाटै सेवानिवृत्त भए ।

प्रधानसेनापति थापाले कार्यविधिमा आयोजना प्रमुखका लागि गैरप्राविधिक पनि योग्य हुन सक्ने प्रावधान राख्न चाहेका थिए । त्यस्तै, आयोजना प्रमुखको नियुक्ति र हेरफेर प्रधानसेनापतिले गर्ने हुनुपर्ने उनको प्रस्ताव थियो । तर प्राविधिक समूहका सहायक रथी वा उपरथी प्रमुख हुने र नियुक्ति प्रधानसेनापतिको सिफारिसमा रक्षा मन्त्रालयले गर्ने कार्यविधि मन्त्रिपरिषद्ले पारित गऱ्यो ।

थापा प्रदेश ५ बुटवलमा पृतनापति रहेका सैन्य समूहका उपरथी राजेन्द्र कार्कीलाई द्रुतमार्ग आयोजना प्रमुख बनाउन चाहन्थे । नाताले ज्वाइँ पर्ने कार्कीलाई आयोजना प्रमुख बनाउनकै लागि उनले कार्यविधि संशोधनको प्रस्ताव ल्याएका थिए । तर सचिव लम्साल र सहसचिव ऋषिराम भण्डारीको असहमतिपछि बैठकमा रातोपिरो अनुहार लगाएका थापा र सचिव लम्सालबीच असमझदारी बढेको रक्षा स्रोत बताउँछ । प्रधानसेनापतिसँग सम्बन्ध चिसिएपछि उनको सरुवा प्रधानमन्त्री कार्यालयमा भयो ।

तत्कालीन सचिव लम्साल भने कार्यविधिबारेको विवाद आफूले बिर्सिएको बताउँछन् । "आयोजनाको प्रमुख प्राविधिक समूहबाटै हुनुपर्छ भन्ने कार्यविधि पास भएको छ । विवाद त अहिले याद भएन," उनी भन्छन्, "रिटायर्ड हुने बेला विवाद नहुने ठाउँ जाने चलन छ । म पनि रक्षाबाट सरुवा मागेरै प्रधानमन्त्री कार्यालय गएको हुँ ।"

रक्षासचिवमा रेश्मीराज पाण्डे आएपछि अहिले प्रधानसेनापति थापाले पुनः कार्यविधि संशोधनको पुरानै प्रस्ताव रक्षा मन्त्रालय लगेको स्रोत बताउँछ । "थापाले फेरि पनि आयोजना प्रमुख गैरप्राविधिक समूहबाट हुन

धेरै सचिव बेहोर्ने मन्त्रालय

रक्षा मन्त्रालय	भौतिक पूर्वाधार	पर्यटन	स्वास्थ्य	खानेपानी	वाणिज्य	सहरी विकास
विनोद केसी	देवेन्द्र कार्की	कृष्ण देवकोटा	पुष्पा चौधरी	कृष्णराज बिसी	चन्द्र घिमिरे	दीपेन्द्रनाथ शर्मा
विष्णुप्रसाद लम्साल	मधुसूदन अधिकारी	मोहनकृष्ण सापकोटा	केदारबहादुर अधिकारी	गजेन्द्र ठाकुर	केदारबहादुर अधिकारी	रमेश सिंह
रेश्मीराज पाण्डे	देवेन्द्र कार्की	केदारबहादुर अधिकारी	चन्द्र घिमिरे	दीपेन्द्रनाथ शर्मा	बैकुण्ठ अर्याल	मधुसूदन अधिकारी
			खगराज बराल	माधव बेल्बासे		

■ बहालवाला

सक्ने र प्रधानसेनापतिले नियुक्ति गर्न वा हटाउने सक्ने दुई प्रावधान राख्न चाहेका छन्," रक्षा स्रोत भन्छ।

सरकारमाथि कार्यसम्पादन मूल्यांकनमा आधारित कर्मचारी परिचालन र सरुवाको प्रणाली विकास गर्न दबाब परेको छ। त्यसका लागि सरकारको नेतृत्वसँग इमानदारी, पूर्वाग्रहमुक्त र उच्च प्रतिबद्धता चाहिने प्रशासनविद्हरू बताउँछन्। कार्यसम्पादनमा सही नतिजा दिन सम्बन्धित अन्य पक्ष पनि यथावत् हुनुपर्ने हुँदा यसका धेरै जटिलता छन्। त्यसो नहुँदा राजनीतिक स्थायित्वपछि पनि कर्मचारी चलखेल र अस्थिरता कायमै रहन पुग्यो। स्थिर सरकार भए पनि संघीयता कार्यान्वयन, नीति निर्माण र कर्मचारी समायोजनले कर्मचारीतन्त्रमा अस्थिरताकै अनुभूति गराइरहेको पूर्वसचिव देवकोटा बताउँछन्। भन्छन्, "पहिलेभन्दा धेरै सुधार भएको छ तर जनताले अनुभूति गर्ने गरी स्थिरता देखिएन।"

सिंहदरबारमा हाबी देखिएका सचिवले भने नियमित अवकाशबाहेक कतै सरुवा हुनु परेको छैन। गृहसचिव प्रेमकुमार राई र वन तथा वातावरण मन्त्रालयका सचिव विश्वनाथ ओली भने जहाँको तहीँ छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सचिव दिनेशकुमार थपलिया कर्मचारी समायोजन नटुंग्याइन्जेल रहन पाए। त्यसलगत्तै निर्वाचन आयोगका प्रमुख आयुक्त नियुक्त भए। परराष्ट्र र कानुन मन्त्रालयमा विषयगत सचिव हुने भएकाले समस्या छैन। "प्रधानमन्त्री कार्यालय रिझाउन सक्ने र प्रभावशाली मन्त्रीले चाहेकाबाहेक अरू सचिवले एक वर्ष एउटा मन्त्रालयमा बस्न सक्ने स्थिति छैन," सिंहदरबार स्रोत भन्छ।

> "कतै मन्त्री र सचिवबीच च्याङको ठ्याङ मिल्दैन। कतै कामै गर्न सकेनन्। कतै आवश्यकताले पनि होला। मन्त्रीका त मन्त्रालय सरुवा भएका छन्, सचिवका हुनु के ठूलो कुरा भो र ?
>
> **– गोकुलप्रसाद बाँस्कोटा**
> प्रवक्ता, सञ्चार तथा सूचना प्रविधिमन्त्री

पूर्वसचिव रेग्मी निजामती प्रशासन स्थायी सरकार हुनुपर्नेमा अस्थिर बनाइँदा नतिजा ननिस्किएको दाबी गर्छन्। एक वर्षमा तीन सचिव फेरिएपछि सबैको कार्यकाल समस्या बुझ्दैमा र बिफ्रिङ लिँदैमा सकिने रेग्मी औँल्याउछन्। भन्छन्, "कर्मचारीतन्त्रलाई स्थिर रहन नदिइएकैले यसले आफ्नो क्षमताअनुसार परिणाम दिन सकेको छैन।"

सरकार गठनको डेढ महिनापछि २२ चैत ०७४ मा प्रधानमन्त्री ओलीले मन्त्रीसँग परामर्श नगरी एकै पटक २८ सचिवको सरुवा गरेका थिए। त्यसले मन्त्रीले सचिव छान्ने परम्परा अन्त्य भएको दाबी गरिएको थियो। तर कार्यसम्पादन सम्झौताको अभ्यासपछि मन्त्रीले आफूले चाहेको सचिवबाट मात्र राम्रो नतिजा दिन सक्ने बताउन थाले। त्यसको परिणाम दुई वर्षपछि २ भदौमा १६ सचिवको सरुवा गरिँदा आधाभन्दा धेरै मन्त्रीले आफूले इच्छाएका सचिव पाएका छन्। सरकारका प्रवक्ता गोकुलप्रसाद बाँस्कोटा सचिव फेरिइँदैमा मन्त्रालयको नीति, कार्यक्रम र बजेट नफेरिने हुँदा खासै फरक नपर्ने दाबी गर्छन्। भन्छन्, "कतै मन्त्री र सचिवबीच च्याङको ठ्याङ मिल्दैन। कतै कामै गर्न सकेनन्। कतै आवश्यकताले पनि होला। मन्त्रीका त मन्त्रालय सरुवा भएका छन्, सचिवका हुनु के ठूलो कुरा भो र ?" ने

भारतमा हिन्दुत्व उन्माद

नेपाल नछिरोस्

उन्मादी राजनीतिले नागरिकलाई धर्म र राजनीतिमध्ये कुनै एउटा रोज्ने दुर्भाग्यपूर्ण ठाउँमा धकेल्छ । भारत अहिले दोस्रो प्रवृत्तितर्फ हेलिएको छ । यसका बाछिटा कुनै पनि बेला नेपाल छिर्न सक्छन् ।

टीका ढकालको आलेख

यो बाछिटा

इन्डिया आफ्टर मोदी ! : नयाँ नागरिकता कानुनविरुद्ध बेंगलोरमा भएको प्रदर्शनमा उत्रिएका भारतीय लेखक तथा इतिहासकार रामचन्द्र गुहा ३ पुसमा पक्राउ परे ।

nepalmag.com.np

डिसेम्बर १० लाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका रूपमा मनाउन थालिएको सात दशक भइसकेको छ । व्यक्तिको नागरिक अधिकार, अल्पसंख्यकको सुरक्षा र शान्ति प्रमुख ध्येय बनाउँदै मानव अधिकारको विश्वव्यापी घोषणापत्र संयुक्त राष्ट्रसंघबाट जारी भएको स्मरण गरिने सोही दिन भारतीय संसद्को तल्लो सदन लोकसभाले नागरिकतासम्बन्धी विवादास्पद संशोधन ऐन पास गर्‍यो । त्यसको भोलिपल्टै माथिल्लो सदन राज्यसभाले यसलाई सकार्‍यो । त्यहाँका राष्ट्रपतिले हस्ताक्षरसमेत गरिसकेको यस कानुनलाई मुस्लिमविरोधी करार गर्दै अहिले सम्पूर्ण भारतभरि तीव्र विरोधको आगो सल्केको छ । राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तसहित कतिपय लोकतान्त्रिक देशहरूले नागरिकता कानुन अलोकतान्त्रिक भएको बताउँदै बदल्न आग्रह गरिरहेका छन् । सर्वोच्च अदालतमा यसको संवैधानिकता पुष्टि गर्न याचिका दायर भएको छ, जसको सुनुवाइ २२ जनवरीका लागि सारिएको छ ।

नयाँ कानुनले पाकिस्तान, बंगलादेश र अफगानिस्तानमा धार्मिक उत्पीडन भोगेर सन् २०१४ भन्दा अघि शरण माग्न भारत आएका बौद्ध, हिन्दु, जैन, शिख, पारसी र इसाई समुदायलाई नागरिकता दिने प्रक्रिया सरल पार्ने सरकारी दाबी छ । नरेन्द्र मोदीको अघिल्लो कार्यकालमै तल्लो सदनले पास गरेको यो कानुन सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) को बहुमत नभएको राज्यसभामा पेस गरिएको थिएन । त्यसैले गत वर्ष नयाँ चुनाव घोषणा भएपछि विधेयक निस्क्रिय भएको थियो । निर्वाचनबाट झन् ठूलो बहुमतसहित मोदीकै नेतृत्वमा भाजपा सरकारमा फर्केपछि पुरानै कानुन ब्युँत्याएर यस पटक पास गरिएको हो ।

उल्लेखनीय पक्ष के छ भने पाकिस्तान र अफगानिस्तान संवैधानिक रूपमा नै मुस्लिम राष्ट्र हुन्, जहाँ अल्पसंख्यकलाई जबर्जस्ती धर्मान्तरण गराउने, मन्दिर वा गुम्बाजस्ता धार्मिक स्थल निर्माणमा बन्देज लगाउनेलगायत कार्यलाई राज्यको संरक्षण प्राप्त छ । भारतमा बंगलादेशसहित यी मुलुकबाट अवैध आप्रवासीका रूपमा बसाइँ सरेर आएको जनसंख्या कति छ भन्ने यकिन तथ्यांक नभए पनि करिब २ करोड मानिसले नयाँ प्रक्रियाबाट भारतीय नागरिक बन्न पाउने सरकारी अनुमान छ ।

'पोलिटिकल' इस्लाम र 'पोलिटिकल' हिन्दुत्व

नयाँ नागरिकता कानुनलाई वर्तमान भारतमा व्याप्त धर्म-आधारित बहुमतीय राजनीतिसँग जोडिन्छ । यसको जराचाहिँ धर्मको आधारमा हिन्दुबहुल भारत र मुस्लिमबहुल पाकिस्तानको जन्म तथा स्वतन्त्रता आन्दोलनकै क्रममा हिन्दु र मुस्लिम छुट्याउने औपनिवेशिक अंग्रेज राजनीतिसम्म पुग्छ । महात्मा गान्धीलाई भारतीय हिन्दुको मात्र नेता मान्ने बेलायती चालले मुसलमानका मात्र नेताका रूपमा मोहम्मद अलि जिन्ना पैदा गर्‍यो । जिन्नाले जन्माएको पाकिस्तानले आफूलाई विशुद्ध इस्लामिक राष्ट्रका रूपमा प्रस्तुत गर्‍यो भने जवाहरलाल नेहरुको नेतृत्वमा धर्म निरपेक्ष चरित्र, अल्पसंख्यक समुदायको संरक्षण गर्ने वैधानिक व्यवस्था, समावेशी संस्थाहरूको निर्माण आदिले विश्वमञ्चमा भारतको सकारात्मक लोकतान्त्रिक चिनारी निर्माण भयो ।

सन् २०१४ मा भाजपाको बहुमतीय सरकार निर्माण भएपछि भारतको पुरानो परिचय बदलिँदो छ । वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले धर्म निरपेक्ष भारतलाई राष्ट्रवादी हिन्दु पहिचानसहितको बहुमतीय लोकतन्त्रतर्फ तीव्र गतिमा हाँकिरहेका छन् । अघिल्लो कार्यकालमा मोदीले तीन तलाकजस्तो महिलाविरोधी प्रचलनलाई कानुनतः निषेध गरेर मुस्लिम महिलाको सहानुभूति बटुलेका थिए । सामाजिक रूपमा तीन तलाकको खारेजीले महिलालाई दोयम दर्जामा राख्ने मुस्लिम पुरुषसत्ताको जगमा प्रहार गर्‍यो । मोदीको 'सुधारक' व्यक्तित्व निर्माणमा यसले सघायो ।

दोस्रो कार्यकालमा फर्केपछि भाजपा सरकारले योजनाबद्ध रूपमा मुस्लिम समुदायलक्षित विवादास्पद निर्णयको शृंखला निर्माण गरिरहेको छ । गत ५ अगस्तमा जम्मु-कश्मीर राज्यको 'विशेष दर्जा' स्वीकार्ने भारतीय संविधानको धारा ३७० र ३५ ए खारेज भयो । अगस्त ३१ देखि पूर्वोत्तर राज्य असममा लागू भएको राष्ट्रिय नागरिक मोठ (नेसनल रजिस्ट्र अफ सिटिजन्स-एनआरसी) ले करिब २० लाख मानिसलाई गैरकानुनी आप्रवासीको श्रेणीमा पुर्‍याएको छ, जसमा ९० प्रतिशतभन्दा ज्यादा मुसलमान छन् ।

९ नोभेम्बरमा २५ वर्षअघि बाबरी मस्जिद भत्काएको स्थानमा राम मन्दिर बनाउन मिल्ने फैसला भारतको सर्वोच्च अदालतले गरिदियो । सत्ताको खुसामदमा न्यायालयले नै लोकतन्त्र खतरामा पारेको आरोप लगाएर तत्कालीन प्रधानन्यायाधीश दीपक मिश्रका क्रियाकलापको विपक्षमा ११ जनवरी २०१८ मा पत्रकार सम्मेलन गर्ने चार वरिष्ठ भारतीय न्यायाधीशको कदमको पृष्ठभूमिमा यस फैसलालाई हेर्नुपर्छ । मिश्रले अवकाश पाएपछि त्यसै पत्रकार सम्मेलनमा सामेल रन्जन गोगोई प्रधानन्यायाधीश बने । तर भाजपालाई खुसी राख्ने मामलामा गोगोई अझ एक कदम अगाडि देखिए । उनले अवकाश पाउने तीन दिनअघि गरेको राम मन्दिर फैसलाले सत्तारुढ भाजपाकै राजनीतिक विचारलाई सघायो । अब चार महिनाभित्र 'आकाश छुने' मन्दिर बनाउने घोषणा गृहमन्त्री अमित शाहले गरिसकेका छन् । यसै शृंखलाभित्र १० डिसेम्बरमा जारी भएको नागरिकता कानुनलाई मुस्लिमको अन्यीकरण गर्ने प्रक्रियाको नयाँ कडीका रूपमा हेर्न सकिन्छ ।

> भारतमा जारी नागरिकता कानुन मुस्लिमको अन्यीकरण गर्ने प्रक्रियाको नयाँ कडी हो ।

नागरिकता कानुनका तीन वटा पक्ष वर्तमान भारतको आन्तरिक राजनीतिक जोड-घटाउसँग सोझै गाँसिन्छन् । पहिलो- मुस्लिमबाहेकको आप्रवासी धार्मिक समुदायलाई नागरिकता दिलाएको खण्डमा भाजपाले उनीहरूको समर्थन प्राप्त गर्न सक्छ । दोस्रो- भारतकै गैरमुस्लिम नागरिकबीच भाजपाको छवि उनीहरूको वास्तविक हितैषीका रूपमा प्रस्तुत हुन्छ, जसले उसको राजनीतिक पैठ थप बलियो बनाउन सक्छ । तेस्रो- यसले भारतीय मुस्लिमलाई बिस्तारै अन्य समुदायबाट राजनीतिक रूपमा एक्ल्याउँदै लैजान्छ, जुन भाजपाले व्यक्त नगरे पनि उसको वास्तविक चाहना हो । भारतीय मुस्लिम नागरिकलाई यो कानुनले नछोला तर अल्पसंख्यक समुदायका रूपमा उसको राजनीतिक सौदाबाजीको शक्तिलाई कमजोर पार्ने देखिएकाले मुस्लिम समुदायले यसको विरोध गरिरहेको छ ।

सानो अल्पमत रहेसम्म सत्तासँग 'को-अप्ट' हुने र निर्णायक अल्पमत बनेपछि मुस्लिम सत्ताको स्थापनाका लागि लड्ने 'पोलिटिकल इस्लाम' को विश्वव्यापी चरित्र छ । उपनिवेशबाट स्वाधीनताका लागि

भारतीय राष्ट्रिय कंग्रेसमा गान्धीसँगै संगठित भएका जिन्नाले मुस्लिम लिगको स्थापनाद्वारा अलग्गै पाकिस्तान निर्माणका लागि संघर्ष गर्नु 'पोलिटिकल इस्लाम' कै स्वरूप थियो । यसैलाई भजाएर आजको भाजपाले बहुमतीय हिन्दु वर्चस्ववाद जगाइरहेको देखिन्छ ।

भयको मनोविज्ञान

सन् १९४७ मा ब्रिटिसकालीन भारत विभाजन हुँदा हालको पाकिस्तानमा हिन्दु जनसंख्या १३ प्रतिशत थियो, शिख र इसाईको संख्या उल्लेख्य थियो । बंगलादेशपट्टि हिन्दुहरू २२ प्रतिशत हाराहारी थिए । हाल यी दुई देशमा हिन्दु जनसंख्या क्रमशः २ प्रतिशत र ९ प्रतिशत छ । जनसंख्यामा अन्य धर्मको अनुपात घट्नुको मुख्य कारण मुस्लिम समुदायमा परिवार नियोजनलाई गैरधार्मिक ठानेर बर्जित गरिनाले हो । यद्यपि दुवै मुस्लिमबहुल देशमा निरन्तर विभेदका कारण असुरक्षित भएर मुलुक छाड्नेहरू पनि उत्तिकै छन् । सक्नेहरू विकसित पश्चिमा मुलुकतिर पुगे । बसाइँ सर्न पनि भारत रोज्नुपर्नेहरू आर्थिक रूपमा कमजोर वर्गका हुन् भन्ने सहजै अनुमान गर्न सकिन्छ ।

भारतका मुस्लिमको नागरिकतासँग सम्बन्धित नभए पनि धर्मआधारित राजनीतिले अल्पसंख्यक समुदायभित्र उत्पन्न गर्ने भयको मनोविज्ञानलाई ऐनको प्रतिरोधमा उर्लेको स्वरले प्रतिविम्बित गरेको छ । अर्कोतर्फ भारतीय कानुनमा भएको विश्वव्यापी बहसले त्यहाँ नाम उल्लिखित भारतका छिमेकी देशमा धार्मिक उत्पीडन छ भन्ने तथ्य स्थापित गरेर उनीहरूको छविमा प्रश्न उठायो । यसै कारण बंगलादेशका गृहमन्त्री र विदेशमन्त्रीले पूर्वनिर्धारित भारत भ्रमण रद्द गरे । १८ डिसेम्बरमा भारतका लागि जासुसी गरेको आरोप लगाएर ढाकामा एक हिन्दु पत्रकार गिरफ्तार भए । पाकिस्तान र अफगानिस्तानको असहिष्णु क्लबमा आफूलाई सामेल गरेकामा बंगलादेश आक्रोशित भएको छ ।

बंगालदेश-भारत सम्बन्धमा यसले नयाँ गतिरोध सिर्जना गर्ने संकेत देखिएका छन् । भारतको आन्तरिक राजनीति अस्थिर हुँदा सम्पूर्ण दक्षिण एसियाको सुरक्षा तथा आर्थिक प्रगति नकारात्मकतातिर धकेलिन्छ । इतिहासको कुनै कालखण्डमा कुनै शासकले गरेको वास्तविक वा काल्पनिक 'ज्यादती' का लागि वर्तमानमा एउटा समुदाय विशेषलाई जिम्मेवार ठहऱ्याएर वहिष्करणमा पार्दै लैजानु कुनै कोणबाट पनि लोकतान्त्रिक मान्न सकिँदैन ।

भारत सरकारको पछिल्लो कदमले हिन्दु धर्मलाई समेत अतिवादीकरण गरिरहेको छ, जसले सहिष्णुतापूर्ण ज्ञानमा आधारित हिन्दु पहिचानमाथि राजनीतिक हिन्दुत्वको आगो झोसिदिएको छ । हिन्दुबहुल नेपालका लागि पनि यो उत्तिकै चिन्ताको विषय हो । उदार राजनीतिले व्यक्तिलाई लोकतन्त्र र धार्मिक आस्था एकैसाथ अभ्यास गर्ने अवसर दिन्छ । उन्मादी राजनीतिले नागरिकलाई धर्म र राजनीतिमध्ये कुनै एक रोज्ने दुर्भाग्यपूर्ण ठाउँमा धकेल्छ । भारत अहिले दोस्रो प्रवृत्तितर्फ हेलिएको छ । र, यसका बाछिटा कुनै पनि बेला नेपाल छिर्न सक्छन् ।

नेपालीभाषी भारतीय र म्यान्मारी रोहिंग्या

नागरिकता कानुनको संशोधनबाट आएका प्रावधान भारतीय नागरिकको हकमा लागू हुँदैनन् । पाकिस्तान, बंगलादेश र अफगानिस्तानबाट धार्मिक उत्पीडन भोगेर भारत प्रवेश गरी गैरकानुनी आप्रवासीको रूपमा बसोबास गरिरहेका मानिसका लागि मात्र लागू हुन्छन् । पूर्वोत्तर राज्यहरूको अवस्था भने फरक छ । असम, मेघालय, अरुणाचल प्रदेश, मणिपुर, मिजोरम र पश्चिम बंगालको आन्तरिक राजनीतिमा स्थानीय आदिवासी समुदायको निर्णायक भूमिका छ । यी समुदाय संगठित छन् र आफूलाई हिन्दु, मुस्लिम वा बौद्धभन्दा फरक पहिचानबाट हेरिनुपर्ने ठान्दछन् । विगतका दशकमा सञ्चार र प्रविधिसँगै धर्मआधारित राजनीतिको विस्तारले धेरै आदिवासी समुदायको हिन्दुकरण भएको छ । यद्यपि हिन्दु र मुसलमान दुवै समुदायको बढ्दो दबाबले आफ्नो पकड र प्रभावलाई सीमित गर्दै लगेकामा आदिवासीहरू आक्रोशित छन् ।

पूर्वोत्तर भारतीय राज्यहरूमा भएको विरोध मुस्लिम समुदायलाई वहिष्करणमा पारेकाले होइन, आदिवासीको प्रभाव क्षेत्रमा बंगलादेशबाट आएका हिन्दु शरणार्थीलाई बसोबास गराई भाजपाको 'भोट बैंक' निश्चित गर्ने राज्य सरकारको सम्भावित कदमप्रति लक्षित छ । सन् १९८० को दशकमा नेपालीभाषी भारतीयमाथि स्थानीय आदिवासीको

एएफपी

नयाँ नागरिकता कानुनविरुद्ध प्रदर्शन, असम भारत

आक्रमण यसै कारणले सोभिएको थियो । यस पटक असमबाट अन्य राज्यमा फैलिएका प्रदर्शनमा नेपालीभाषीमाथि निशाना साँधिएको त छैन तर त्यो खतरा पूरै टरिसकेको पनि छैन ।

नागरिकता कानुनमा नेपालमा जोडिन आइपुग्ने अर्को आयाम म्यान्मारबाट धार्मिक उत्पीडनकै कारणले भारत छिरेका रोहिंग्या मुसलमानसँग सम्बन्धित छ । भारतमा कानुनी रूपले बसोबास गर्न पाउने सम्भावना सकिएपछि उनीहरूका लागि नेपाल, भारत वा बंगलादेश प्रवेश गरी गैरकानुनी आप्रवासन रोज्नु एकै स्तरको विकल्प हुन जान्छ । भारत र बंगलादेशमा देखिएको धार्मिक अतिवादबाट जोगिन भारतसँगको खुला सिमानाबाट नेपाल छिर्न खोज्ने रोहिंग्याको संख्या यसले बढाउन सक्छ । नेपालले गैरकानुनी आप्रवासीलाई नागरिकता दिने सम्भावना नदेखिए पनि छिमेकमा भइरहेको राजनीतिक उथलपुथलबाट आउने प्रभावलाई नियाल्दै त्यसको सामना गर्न उपयुक्त रणनीति बनाउन हरदम तयार रहनुपर्छ । ने

@TikaDhakaal

नागरिकता संशोधनको डढेलो

नयाँ कानुनले भारतीय समाजको मौलिक पहिचान धर्मराउने भन्दै आन्दोलन उत्कर्षमा

सुरेशराज न्यौपाने/नयाँ दिल्ली

'प्रदूषण र राजनीतिको जुन अवस्था देखिएको छ, यसले मलाई पहिलो पटक सायदै म भारतमा मर्छुहोला भन्नेमा शंका हुन थालेको छ।'

राजधानी नयाँ दिल्लीमा १ पुसमा आयोजित एक कार्यक्रममा इतिहासकार एवं चर्चित लेखक विलियम डेलरिम्पलको अभिव्यक्ति विश्वकै ठूलो लोकतन्त्र भारतको पछिल्लो अवस्थाको सटिक चित्रण हो।

स्कटल्यान्डमा जन्मेर पनि तीन दशकदेखि भारतमै बस्दै आएका डेलरिम्पलले भारतीय इतिहास, समाज र संस्कृतिमाथि दर्जनौं पुस्तक लेखिसकेका छन्। यति धेरै माया गरेको मुलुकसँग एकाएक किन यस्तो निराशा ? 'सायद ९ महिनाअघिसम्म पनि म भारतमै आफ्नो भविष्य छ भनेर भन्थेँ होला,' डेलरिम्पलले भने। के भयो त्यस्तो विगत ९ महिनामा, जसले उनीजस्ता भारतलाई माया गर्नेहरूलाई समेत निराश बनायो ?

भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको नरेन्द्र मोदी सरकार ९ महिनाअघि नै भारी बहुमतसहित दोस्रो पटक सत्तारोहण भएको हो। यस अवधिमा मोदी सरकारले लिएका कतिपय निर्णय र तिनको कार्यान्वयनका लागि चालिएका कदमका कारण देशभित्र मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमै समेत चिन्ता र चासो व्यक्त हुन थालेको छ। तिनै निर्णयमध्येको पछिल्लो कडी हो, नागरिकता संशोधन कानुन।

दुई साताअघि दुवै सदन लोकसभा र राज्यसभाले पारित गरेको नागरिकतासम्बन्धी प्रावधानलाई लिएर यतिबेला पूरै भारत आन्दोलित छ। संशोधित नागरिकता ऐनका प्रावधान मुस्लिमविरोधी भएको र त्यो भारतीय संविधानको भावना प्रतिकूल भएको आरोप आन्दोलनरत पक्षको छ। सुरुमा पूर्वोत्तर भारतको असम र त्रिपुरालगायतका राज्यबाट सुरु भएको आन्दोलन ३० मंसिरमा नयाँ दिल्लीको जामिया मिलिया इस्लामियाका विद्यार्थीको प्रदर्शनमा प्रहरी हस्तक्षेपपछि भने देशव्यापी बन्न पुग्यो।

ती विद्यार्थीको समर्थनमा देशका अन्य भागका शैक्षिक संस्था आन्दोलित भए। र, तिनलाई साथ दिएका छन्, विपक्षी दलहरू, विद्यार्थी, अधिकारकर्मी, नागरिक समाज, कलाकार, लेखकले। आन्दोलनकै क्रममा भएको झडपमा १२ जनाको मृत्यु भइसकेको छ भने कैयन घाइते छन्। थुप्रै सार्वजनिक सम्पत्तिमाथि क्षति पुगेको छ। हालसम्म हजारौं प्रदर्शनकारी पक्राउ परिसकेका छन्।

कतिपय विश्लेषक पछिल्लो आन्दोलनले सन् १९७५ मा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले लगाएको संकटकालविरुद्धको विद्यार्थी आन्दोलन सम्झाएकोसमेत दाबी गर्छन्। तर मोदी सरकारले भने नागरिकता ऐनलाई निस्तेज पार्न सकेसम्मको जोड लगाइरहेको छ। शान्तिपूर्ण प्रदर्शनमा पनि हस्तक्षेप र प्रदर्शन स्थल आसपास क्षेत्रमा इन्टरनेट बन्द गरिएको छ। नागरिकता कानुन विपक्षीका लागि पनि सत्तापक्षलाई घेर्ने गतिलो हतियार बनेको छ।

नागरिकता कानुनको विरोध हुनुको अर्को कारण भनेको यससम्बन्धी नयाँ व्यवस्थामा गैरमुस्लिमलाई मात्र समावेश गरिनु हो। त्यति मात्र होइन, नागरिकता ऐन कार्यान्वयनमा आए भारतीय समाजमा साम्प्रदायिकता झन् सघन बन्ने र त्यसले धार्मिक उग्रवादलाई बढावा दिने आशंकासमेत गरिँदै छ।

विश्लेषक तथा लेखक उर्मिलेश स्वतन्त्र भारतको इतिहासमा पहिलो पटक संविधानको भावनामाथि प्रहार गरिएकाले आम जनता आन्दोलित भएको दाबी गर्छन्। उनको भनाइमा पहिलो पटक सन् १९५५ मा लागू भएको नागरिकता ऐन त्यसपछि पनि धेरै पटक संविधानको भावनाअनुसार संशोधन भएको थियो। तर यस पटक भने संविधानको भावनालाई नै कुल्चने काम गरेकाले नागरिकता ऐनको विरोध भएको हो। "संविधानले कसैलाई पनि धर्मको आधारमा विभेद गर्न नपाइने भनेको छ। तर पछिल्लो ऐनले उल्टो धर्मकै आधारमा नागरिकता दिने व्यवस्था गरिएको छ। यो बुझेर नै मानिस आक्रोशित भएका हुन्," उनी भन्छन्।

नागरिकता संशोधनसम्बन्धी नयाँ कानुनले पाकिस्तान, बंगलादेश र अफगानिस्तानमा प्रताडना खेपेर ३१ डिसेम्बर २०१४ अघि भारतमा शरण लिएका हिन्दु, शिख, बौद्ध, इसाई, जैन, पारसीलाई नागरिकता दिने व्यवस्था गरेको छ। उनीहरूलाई फास्ट ट्र्याकअन्तर्गत ६ वर्षभित्र नागरिकता दिने प्रावधान छ। ऐनको उक्त व्यवस्थाले पूर्वोत्तरमा गैरकानुनी रूपमा बस्दै आएका विशेषगरी बंगलादेशी हिन्दु आप्रवासीले नागरिकता पाउने र त्यसले पहिचान तथा संस्कृतिमाथि प्रहार हुनुका साथै आफूहरू राजनीतिक रूपमा अल्पमतमा परिने भन्दै असम, त्रिपुरालगायत क्षेत्रका रैथानेले विरोध गरेका छन्।

त्यसै पनि पूर्वोत्तर भारतमा बंगलादेशबाट आएका अवैध प्रवासीको मुद्दा सन् ८० को दशकदेखि पेचिलो रहँदै आएको छ। असममा केही महिनाअघि सार्वजनिक गरिएको राष्ट्रिय नागरिकता पञ्जीकरण (एनआरसी) को सूची

संशोधित नागरिकता कानुनको विरोधका नयाँ दिल्लीमा प्रदर्शन

सार्वजनिक भएदेखि नै वैध र अवैध नागरिकको बहस चर्किंदै गएको थियो। र, एनआरसी सूचीमा करिब २० लाख छुटेका थिए । एनआरसीको प्रस्थानबिन्दु तत्कालीन प्रधानमन्त्री राजीव गान्धीले १५ अगस्त सन् १९८५ मा गरेको असम सम्झौता हो । २५ मार्च १९७१ पछि असममा बस्दै आएका गैरभारतीयलाई विदेशी मान्ने र आफ्नो देश फर्काउने, १९५१ देखि १९६१ बीच आएकालाई नागरिकता र मताधिकार दुवै दिने, सन् १९६१ र १९७१ बीच आएकालाई नागरिकता मात्र दिने, सन् १९६६ र १९७१ बीच आएकालाई मतदाता सूचीबाट हटाउने र आगामी दस वर्षसम्म मतदान गर्न नपाउने ।

उक्त सम्झौताअनुसार असममा बस्दै आएका कुनै पनि व्यक्ति आफू र आफ्ना पूर्वज २४ मार्च १९७१ अघि आएको आवश्यक प्रमाण पेस गर्न नसके विदेशी ठहरिनेछन् । र, त्यही व्यवस्थाअनुसार लागू गरिएको एनआरसीको ३१ अगस्त २०१९ मा अन्तिम सूची प्रकाशित गरिएको थियो । एनआरसीको कानुनले उक्त सूचीमा नअटाउनेले ढिलोचाँडो देश छाड्नुपर्ने व्यवस्था गरेको छ । सूचीमा छुटेका २० लाखमा हिन्दु र मुस्लिम दुवै समुदायका छन् । तर त्यसमध्ये अधिकांश विपन्न र कागजात पुऱ्याउन नसकेर सूचीमा छुटेको र एनआरसी लागू भए ठूलो संख्यामा भारतीय नै समस्यामा पर्ने भन्दै त्यसको देशव्यापी विरोध भएको छ ।

मुस्लिम समुदायले त एनआरसी आफूविरुद्ध लक्षित रहेको भन्दै पहिलेदेखि नै विरोध गर्दै आएको छ । पश्चिम बंगाल, बिहार, उडिसा, केरलालगायतका एक दर्जनभन्दा बढी राज्यले एनआरसी लागू नगर्ने सार्वजनिक घोषणै गरिसकेका छन् । तर मोदी सरकारले भने ढिलोचाँडो एनआरसी लागू गरेरै छाड्ने दाबी गर्दै आएको छ । एनआरसी लागू गरेर छाड्ने अडानका पछाडि भारतलाई हिन्दुत्वको बाटोमा डोऱ्याउने उद्देश्य रहेको आरोप मोदी सरकार र उसको पार्टी भाजपामाथि लाग्ने गरेको छ ।

त्यसै पनि एनआरसीले केन्द्रविरुद्ध विरोधी जनमत तयार गरिरहेका बेला नागरिकता संशोधन ऐनले आगोमा घिउ थप्ने काम गरेको हो। यसले मुस्लिमलगायतका अल्पसंख्यक र निम्न वर्गमा एनआरसीलाई लिएर चर्को आक्रोश कायमै थियो। त्यसमाथि पछिल्लो नागरिकता संशोधन ऐनले मुस्लिमलाई मात्र नसमेटेको हुँदा त्यसविरुद्ध देशव्यापी विरोध सुरु भएको हो ।

गृहमन्त्री अमित शाहका सबैजसो भाषणमा नागरिकता कानुनको कार्यान्वयनपछि एनआरसी लागू हुने घोषणा गरेकाले पनि मानिसमा यसलाई लिएर चिन्ता थपिएको छ । सुरुमा नागरिकता ऐनलाई हिन्दु र मुस्लिमको मुद्दा बनाउन खोजिए पनि सँगै एनआरसी लागू गर्ने भनिएपछि वर्तमान सत्ताले हिन्दु र मुस्लिमबीच खाडल गहिरो बनाउन चाहेको उर्मिलेशको विश्लेषण छ। सर्वसाधारणले बिस्तारै बुझ्न थालेकाले विरोध बढ्दै गएको उनको ठहर छ। भन्छन्, "भारतका २० करोडभन्दा बढी मुसलमानलाई यहाँबाट लखेट्न सकिंदैन । यो कुरा सर्वसाधारणले बुझ्न थालेका छन् । त्यही भएर पनि आन्दोलन चर्किंदै गएको हो ।"

त्यसो त हिन्दुत्वको नारा लिएर सत्तारोहण भएको मोदी सरकारप्रति मुस्लिम समुदाय सुरुदेखि नै सशंकित थियो। त्यसमाथि भारतको एक मात्र मुस्लिम राज्य जम्मु कश्मीरको विशेषाधिकार खारेज गर्ने निर्णयले मुस्लिम समुदायमा चिन्ता थप बढायो । त्यो निर्णय भएको यत्तिका महिना बितिसक्दासमेत जम्मु कश्मीर अझै पनि सामान्य अवस्थामा फर्कन सकेको छैन । त्यहाँका प्रमुख राजनीतिक दलका नेताहरू अझै पनि नजरबन्दमा छन् भने अधिकांश ठाउँमा इन्टरनेट बन्द गरिएको छ ।

त्यसपछि आयो, अयोध्याको बाबरी मस्जिद-रामजन्मभूमि विवादमा सर्वोच्च अदालतको निर्णय । सरकारले सर्वोच्चलाई समेत प्रभावमा पारेर दशकौंदेखिको विवादमा हिन्दुको पक्षमा फैसला गराएको गुनासो मुस्लिम समुदायको छ ।

नागरिकता ऐनमा मुस्लिमलाई मात्र समावेश नगरेकामा संयुक्त राष्ट्रसंघ, बंगलादेश, अफगानिस्तान र पाकिस्तानलगायतका मुलुकले चासो व्यक्त गरेका छन्। त्योभन्दा यसले भारतको बहुलवादी लोकतन्त्रमाथि प्रश्नसमेत उठ्न थालेको छ । भारतले दशकौंदेखि बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय राष्ट्रको पहिचानबाटै आफूलाई विश्वमञ्चमा स्थापित गर्ने बलियो आधार बनाउँदै आएको थियो ।

सात दशकअघि लेखिएको भारतको संविधानले पनि त्यस्तै समाजको ग्यारेन्टी गरेको छ । संयोग नै मान्नुपर्छ, त्यही संविधानका लेखक भीमराव अम्बेडकरको पुण्यतिथिको केही दिनलगत्तै संसद्ले पारित गरेको नागरिकता ऐनले भारतीय समाजको त्यही मौलिक पहिचान धर्मराउने हो कि भनेर देशभित्र मात्र नभई अन्तर्राष्ट्रिय रूपमै चिन्ता व्यक्त भएको छ । संविधानको भावनामाथि सत्ताबाट प्रहार भएको आरोपलाई मोदी सरकारले कसरी सम्बोधन गर्छ ? त्यसैमा भारतीय लोकतन्त्रको छवि निर्भर छ । साथै, इतिहासकार डेलरिम्पलको आगामी दिन भारतमा बिताउने वा नबिताउने भन्ने योजना पनि । ने

एजेन्सी

नागरिकता संशोधन विधेयकको विरोधमा असममा भएको प्रदर्शन

‘नेपालीभाषीलाई छुँदैन’

पर्वत पोर्तेल/झापा

भारतीय तल्लो सदन लोकसभाले २५ मंसिरमा नागरिकता संशोधन विधेयक (क्याब) पारित गरेलगत्तै पूर्वोत्तर राज्यहरूको केन्द्र असम, गुवाहाटीमा विरोधको डढेलो सल्कियो। आन्दोलन चर्किन थालेपछि माथिल्लो सदन राज्यसभाले पनि हतारहतार विधेयक पारित गरिहाल्यो।

गुवाहाटीबाट सल्किएको डढेलो करिब १ हजार ९ सय किलोमिटर टाढाको दिल्ली पुग्न धेरै समय लागेन। मेघालय, मणिपुर, मिजोरम आदि राज्यमा मात्रै होइन, नेपालसँग साँधसीमा जोडिएको पश्चिम बंगालको दार्जिलिङसम्म आइपुगेको छ।

तृणमूल कंग्रेसका दार्जिलिङ जिल्ला अध्यक्ष रन्जन सरकार यो विधेयकका कारण देशमा साम्प्रदायिकता भड्कन सक्ने दाबी गर्छन्। भन्छन्, “नागरिकता संशोधन ऐन र राष्ट्रिय नागरिकता पञ्जीकरण (एनआरसी) देशका लागि घातक छ।” मार्क्सवादी कम्युनिस्ट पार्टी (माकपा) का नेता तथा राज्यसभाका पूर्वसांसद समन पाठक भारतीय संविधानमा धर्म निरपेक्षता उल्लेख हुँदाहुँदै भाजपाले एक धर्मको नीति अख्तियार गर्न खोज्नु घातक रहेको टिप्पणी गर्छन्।

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीको दल तृणमूल कंग्रेसले कोलकातामा विरोध सुरु गरेपछि पश्चिम बंगाल शासित नेपालीभाषी बाहुल्य दार्जिलिङमा गोर्खा जनमुक्ति मोर्चाको (विनय तामाङ खेमा) ले चरणबद्ध आन्दोलन घोषणा गरेको छ। ममता निकट मानिने तामाङ भन्छन्, “भाजपाले एक धर्मको आधारमा राष्ट्रलाई विभाजित गर्न खोजिरहेको छ। यो कदम अलोकतान्त्रिक मात्रै नभई विभेदकारी पनि छ।” १ पुसमा कोलकाताको विरोध प्रदर्शनमा बेनर्जीले पश्चिम बंगालमा एनआरसी र नागरिकता संशोधन ऐन कुनै हालतमा लागू गरेर देखाउन मोदी सरकारलाई चुनौती दिएकी छन्।

भाजपाका राज्यसभा विधायक नीरज जिम्वाले भने नागरिकता ऐनको समर्थन गरेका छन्। दार्जिलिङमा पत्रकार सम्मेलन गर्दै जिम्वाले यो ऐनले गोर्खाहरूको रौँसम्म नहल्लाउने दाबी गरे। उनको दाबी छ, “गोर्खाहरूलाई केही पनि हुँदैन, ढुक्क बस्नुस्।’ भाजपाका दार्जिलिङ लोकसभा सांसद राजु विष्टले विधेयकबारे मुख खोलेका छैनन्।

एनआरसीमा असमका करिब १ लाख नेपालीभाषी छुटेका थिए। एनआरसीका कारण सशंकित नेपालीभाषी गोर्खा पनि नागरिकता ऐन संशोधनपछि त्रासमै छन्। तर यसले नेपालीभाषीलाई कुनै असर नपर्ने जिकिर अखिल असम गोर्खा छात्र संघ अध्यक्ष प्रेम तामाङ गर्छन्।

अखिल असम गोर्खा छात्र संघ, भारतीय गोर्खा परिसंघ, गोर्खा सांस्कृतिक परिसंघजस्ता संस्थाले रैथाने असमिया र अल्पसंख्यक मुस्लिमलाई आन्दोलनमा सघाइरहेका छन्। तामाङ भन्छन्, “नागरिकता ऐनले गोर्खालाई छुँदैन, ज-जसलाई असर गर्छ, उनीहरू आन्दोलित छन्। आन्दोलनमा हाम्रो साथ र समर्थन छ।” ने

बढ्तै डरायो बलिउड

भाजपा र मोदी सरकारको आलोचना गर्न किन डराउँछ बलिउड ?

गोकर्ण गौतम

‘समाजमा असहिष्णुता बढिरहेको छ। मेरी श्रीमती कहिलेकाहीँ सन्तानको भविष्यबारे चिन्तित हुन्छिन् र मुलुक छाड्ने हो कि भनेर कुरा गर्छिन्।’

पहिलोपल्ट मोदी प्रधानमन्त्री भएको डेढ वर्ष बित्दै गर्दा भारतीय अभिनेता आमिर खानको यो भनाइ सार्वजनिक भएको थियो। त्यसपछि आमिरले लामो समय सामाजिक अपहेलना सामना गर्नुपर्‍यो। उनलाई ठाडै भनियो, ‘त्यसो भए पाकिस्तान जाऊ।’

यसो भन्नेमा बलिउडकै दिग्गज अभिनेता अनुपम खेर पनि थिए। उग्रराष्ट्रवाद दीक्षित भाजपा कार्यकर्ताले त उनी र उनका फिल्मलाई निषेध गर्नेसम्मका धम्की दिए। आमिरले कुनै बलिउडकर्मीको साथ पाएनन्। सब मौन।

आमिरमार्फत बलिउडमा भयको मनोविज्ञान सिर्जना गर्न भाजपा सफल भयो, त्यतिबेला। अहिले नागरिकता कानुनविरुद्ध देशभर आन्दोलन चर्कँदा पनि बलिउडको ठूलो हिस्सा चुप बस्नुले त्यही पुष्टि गर्छ। अरू त अरू, आमिरकै आवाज सुनिएको छैन। बाँकी दुई खान शाहरूख र सलमानको हालत त्यस्तै

छ । अमिताभ बच्चनजस्ता अन्य ठूला स्टार पनि नदेखे/नसुनेझैँ गर्दै छन् । लाग्छ, नागरिकमाथि जति अन्याय भइरहेको छ, त्यसले बलिउडलाई छुँदैन ।

सत्ता समर्थक मिडिया र कथित बौद्धिक जगत्ले उक्त कानुन र विद्यार्थीमाथि सरकारी रवैयाको खुलेर समर्थन गरिरहेका छन् । मोदीभक्तहरू विद्यार्थीको आन्दोलन हिंसात्मक छ भनेर भ्रम छर्न फेक न्युज र भिडियो व्यापक प्रसार गरिरहेका छन्। सामाजिक द्वेष फैलाउनेले सत्ताबाट प्रत्यक्ष/अप्रत्यक्ष ढाडस पाएका छन्। यस्तो लाग्छ, मोदीले उद्घोष गरेको 'अच्छे दिन' मुस्लिमका लागि होइन रहेछ ।

एकातिर विभेदकारी कानुन, अर्कातिर त्यसको शान्तिपूर्ण विरोधमा उत्रिएका विद्यार्थीमाथि चरम ज्यादती । चेत भएका र आत्मस्वाभिमानमा बाँच्नेहरूका लागि यो रवैया सह्य हुँदै होइन, त्यो पनि संसारकै सबैभन्दा ठूलो लोकतान्त्रिक देशमा । यस्तो बेला आम मान्छेलाई जागरुक बनाउन र पीडितलाई आँट दिन सेलिब्रिटीको भूमिका उल्लेखनीय हुन्छ । त्यसमाथि भारत यस्तो मुलुक हो, जहाँ फिल्मस्टारको स्टारडम र प्रभावकारिता फिल्मभन्दा बाहिर अर्थात् समाजमा पनि उत्तिकै छ । उनीहरूको बोलीले अर्थ राख्छ । त्यसो हुनाले विद्यार्थीको पक्षमा बलिउडकर्मीको समर्थन अपेक्षा राखिनु अस्वाभाविक होइन । सचेत नागरिकका रूपमा सर्जकको दायित्व पनि हो। तर भाजपाले निर्माण गरेको भयको भुमरीमा रुमल्लिरहेका फिल्मकर्मी बोल्न सकिरहेका छैनन्। जामिया मिलिया इस्लामियाका पूर्वविद्यार्थीसमेत रहेका शाहरूख खानले समेत मुख खोलेका छैनन् । जो बोल्दै छन्, उनीहरू निशानामा परिरहेका छन् ।

मुस्लिम कलाकारलाई 'राष्ट्रवादी' प्रमाणित गर्नै हम्मेहम्मे पर्छ । मुस्लिम भएकै कारण पटक-पटक तारो बनिसकेका शाहरूखले मुख नखोल्नु त्यही डरको कारण हो । पाकिस्तानी अभिनेत्री माहिरा खानलाई अभिनय गराउँदा उनको फिल्म *रइस* प्रतिबन्धबाट बल्लबल्ल बचेको थियो । सलमानको *दबंग ३* चल्दै छ, त्यसैले उनी विवादमा फस्न चाहँदैनन्। उनले विद्यार्थीको पक्षमा बोल्नासाथ हलमा तोडफोड हुने पक्का छ। बरु उनले हिन्दुवादी संगठनले धम्की दिएपछि साधुहरूलाई डान्सरका रूपमा प्रयोग गरिएको *दबंग ३* सिन हतारहतार काटे। असहिष्णुतासम्बन्धी अभिव्यक्तिले निम्त्याएको चपेटापछि आमिरले कुनै सरकारी नीति-नियमको विरोध गरेको पाइँदैन। तर निहित स्वार्थ र डरले ठूला स्टार चुप बसेको कतिपय फिल्मकर्मीलाई पटक्कै चित्त बुझेको छैन । अनुराग कश्यपले त *ट्वीटर*मा आक्रोश पोखिहाले, 'जसले बोल्दा अर्थ राख्छ, उनीहरू मौन बसेको देख्दा साँच्चै रिस उठेको छ ।'

अनुरागले मोदी सरकारलाई 'फासिस्ट' को संज्ञा दिएका छन् । 'अति भयो, अब चुप बस्न सकिन्न,' उनले ट्वीट गरेका छन्। केही समयअगाडि *ट्वीटर*बाट बिदा भएका अनुराग यही विरोधका लागि फर्किएका हुन्। यहीबीच बलिउडको डरपोक प्रवृत्तिबारे हक्की अभिनेत्री कंगना रनावतको कडा अभिव्यक्ति बाहिरिएको छ । *टाइम्स अफ इन्डिया*सँग भनेकी छन्, 'ती अभिनेताहरूले आफैँसँग लाज मान्नुपर्छ। मलाई के भ्रम छैन भने बलिउड काँतरहरूले भरिएको छ।' पछिल्लो राजनीतिक घटनाक्रममा बलिउड मौन भएपछि *ट्वीट्*रमा 'ह्यासट्याग सेम अन बलिउड' ट्रेन्डिङमा छ। उनले यसको समर्थन गरेकी छन् ।

फरहान अख्तरले ट्वीटमार्फत अपिल गरे, 'सामाजिक सञ्जालमा विरोध गर्ने समय घर्किंयो, अब मैदानमै उत्रिनुपर्छ।' तर कश्मीर नभएको भारतको गलत तस्बिर सेयर गरेपछि भाजपा कार्यकर्ताबाट धम्की खेप्नु परेको छ। उनलाई देशद्रोही मात्र होइन, आईएसआईको एजेन्टसमेत भनिएको छ। पछि उनले नक्साप्रति पश्चात्ताप व्यक्त गर्दै सच्चाएका छन्। विरोध प्रदर्शनमा सहभागी भएलगत्तै अभिनेता सुशान्त सिंहलाई 'सावधान इन्डिया' नामक टेलिभिजन कार्यक्रमको प्रस्तोताबाट हटाइएको छ ।

मनोज बाजपेयी, आयुष्मान खुराना, राजकुमार राव, श्वारा भास्करलगायत कलाकारले पुलिस ज्यादतीको विरोध गरेका छन् । तर नागरिकता कानुनको आलोचना देखिन्न । यहाँ उही डरले काम गरेको छ । अक्षयकुमार यसका उदाहरण हुन् । जामिया मिलिया इस्मालियाका विद्यार्थीको आन्दोलनको भिडियो *ट्वीटर*मा अक्षयकुमारले लाइक गरेपछि त्यसको 'स्क्रिनसट' छ्याप्छ्याप्ती पारियो । 'क्यानेडियन नागरिक अक्षयकुमारलाई वहिष्कार गरौँ' भन्ने अभियान नै चलाइयो । पछिल्लो समय मोदीसँग नजिक रहेका अक्षयकुमार आत्तिइहाले र माफी मागे, झुक्किएर लाइक भएको प्रस्टीकरण दिए । उनको लेखे, 'मैले डिसलाइक गरिसकेँ र त्यस्ता घटनाको समर्थन गर्दिनँ।' यसपछि अक्षयलाई विद्यार्थी समर्थक सामाजिक सञ्जाल प्रयोगकर्ताले 'डरपोक' को संज्ञा दिए। यसमा अनुराग कश्यपको प्रतिक्रिया थियो, 'पक्कै पनि।'

प्रकाश राज एक यस्ता कलाकार हुन्, जसले मोदी सरकार, भाजपा र हिन्दुत्वको





मन्त्र जप्नेहरूको तीखो आलोचना गरे। फिल्ममा प्रायः भिलेन बन्ने यी अभिनेताकी मित्र थिइन्, पत्रकार गौरी लंकेश । हिन्दु अतिवादविरुद्ध कलम चलाइरहेकी गौरीको दुई वर्षअगाडि गोली हानी हत्या गरियो। त्यसपछि प्रकाशको 'आगो अवतार' देखियो। हरेक मञ्चमा धर्मका नाममा मोदी सरकारको हर्कतप्रति सवाल उठाइरहे । त्यतिबेलै भन्न थालिएको थियो, 'अब प्रकाश राजले बलिउडमा काम पाउँदैनन् ।' नभन्दै भइदियो, त्यस्तै। बलिउडबाट अफर नआएको उनी आफैँले स्वीकारेका छन्। दुई वर्ष बित्यो, उनी हिन्दी फिल्ममा नदेखिएको । 'अघोषित निषेध' को सिकार भएका छन् । हिजोआज प्रकाश राजको आवाज त्यति सुनिन्न ।

लाग्छ, बलिउडकर्मीका लागि हिजोसम्म शिवसेना मात्र 'थ्रेट' थियो, अहिले भाजपा थपिएको छ। त्यसैले न कश्मीरमाथि सरकारी आतंक मच्चिँदा बोल्छन्, न त विद्यार्थीलाई रगतपच्छे बनाउँदा । ने

(एजेन्सीको सहयोगमा)

राज्यको अवधारणामा

दसौं लाख जनतालाई अनागरिक घोषणा गर्ने भारत र सिरियासँग जोडिएको भूभागमा बस्ने कुर्दहरूलाई खुलेआम देशद्रोही घोषणा गर्ने टर्कीको निर्णय राज्यको अवधारणामा आएको संकटका उदाहरण हुन् ।

सञ्जीव पोखरेल

आधुनिक राज्यको अवधारणा युरोपबाट सुरु भयो । राज्य भन्ने संस्थाको विकास हुनुपूर्व नगर नै आर्थिक, सामाजिक इकाइ थिए । नगर (सिटी) का बासिन्दालाई नागरिक (सिटिजन) भनिन्थ्यो । नगरमा सामान्य एलिट थिए र सामान्य मानिस थिए । नगरहरू मूलतः उत्पादन र व्यापारका आर्थिक केन्द्र थिए । कला, संस्कृति,धर्मका गतिविधि पनि नगर केन्द्रित थिए । नगरको यो विशिष्टता अझै युरोपका सहरमा प्रस्ट देखिन्छ ।

युरोपका एलिटहरूले नगरलाई समेटेर त्योभन्दा बृहत् र शक्तिशाली संरचना स्थापना गर्ने क्रम आजभन्दा लगभग हजार वर्षअघि सुरु भएको हो । नगर स्वयंमा सार्थक र पर्याप्त इकाइ नभएकाले बृहत् राज्य चाहिन्छ भन्ने बुझाइमा युरोपका एलिटले राज्य भन्ने संस्थाको परिकल्पना गरे । आकारमा ठूलो, नगरभन्दा बढी शक्तिशाली र नागरिकप्रति बढी उत्तरदायित्व भएको संस्था स्थापना गर्ने प्रक्रियाअन्तर्गत राज्य र साम्राज्यहरू स्थापना हुन थाले । स्थायी प्रकृतिको सेना, नीति निर्माण गर्ने प्रतिनिधिमूलक संस्था, सर्वसाधारणलाई न्याय सुनिश्चित गर्ने संयन्त्रको परिकल्पना र आम मानिसबाट राज्य सञ्चालनका लागि भनेर निश्चित योगदान संकलन गर्ने काम सुरु भयो ।

यो प्रक्रियासँगै नगरहरू कमजोर हुन थाले र राज्य बलिया, स्थायी र बृहत् संस्थाका रूपमा विकसित हुने क्रम सुरु भयो । तर नगरका ठाउँमा राज्यको अस्तित्व स्थापना गर्ने काम सजिलो थिएन । युरोपका एलिटहरूका निम्ति सर्वसाधारण मानिसबाट पैसा वा वस्तुमा राज्यका लागि योगदान संकलन गर्नु सजिलो थिएन । त्यसमाथि निश्चित नियम-कानुन मान्न मानिसलाई राजी गराउनु थियो । राज्यले आवश्यक परेको समय युद्ध गर्न र देशभित्रै हिंसाको प्रयोग गर्न पनि आम मानिसको सहभागिता र सहमति चाहिन्थ्यो ।

यसका लागि युरोपका एलिटहरूलाई राज्यको औचित्य स्थापना गर्न बलिया तर्कको आवश्यकता थियो । ती तर्कमध्येको एउटा प्रमुख तर्क सम्पत्तिको पुनर्वितरण थियो । नगर आर्थिक र सामाजिक इकाइ भएको अवस्थामा जनसंख्या धनीमानी एलिट र सर्वसाधारण नागरिक गरी दुई प्रस्ट समूहमा संगठित थियो । व्यापारिक-आर्थिक गतिविधिमा संलग्न एलिटसँग श्रम र सम्पत्तिमाथि अधिकार थियो । धार्मिक संस्था तथा तिनले विस्तार गर्ने ज्ञान उनीहरूकै नियन्त्रणमा थिए । सामान्य नागरिक उनीहरूको सम्पन्नता र मनोरञ्जनका लागि काम गर्थे । भूमि वा भौतिक सम्पत्तिमाथिको स्वामित्व बहसको विषय थिएन ।

राज्य स्थापनाको सन्दर्भमा एलिटहरूले सर्वसाधारण मानिसलाई पनि राज्यको सम्पत्तिमाथिका अधिकारीका रूपमा व्याख्या गरिदिए । राज्यले संकलन गर्ने योगदान र कमाउने सम्पत्तिमा आम मानिसको हक सुनिश्चित गर्ने प्रतिबद्धता राज्य स्थापनाको आधार थियो । सबै नागरिकबाट आफ्नो गच्छेअनुसार योगदान संकलन गर्ने र संकलित जम्मा रकम पुनः नागरिकको रक्षाका लागि खर्चिने उद्देश्य राज्यको मूल चरित्रका रूपमा परिभाषित भयो ।

आम नागरिकको कल्याणका लागि भनेर स्थापना गरिएका राज्यबाट एलिट र सर्वसाधारण दुवै लाभान्वित हुन पाए । एलिटका लागि राज्य आफ्नो आर्थिक र सामाजिक प्रभाव विस्तार गर्ने माध्यम बने । राज्य नामको बृहत् र शक्तिसम्पन्न इकाइ व्यापार विस्तार गर्न र श्रम तथा प्राकृतिक स्रोतमाथि नियन्त्रण गर्न सहज माध्यम बने । राज्यको अस्तित्व र स्वीकार्यता बढ्दै जाँदा युद्धका लागि आवश्यक पर्ने जनबल प्राप्त गर्न सहज भयो । यसबाट आर्थिक प्रभावका लागि थप मार्ग प्रशस्त भए ।

आज सम्पन्न देशका रूपमा परिचय कमाएका पश्चिमी युरोप र उनीहरूको प्रभावबाट सम्पन्न संसारका अन्य मुलुक यही सांगोपांगो रूपमा केही विविधताबीच सोही प्रक्रियाबाट गुज्रेका हुन् । तर राज्य स्थापना प्रक्रिया संसारमा सबैतिर समान थिएन । नेपाललगायत एसिया, अफ्रिका वा दक्षिण अमेरिकाका अधिकांश मुलुकमा राज्य तुलनात्मक रूपमा नयाँ इकाइ हुन् । आधुनिक राज्यको उनीहरूको अभ्यासको इतिहास अत्यन्त छोटो र रोचक छ ।

तेस्रो विश्व वा विकासशील देशका रूपमा चिनिने धेरै मुलुकहरू उपनिवेषबाट मुक्त हुने आन्दोलनको सफलतापछि आधुनिक राज्यका रूपमा स्थापना भए । ती मुलुकले उपनिवेशविरुद्धको विद्रोहका क्रममा राज्यको संरचना र यसका आवश्यक संस्थाको परिकल्पना गरे । स्वतन्त्रताको आन्दोलन सफल भएपछि स्थापित पश्चिममा राज्यका अनुभवलाई आधार बनाएर न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका, स्थायी प्रकृतिको सेना, राष्ट्रिय झन्डा, गीत, कथा आदिको सिर्जना गरे । आर्थिक सम्पन्नता हासिल गरेर नागरिकलाई सुखी र सुरक्षित बनाउने कार्यलाई नै राज्यको उद्देश्यका रूपमा व्याख्या गरे । उपनिवेशको प्रभावमा नपरेका र मुस्लिम, इसाई वा बौद्ध धर्मका आधारमा संगठित भएका विभिन्न मुलुकले पनि आधुनिक राज्यका संस्था र विधिविधानको अनुसरण गरे ।

देखिएका संकटहरू

प्रशस्त विविधताबीच आधुनिक राज्य स्थापनाको प्रक्रियामा दुई प्रवृत्ति देखिन्छन्। एउटा- पश्चिमा मुलुकले अनुभव गरेको लामो, स्वतस्फूर्त र बृहत्। अर्को गैरपश्चिमा राज्यले अपनाएको आकस्मिक, परिस्थितिजन्य र सिको गरिएको। विवाह भन्ने संस्था, दैनिकको खानेकुरा, वरपरको भौतिक परिवेश, धार्मिक मान्यतालाई धेरैले निरपेक्ष र चिरस्थायी ठान्छन्। त्यसैगरी राज्यको अस्तित्व पनि निर्विकल्प ठानिनु स्वाभाविक हो।

पछिल्लो समय राज्यको मूल चरित्रमा प्रशस्त परिवर्तन देखिन थालेको छ। यसले अवधारणागत अन्तर्विरोधलाई सतहमा ल्याएको मात्र होइन, राज्य भन्ने संस्थाको स्थायित्व र भविष्यबारे समेत शंका र अन्योल सिर्जना गरेको छ। यसो हुनुका पछाडि तीन प्रमुख कारण छन्।

पहिलो कारण हो- राज्यको अवधारणामा आएको संकट। राज्यको स्थापना गर्ने आधार वा यसको औचित्य पुष्टि गर्न प्रयोग गरिएका परम्परागत तर्क क्रमशः क्षयीकरण हुन थालेका छन्। सम्पत्तिको पुनर्वितरण तथा आम नागरिकको सुरक्षा र सहज जीवनयापन राज्यको मूल प्राथमिकताका हो भन्ने मान्यता संकटमा पर्न थालेको छ। राज्यहरू क्रमशः जातीय, नश्लीय, धार्मिक वा क्षेत्रीय इकाइका रूपमा परिभाषित वा विकसित हुने प्रवृत्ति बढेर गएको छ। परिणाम, राज्यमा नागरिकको सदस्यता, अर्थात् सिटिजनसिप, आज अभूतपूर्व संकटबाट गुज्रिरहेको छ। राज्यहरू आफ्नो तोकिएको सिमानामा बसोबास गर्ने नागरिकलाई समान अधिकार र अवसर दिने दायित्वबाट क्रमशः पछि हट्न थालेका छन्।

भारतले दसौं लाख मानिसलाई रातारात अनागरिक घोषणा गर्ने र टर्कीले सिरियासँग सिमाना जोडिएको भूभागमा बसोबास गर्ने कुर्द समुदायलाई खुलेआम देशद्रोही घोषणा गर्ने कार्य राज्यको अवधारणामा आएका संकटका उदाहरण हुन सक्छन्। अमेरिकाले मुस्लिम र काला जातिमाथि लक्षित गरेर बनाएका यात्रा वा सामाजिक सुरक्षासम्बन्धी नीति-नियमले उसले नागरिकताको परिभाषा सीमित गर्न चाहेको प्रस्ट हुन्छ। नेपाल पनि नागरिकता वितरण गर्ने कानुनमा पुरुष र महिलाका लागि असमान प्रावधान बनाउने मार्गमा उद्यत छ। राज्यहरू नागरिकताका लागि थप विशेषता खोज्न थालेका छन्।

राज्यको अवधारणाको क्षयीकरणको दोस्रो कारण हो- केही निश्चित मूल्य-मान्यतामा आएको ह्रास। आधुनिक राज्यको अवधारणामा यसको संरचनासँगसँगै केही निश्चित मूल्य-मान्यता अन्योन्याश्रित छन्। ती हुन्- नागरिकले प्रतिनिधि छान्न पाउने लोकतान्त्रिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता र विरोधको अधिकार, सम्पत्तिमाथिको अधिकार, न्याय र समानताको अधिकार, सूचनाको अधिकार।

पुराना आधुनिक राज्य मात्र नभएर उपनिवेशपछिको कालखण्डमा राज्यका रूपमा स्थापना भएका एसियाली, अफ्रिकी र दक्षिण अमेरिकी मुलुकले राज्यका यी मूल मान्यतालाई स्वीकारेका हुन्। पछिल्लो कालखण्डमा स्थापित आधुनिक राज्यहरू अधिनायकवाद वा तानाशाहीको चक्रमा फसे। लोकतन्त्र र राजनीतिक स्वतन्त्रता स्थापना गर्ने प्रक्रिया वा यसप्रतिको चाहना जीवित छ। मध्यपूर्वमा फैलिएको स्वतन्त्रताको आन्दोलन यस क्षेत्रमा आधुनिक राज्यको मान्यताप्रतिको विश्वास र भरोसाको उदाहरण हो। नेपालको ०६२-६३ को आन्दोलन र लोकतान्त्रिक प्रक्रियाबाट संविधान बनाउने कार्य लोकतन्त्र र राजनीतिक अधिकारको सुनिश्चितता गर्ने चाहनाको प्रतिविम्ब हुन सक्छ।

पछिल्लो समय आएर राज्यको अवधारणासँग जोडिएका मूल मान्यता र तिनसँग सम्बन्धित प्रक्रिया धरापमा परेका छन्। भारतले निर्वाचनमा प्रयुक्त विद्युतीय भोटिङ मसिनमाथि उत्पन्न विवादको निरुपण गर्ने तत्परता देखाएको छैन। निर्वाचनमा दलहरूले गर्ने अनियन्त्रित र गैरकानुनी खर्च त झनै परको कुरा भयो। अभिव्यक्ति स्वतन्त्रता नियन्त्रणका लागि विभिन्न प्रकारका नयाँ प्रावधान तथा आधुनिक सूचना प्रविधिको उपयोग गर्न थालिएको छ। विभिन्न देशका सरकारहरू सूचना लुकाउने नयाँ र सिर्जनशील उपायको खोजीमा छन्। नेपालका राजनीतिक पार्टीहरूले आम मानिसको न्याय सुनिश्चित गर्न स्थापित न्यायालयलाई जानीबुझी कमजोर र प्रभावहीन बनाएका छन्। शान्तिपूर्ण विरोध तथा प्रदर्शनमाथि राज्यको रवैया झनै अनुदार र हिंस्रक हुन थालेको छ।

राज्यको अवधारणा कमजोर हुने तेस्रो कारण हो- नेतृत्वको क्षयीकरण। राज्य संरचना मात्र नभएर अवधारणा र आदर्श पनि हो। यसको अस्तित्व नागरिक र राज्य सञ्चालन गर्नेहरूको परस्पर समन्वय र सहमतिमा टिकेको हुन्छ। यो सहमतिका विभिन्न आधारमध्ये एउटा बलियो आधार राजनीतिक नेतृत्वको क्षमता र सुझबुझ हो।

तर वर्तमानमा राजनीतिक नेतृत्व अत्यन्त संकीर्ण, सतही र अप्रभावकारी देखिन थालेको छ। स्पष्ट दृष्टिकोण नभएका र लोकतान्त्रिक राज्यका आदर्शमा विश्वास नगर्ने मानिस नेताका रूपमा उदाएका छन् र राज्य सञ्चालनको जिम्मेवारी हात पार्न सफल पनि हुन थालेका छन्। राजनीतिक नेतृत्वले दीर्घकालीन वा सुझबुझपूर्ण दृष्टिकोणभन्दा पनि आम मानिसका भय, घृणा र अविश्वासलाई आफ्नो फाइदाका रूपमा उपयोग गर्ने प्रवृत्ति बढेर गएको छ। आप्रवासी, अल्पसंख्यक वा पृथक धार्मिक समूहबाट उत्पन्न हुन सक्ने असुरक्षालाई मतमा रूपान्तर गर्ने प्रवृत्ति जर्मनी, बेलायत, फ्रान्सजस्ता युरोपेली वा उत्तर अमेरिका र अस्ट्रेलियासम्म फैलिएको छ। नेपालमा विकसित पश्चिमा देशजस्तो हुन नसकेको आत्मग्लानिलाई मलजल गर्ने र यस्तो मुलुक बनाउनु नै राज्यको एक मात्र उद्देश्य हो भनेर तर्क गर्ने शैली नेतृत्व विकासको मूल प्रवृत्ति बन्न थालेको छ। यसले राज्यको मूल मर्म र नागरिक तथा राज्यबीचको सम्बन्धलाई धरापमा पारेको छ।

राजनीतिक विकासक्रम सरसर्ती हेर्दा र तिनले संकेत गर्ने प्रवृत्ति आकलन गर्दा राज्यको अवधारणाले अभूतपूर्व संकटको सामना गरिहरेको प्रस्ट देख्न सकिन्छ। राज्य भन्ने संस्था कालान्तरमा थप कमजोर र प्रभावहीन हुने हो कि भन्ने शंका उत्पन्न भएको छ। यसो भए अभूतपूर्व द्वन्द्व र असुरक्षाको परिस्थिति उत्पन्न हुन सक्छ। प्रारम्भिक संकेत देखिन थालिसकेकाले राज्य र सम्बन्धित मूल मान्यतालाई राजनीति र राज्य सञ्चालनको केन्द्रमा राख्न सबैले प्रयत्न गर्नु जरुरी छ। ने

अमेरिकाको तिब्ब



नेपालमा रहेका तिब्बती शरणार्थी अमेरिकी प्राथमिकतामै

मनबहादुर बस्नेत

नेपालका लागि नवनियुक्त अमेरिकी राजदूत र्‍यान्डी बेरीले राष्ट्रपति विद्यादेवी भण्डारीलाई ओहोदाको प्रमाणपत्र बुझाए, ०७५ कात्तिक पहिलो साता । त्यहाँबाट निस्किएर बेरी शीतलनिवास नजिकैको आफ्नो दूतावासतिर छिरेनन्, उनको गाडी सरासर लाजिम्पाटतिर छड्कियो अनि गडेन खाङसेरभित्र पस्यो ।

खाङसेर अर्थात् नयाँ घर । यो निर्वासित तिब्बती धार्मिक नेता दलाई लामाको नेपाल प्रतिनिधिको कार्यालय हो । यहाँ बेरीले दलाई लामाका प्रतिनिधि छुल्ट्रिम ग्याल्सोसँग आधा घन्टा भलाकुसारी गरे ।

'यसबाट प्रस्ट हुन्छ कि अमेरिकी प्राथमिकतामा तिब्बती शरणार्थीहरू रहेको कुरा,' नेपाल प्रहरीको विशेष ब्युरोले १९ वैशाख ०७६ मा तयार पारेको एउटा गोप्य रिपोर्टमा लेखिएको छ ।

ब्युरोको रिपोर्टअनुसार बेरीले आफ्नो पदभार ग्रहण कार्यक्रममा दूतावासका कर्मचारीलाई सम्बोधन गरेको भाषा झनै झस्काउने खालको थियो । बेरीको भनाइ उद्धृत गर्दै रिपोर्टमा लेखिएको छ, 'म अरूजस्तो सानोतिनो कुरामा अल्झिएर बस्ने होइन, यहाँको टपटपसँग सीधै डिल गरेर काम गर्ने हो ।' 'काम गर्ने' भनेर बेरीले तिब्बत मामिलालाई इंगित गरेको ब्युरोको रिपोर्टमा उल्लेख छ ।

सन् १९५९ मा दलाई लामा तिब्बतबाट भागेर भारत पुगेपछि स्वतन्त्र तिब्बतको माग गर्दै आएका छन् । चीनले भने तिब्बतलाई आफ्नो अभिन्न भूमि भएको दाबी गर्छ । स्वतन्त्र तिब्बत पक्षधरलाई भारत, अमेरिकालगायत पश्चिमा मुलुकको भौतिक र आर्थिक साथ भएको छलंग छ । यस्तो पृष्ठभूमिमा स्वतन्त्र तिब्बतका पक्षधरले नेपाललाई आफ्नो नीति लागू गराउने भूमिकाे रूपमा प्रयोग गर्दै आएका छन् ।

ब्युरोको रिपोर्टले अमेरिकाले नेपाली भूमिमा तिब्बती शरणार्थीलाई आफूअनुकूल प्रयोग गर्न चाहेको प्रस्ट सन्देश दिएको छ । अझ अमेरिकाले पछिल्लो समय ल्याएका तिब्बतलक्षित कानुनले नेपाल झनै सचेत हुनुपर्ने देखिन्छ । ०७५ पुसमा अमेरिकाले जारी गरेको एसियालाई आश्वस्त पार्ने पहलसम्बन्धी ऐनले त सन् २०२३ सम्म नेपाल र भारतमा रहेका शरणार्थीका लागि वार्षिक डेढ अर्ब डलर खर्चिने लक्ष्य लिएको छ । सन् २००२ मा ल्याएको तिब्बत नीति ऐनसमेत परिमार्जन गरेको छ, वासिङ्टनले । यसअन्तर्गत शरणार्थीका लागि आर्थिक सहयोग भारी वृद्धि गर्ने भनिएको छ ।

अवैध कार्यालय

दूतावास पुग्नुअघि राजदूत बेरी छिरेको त्यही घर हो, जसलाई डेढ दशकअघि नेपाल सरकारले अवैध ठहर्‍याएको थियो । ८ माघ ०६८ मा काठमाडौं प्रशासनले दर्ताबिना सञ्चालन गरेको भन्दै निर्वासित सरकारको कार्यालय बन्द गर्न पत्र दिएको थियो । तत्कालीन युवराज पारस शाह र पर्यटनमन्त्री दीपकुमार उपाध्याय चीन जाँदा चीनले दलाई लामाको कार्यालयबारे चासो देखाएपछि सरकारले अवैध करार गरेको थियो ।

लगत्तै राजा ज्ञानेन्द्र शाहले सैन्यबलमा शासन हत्याए । शाहीकालभर बन्द कार्यालय गणतन्त्र स्थापनापछि आश्चर्यजनक रूपमा पुनः खुल्यो । दलाई लामाको प्रतिनिधि कार्यालय नभनी तिब्बती शरणार्थी कल्याणकारी कार्यालयको नामबाट चलेको यसका प्रमुख छुल्ट्रिम ग्याल्छो बताउँछन् । दर्ता भने नभएको उनले पुष्टि गरे । भन्छन्, "यहाँ हाम्रो कार्यालय छ भन्ने सबैलाई थाहा छ ।" एक पटक अवैध भनेर बन्द गरिएको कार्यालय पुनः के आधारमा खोलियो ? गृह मन्त्रालयका प्रवक्ता एवं सहसचिव केदारनाथ शर्माले आफूलाई यसबारे थाहा नभएको प्रतिक्रिया दिए ।

सरकारले यो कार्यालय बन्द गराएपछि १२ असोज ०६३ मा अर्को संस्था खोलिएको थियो, भोटा कल्याणकारी समाज । ठमेल ठेगाना भएको यो संस्था दलाई लामाको प्रतिनिधि कार्यालय भएको भन्दै चिनियाँ दूतावासले विरोध जनाएपछि एक महिनापछि नै प्रशासनले 'गृह मन्त्रालयलगायत सम्बन्धित निकायको स्वीकृति एवं राय नलिई दर्ता गरिएको' कारण देखाएर संस्था खारेज गरिदियो । यो संस्था ताम्दिङ दोर्जे तुलाधरको अध्यक्षतामा दर्ता भएको थियो ।

नेपाली बाबु र तिब्बती आमाबाट जन्मिएका तुलाधर ०६९ मा दलाई लामाको नेपाल प्रतिनिधि चुनिएका थिए । यो निर्णयविरुद्ध तुलाधर सर्वोच्च अदालतमा रिटमार्फत पुगे । तर सर्वोच्चले २८ माघ ०६४ मा 'नेपालीको हितमा नभई नवप्रवेशी भोटा र नवप्रवेशी शरणार्थीको हितमा काम गर्ने संस्था भएकाले छिमेकी राष्ट्रसँगको सम्बन्धमा खलल पुग्ने' भन्दै रिट खारेज गरिदियो । सर्वोच्चलाई चिनियाँ दूतावासले भोटा कल्याणकारी समाज दलाई लामाको गैरसरकारी संस्था भएकाले चीनविरोधी क्रियाकलाप गर्ने भन्दै पत्र नै पठाएको थियो ।

यसबाहेक स्वयम्भूमा तिब्बती शरणार्थी रिसेप्सन सेन्टर छ । अहिले रिसेप्सन सेन्टरसमेत दलाई लामाका प्रतिनिधि ग्याल्छोको संरक्षणमा सञ्चालन भइरहेको तिब्बती शरणार्थी कल्याणकारी कार्यालयका सचिव कर्मा ग्याल्सेन

त कार्ड

एजेन्सी

धर्मगुरु दलाई लामा तिब्बती
शरणार्थी तथा विदेशी शुभचिन्तकसँग
धर्मशाला, भारत

nepalmag.com.np

बताउँछन् । सेन्टरमा तिब्बतबाट भागेर आएका शरणार्थीलाई केही समय राखेर दलाई लामा बस्ने भारतको धर्मशाला निर्वासनमा पठाइन्छ । सेन्टरसमेत दर्ता नभई सञ्चालनमा छ ।

फरक-फरक तथ्यांक

दलाई लामा निर्वासित भएपछि नेपालमा तिब्बती शरणार्थी भित्रिए । यसरी आउनेलाई नेपालले केही समयसम्म शरणार्थीको दर्जा दियो । सन् १९८९ देखि जिल्ला प्रशासन कार्यालयमार्फत बाँडिने शरणार्थी परिचयपत्र दिन त छाडियो तर तिब्बतीको आगमन भने रोकिएन । यसरी सन् १९८९ पछि आउने तिब्बती नेपाल बसोबास गर्न थाले, शरणार्थीको हैसियतबिनै । कतिपय भारत पुगे ।

नेपालमा तिब्बती शरणार्थीको संख्या अद्यावधिक नगरिएकाले सरकारी निकायबीच नै तथ्यांक बाझिन्छ । गृह मन्त्रालयका अनुसार साढे १२ हजार तिब्बती शरणार्थी छन् । तर नेपाल प्रहरी विशेष ब्युरोको तथ्यांकमा भने १३ हजार ५ सय ४७ जना परिचयपत्र वाहक र ७ हजार परिचयपत्रबिनै बसोबास गरिरहेका छन् । प्रहरीको अर्को तथ्यांकमा भने देशभरका शरणार्थी शिविरमा ८ हजार १ सय १६ तिब्बती रहेको उल्लेख छ ।

सरकारी निकायबीच नै तथ्यांक बाझिएकाले हुन सक्छ, गृहमन्त्री रामबहादुर थापाले आफ्नो कार्यकाल एक वर्ष पूरा गरेपछि तिब्बती शरणार्थीसम्बन्धी तथ्यांक पुनरावलोकन गरिने सार्वजनिक गरेका थिए तर अहिलेसम्म प्रगतिशून्य छ । मन्त्रालयका प्रवक्ता शर्मा भन्छन्, "पुरानो तथ्यांक विद्युतीय प्रणालीमा अद्यावधिक भइरहेको छ । नयाँ तथ्यांक संकलन गरिएको मलाई जानकारी छैन ।"

यसबाटै प्रस्ट हुन्छ, राज्यसँग तिब्बती शरणार्थीको डाटाबेस नै छैन । ताप्लेजुङ, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, काठमाडौं, ललितपुर, कास्की, तनहुँ, बाग्लुङ, मुस्ताङमा तिब्बती शरणार्थी शिविर छन् । तर परिचयपत्र बाँड्न छाडेकै तीन दशक भएकाले ती शिविरमा कति बस्छन् भन्ने अभिलेख राज्यसँग छैन । कतिपयले अवैध बाटोबाट नेपाली नागरिकता लिइसके । शरणार्थीले भने आफूहरूलाई परिचयपत्र दिनुपर्ने माग गर्दै आएका छन् । निर्वासित सरकारका नेपाल प्रतिनिधि ग्याल्छो भन्छन्, "परिचयपत्र नहुँदा हामीलाई शिक्षा, स्वास्थ्य र रोजगारीमा असहज भइरहेको छ । सरकारले किन शरणार्थीको परिचयपत्र नदिएको हो, बुझ्न सकिएन ।"

तिब्बती शरणार्थीलाई सहयोग गर्ने अमेरिकालगायत पश्चिमा मुलुकले समेत शरणार्थीको परिचयपत्र दिनुपर्ने दबाब नेपाललाई दिँदै आएका छन् । राष्ट्रिय अनुसन्धान विभाग (एनआईडी) का पूर्वप्रमुख देवीराम शर्माका अनुसार नयाँ परिचयपत्र बाँडे तिब्बतीको संख्या बढ्ने र त्यसले चीनलाई दबाब सिर्जना हुने पश्चिमा मुलुकको आकलन छ । भन्छन्, "हाम्रो राष्ट्रिय हितरक्षा कसरी हुन्छ, सोहीअनुसार काम गर्नुपर्छ । कसैको दबाबमा होइन ।"

खतरालाई निम्तो

नेपालले तिब्बतलाई चीनको अभिन्न अंगका रूपमा मान्यता दिएको छ । अर्थात्, एक चीन नीतिमा नेपाल अडिग छ । यसले तिब्बतबाट भागेर आएका तिब्बती मूलका चिनियाँलाई शरणार्थीको परिभाषाभित्र समावेश गर्ने वा नगर्ने सम्बन्धमा सरकार द्विविधामै छ । पहिलेको तुलनामा नेपालले तिब्बतीको अवैध आगमनलाई पूरापूर कडाइ पनि गरेको छ । त्यस्तो आगमन ठप्प भने छैन । वार्षिक एक सयदेखि डेढ सयसम्म तिब्बती भागेर नेपाली भूमिमा छिर्छन् । यसरी भागेर आएका अवैध मानिन्छन् । सीमाबिन्दुमै पक्राउ परे प्रहरीले तत्काल चीन फर्काइदिन्छ । मुख्य भूमिमा आएपछि समातिए अध्यागमन

जसले शंका जन्मायो...

०६६ — धर्मशालामा माननीय
राजकिशोर यादव, विश्वनाथप्रसाद यादव, आशाकुमारी सरदार (फोरम), विश्वेन्द्र पासवान (दलित जनजाति पार्टी) र रुक्मिणी चौधरी (लोकतान्त्रिक राष्ट्रिय मञ्च)

०६७ — धर्मशालामा माननीय
हर्षजित लामा, ललिता किङरिङ मगर (नेपाली कांग्रेस) र ओमप्रकाश यादव (फोरम)

०६८ — गृहमन्त्रीको निर्देशन
तिब्बतबाट भागेर आएका २१ तिब्बती गृहमन्त्री विजय गच्छदारको आदेशमा सुटुक्क भारत निर्वासित

०७३ — विवादमा देउवा
दलाई लामाले भिडियो सन्देश पठाएको र निर्वासित तिब्बती सरकार प्रमुख सम्मिलित कार्यक्रममा कांग्रेस सभापति देउवा सहभागी । चीनको असहमति

०७६ — स्वतन्त्र तिब्बतको कार्यक्रममा माननीय
समाजवादी पार्टीका प्रदीप यादव र राजपाका इकवाल मियाँ

ती आत्मदाह

1. **२४ कात्तिक ०६८** — भुटुक नामक तिब्बतीबाट बौद्धनाथ स्तुपामा आत्मदाह प्रयास, घाइते
2. **२ फागुन ०६९** — ड्ुप्चेन छिरिङद्वारा बौद्धनाथमा आत्मदाह
3. **२२ साउन ०७०** — कर्मा ङेदोन ग्यात्सोद्वारा आत्मदाह

तिब्बती सक्रिय हुने रुट

कार्यालयलाई बुझाइदिन्छ ।

अध्यागमन विभाग स्रोतका अनुसार यसरी पक्राउ परेका तिब्बतीलाई अवस्था हेरेर व्यवहार गरिन्छ। चिनियाँ पक्षले चाल पाए चीन पठाइदिने र चाल नपाए शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यालय (युनएनएचसीआर) लाई बुझाइदिन्छ। युनएनएचसीआरले शरणार्थीको अस्थायी परिचयपत्र दिन्छ र स्वयम्भूस्थित रिसेप्सन सेन्टरमा पठाउँछ। युनएनएचसीआरकै मध्यस्थतामा 'ट्राभल डकुमेन्ट' बनेपछि तिब्बतीलाई धर्मशाला पुर्‍याइन्छ ।

युएनएचसीआर र नेपाल सरकारबीच भएको अनौपचारिक समझदारीअनुसार यो काम हुने गर्छ। नेपालमा युएनएचसीआर सन् १९६० मा खुले पनि १३ वर्षपछि फेरि बन्द भएको थियो । तिब्बतीलाई परिचयपत्र दिन रोकिएकै वर्ष फेरि युएनएचसीआरको कार्यालय खोलियो । "तिब्बत फर्काउँदा उसलाई झन् अप्ठेरो पर्ने भएकाले भरसक हामी पठाउन चाहँदैनौं," अध्यागमनका एक अधिकारी भन्छन्, "व्यावहारिक हिसाबले चल्नुपर्ने बाध्यता छ।"

भारत निर्वासित भएका तिब्बतीलाई पुनः नेपाल फर्कन भने कुनै रोकतोक हुँदैन। नेपालमा स्वतन्त्र तिब्बतको गतिविधि गर्न धर्मशालाबाट जनशक्ति ल्याइन्छ। सन् २००८ मा चीनमा ओलम्पिक आयोजना हुँदा धर्मशालाबाट नेपाल आएर आन्दोलन गरेका थिए । त्यसबेला नेपालमा लगातार तीन महिना तिब्बतीले आन्दोलन चर्काएका थिए। सगरमाथामा स्वतन्त्र तिब्बतको झन्डा फहऱ्याउने उनीहरूको योजना थियो । त्यसलाई रोक्न सगरमाथा आधार शिविरलगायत चीनसँगको केही सीमामा नेपाली सेना परिचालन गर्नु परेको थियो । सगरमाथा क्षेत्रबाट सेनाले केही तिब्बतीलाई पक्राउ गरेको थियो ।

यसबाट जुनसुकै बेला नेपाललाई आप्रवासी तिब्बतीले आफ्नो सक्रियताको थलो बनाउन सक्ने देखिन्छ। अझ विसं २०२० को दशकमा भएको खम्पा विद्रोहमा तिब्बतीले नेपाली भूमि नै प्रयोग गरेका थिए। अमेरिकी खुफिया संस्था सीआईएको योजनामा नेपालबाटै चीनविरुद्ध खम्पाले सशस्त्र युद्ध छेडेका थिए। "दलाई लामाको निर्वासित सरकारले लिएका नीति कार्यान्वयन गराउने फ्रन्टलाइनका रूपमा नेपाललाई प्रयोग गर्छन्," लामो समय विशेष ब्युरोमा काम गरेका पूर्वएआईजी बमबहादुर भण्डारी भन्छन्, "तिब्बत मामिला चर्काउने नीति लियो भने स्वतः नेपालमा त्यसको असर देखिन्छ। अहिले खास गतिविधि नदेखिनु हाम्रो सुरक्षा कडाइले मात्र नभएर धर्मशालाको नीतिको कारण पनि हुन सक्छ।"

नेपालमा दलाई लामाको निर्वासित सरकारलाई सघाउने भगिनी संगठनसमेत सक्रिय छन्, खासगरी तिब्बती युथ कंग्रेस र तिब्बती महिला संगठन। एनआईडीका पूर्वप्रमुख शर्माका अनुसार युथ कंग्रेस निर्वासित सरकारको लडाकु संस्था हो। केही समयअघिसम्म पाल्देन लामा नेपालमा युथ कंग्रेसकी अध्यक्ष थिइन्, अहिले भने यासी चाइपेल (पासाङ छिरिङ) अध्यक्ष छन् । महिला संगठनको अध्यक्ष भने सोनाम छोमा छिन् । पोखरामा समेत महिला संगठनको सञ्जाल सक्रिय छ। विशेष ब्युरोको एक अभिलेखअनुसार नेपालमा दलाई लामाका झन्डै दर्जन भगिनी संगठन सक्रिय छन् । त्यसबाहेक स्नो लायन फाउन्डेसन पनि तिब्बत मामिलामा सक्रिय संस्था हो । *(हेरौं, इन्फो)*

एकातिर स्वतन्त्र तिब्बतको लक्ष्य बोकेका संगठन नेपालमा सक्रिय छन् भने अर्कातिर हाम्रा राजनीतिक नेताहरूसमेत त्यस्ता मामिलामा मुछिएका घटना थुप्रै छन् । ०६६ मा मधेसी जनअधिकार फोरमका तीन जना, तराई मधेस लोकतान्त्रिक पार्टी, दलित जनजाति संघीय पार्टी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका एक-एक गरी आधा दर्जन सभासद् दलाई लामा भेट्न धर्मशाला पुगेका थिए ।

यो क्रम यत्तिमै टुंगिएन, लगत्तै अर्को वर्ष जेठमा नेपाली कांग्रेस र फोरमका तीन सभासद्ले धर्मशाला टेके । ०७६ वैशाखमा त सरकारमा सामेल उपेन्द्र यादवको दल समाजवादी पार्टीका सांसद प्रदीप यादव र राष्ट्रिय जनता पार्टीका इकबाल मियाँ

नेपालमा सक्रिय तिब्बती संगठन

- न्यु एज नेटवर्क
- ५९ मेमोरी ग्रुप
- ग्यु-चु-सुम मुभमेन्ट अफ तिब्बत
- स्टुडेन्ट फर फ्रि तिब्बत
- टिम तिब्बत २००८
- तिब्बत युथ क्लब
- वान वर्ल्ड वान हर्ट फाउन्डेसन
- स्नो लायन फाउन्डेसन

तिब्बतीको विरोध-पात्रो

६ जुलाई — जन्मोत्सव
१९३५ जुलाई ६ दलाई लामाको जन्मदिन

२८ मार्च — कालो दिवस
चीनले तिब्बत कब्जामा लिएको दिन । चीनले भने यो दिनलाई मुक्ति दिवस मान्छ

१४ मार्च — सहिद दिवस
२००८ मार्च १४ मा तिब्बतमा दंगा हुँदा थुप्रैको ज्यान गएको दिन

१० मार्च — मुक्ति दिवस
१९५९ मार्च १० मा चीनबाट तिब्बतलाई मुक्त गराउन दलाई लामाले भारतमा शरण लिएका

स्वतन्त्र तिब्बतसम्बन्धी कार्यक्रममा भाग लिन लाट्भिया पुगे । समाजवादीका यादवलाई त पार्टीले कारबाही नै गऱ्यो । ०७३ कात्तिकमा कांग्रेस सभापति शेरबहादुर देउवासमेत गोवाको विवादास्पद कार्यक्रममा सहभागी भएपछि पार्टीले विज्ञप्ति निकालेर एक चीन नीतिप्रति अडिग रहेको धारणा सार्वजनिक गर्नु परेको थियो ।

देउवा भारतीय जनता पार्टी समर्थित राष्ट्रिय स्वयंसेवक दल (आरएसएस) को थिंक ट्यांक इन्डिया फाउन्डेसनले आयोजना गरेको कार्यक्रमका लागि भारत पुगेका थिए । त्यसबेला तिब्बती सरकार प्रमुख (प्रधानमन्त्रीसरह) लोप्साङ सांगेसँगै सहभागी भएका थिए भने दलाई लामाले कार्यक्रममा भिडियो सन्देश पठाएका थिए ।

पञ्चायतकालमा स्वतन्त्र तिब्बतका गतिविधि कम हुन्थे । प्रजातन्त्र स्थापनासँगै नेपालमा स्वतन्त्र तिब्बत पक्षधरको सक्रियता एक्कासि बढ्यो । प्रजातन्त्र पुनः स्थापनाको सुरुमै ०४७ मा नेपालले फ्रि तिब्बत दिवस मनाउन दियो । सोही वर्ष तिब्बती नेता दलाई

नेपालका लागि अमेरिकी राजदूत ग्यान्डी बेरी

लामालाई नेपाल भ्रमणको स्वीकृति दिएको थियो, अन्तरिम सरकारले । तर चिनियाँ दूतावासले दबाब दिएपछि त्यो भ्रमण रोकियो ।

०४७ मै प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले विवादास्पद तिब्बत बौद्ध प्राज्ञ अनुसन्धान तथा प्रकाशन संस्था उद्घाटन गरेका थिए भने सन् १९९२ मार्च १० मा होटल याक एन्ड यतीमा भएको फ्रि तिब्बत दिवस कार्यक्रममा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका सल्लाहकार दीर्घराज कोइराला पुगेका थिए ।

विसं ०५० को दशकमा त नेपालमा अवैध तिब्बतीको ओइरो नै लागेको थियो । बर्सेनि ४-५ हजार तिब्बती नेपाल प्रवेश गर्थे । अहिले सोही स्तरमा तिब्बती नेपाल नछिरे पनि नेपाली भूमिलाई आधार बनाएर तिब्बत मामिला उक्साउने खतरा भने टरेको छैन ।

आफ्नो सुरक्षा रणनीतिअनुसार भारतले दलाई लामालाई ससम्मान आश्रय दिएको हो । बदलामा चीनले भारतको उत्तरपूर्वी राज्यका पृथकतावादी समूह युनाइटेड लिबरेसन फ्रन्ट अफ असम (उल्फा) लाई साथ दिएको भारतीय आरोप छ । उल्फाका प्रमुख परेश बरुवालगायत नेतालाई चीनले आश्रय दिएको मानिन्छ । अमेरिकाले युरोपियन मुलुक, जापान, अस्ट्रेलिया र भारतसँग मोर्चा कसेर विश्वशक्तिको होडमा अगाडि बढिरहेको चीनलाई कमजोर पार्ने ध्येयसहित इन्डो-प्यासिफिक रणनीति अगाडि सारेको छ । र, यस क्षेत्रमा मानव अधिकार, प्रजातन्त्र र विकासका नाममा आर्थिक लगानीसमेत थपिरहेको छ ।

६ दशकसम्म शरणार्थी जीवन बिताउन बाध्य तिब्बतीका लागि स्वतन्त्रताको सपना पक्कै मीठो होला । तर त्यो उद्देश्यका लागि भूराजनीतिक जोखिमको मुलुक नेपाल प्रयोग हुनु हाम्रा लागि झनै खतरनाक हुन सक्छ । विशेष ब्युरोको रिपोर्टमा यसको संकेत गरिएको छ, 'तिब्बती शरणार्थीहरू अमेरिकाको प्राथमिकतामा रहेको र बर्सेनि लगानी पनि बढाइरहेको अवस्थामा उनीहरूलाई आफूअनुकूल प्रयोग गर्न सक्ने देखिन्छ ।'

तिब्बतबाट भागेर आएको पुस्ता निख्रिने चरणमा छ । नेपालमै जन्मिएकाहरू पुनः तिब्बत फर्कन्छन् भन्नेमा शंका छ किनभने उनीहरूले यहाँ राम्रै आर्थिक हैसियत जमाएका छन् । खामबाट आएका बाबु र मुस्ताङ नजिकैको डारीबाट आएकी आमाबाट काठमाडौँमा जन्मिएका हुन्, दलाई लामाका नेपाल प्रतिनिधि छुल्ट्रिम । तिब्बत फर्कने कल्पना गर्नुहुन्छ भनेर सोध्दा उनी केही बेर अकमकिए र भने, "भोलिको परिस्थिति कस्तो हुन्छ, थाहा छैन ।" यत्तिचाहिँ पक्कै थाहा छ- भारत, चीन र अमेरिकाको सामरिक स्वार्थबाट कुशलतापूर्वक बच्नु नेपालका लागि चुनौतीपूर्ण हुनेछ । "हामी नेपालको भूराजनीतिक बाध्यता बुझ्छौँ," उनी थप्छन्, "सबै तिब्बतीलाई चीनविरोधी देख्नुभएन । नेपाल सरकारसँग हाम्रो अविश्वासको वातावरण छ ।" ने

'हामीले जे गरे पनि चीनविरोधी ठान्ने ?'

– छुल्ट्रिम ग्याल्छो, *दलाई लामाका नेपाल प्रतिनिधि*

सन् १९८९ अघि छिरेकाहरूको बालबच्चासमेत शरणार्थी परिचयपत्रविहीन छन् । उनीहरूको जन्मदर्ता प्रमाणपत्र मात्रै छ । यसले हाम्रो जीवनवृत्तिमै असर पारिरहेको छ । नेपाल सरकारसँग हाम्रो अविश्वासको वातावरण छ । जुन देशमा बस्यो, त्यो देशको कानुन पालना गर्नुपर्छ । गरिरहेका छौँ । कार्पेट हामीले भित्र्यायौँ । पछि उद्योगकै रूपमा विकास भयो तर नेपाल सरकारले हामीलाई मानिसको परिचयपत्र पनि दिएन । हामीलाई किन शंका गर्नु ? हामीले हाम्रो समुदायको शिक्षा, स्वास्थ्य हेर्ने हो । राजनीति केही हुँदैन । मताधिकार मागेका छैनौँ । माग्ने पनि छैनौँ ।

विश्वभरका हाम्रो समुदायको धार्मिक गुरु हुन्, दलाई लामा । उनको जन्मदिन मनाउन दियो भने हाम्रो धार्मिक आस्थामा ठेस पुग्दैन । दीर्घायुको कामना, खादा चढाउने र पूजा गर्ने मात्र हो हामीले, त्यसबेला । यति पनि गर्न नपाउने ? यो पालि सरकारले रोकिदियो । स्वयम्भूमा गर्ने तयारी थियो । हामीले जे गरे पनि चीनविरोधी हुने ? हामीले धार्मिक अधिकार मात्र खोजेको हो । समाज हो, केही नराम्रा व्यक्ति हुन सक्छन् । तिब्बती भन्नासाथ चीनविरोधी भन्छ, नेपाल सरकारले । हामी चीनविरोधी हौँ तर नेपालमा त्यस्ता गतिविधि गर्दैनौँ । बललाई भुइँतिर बेस्सरी बजाऱ्यो भने त उफ्रन्छ ।

यहाँको सरकारले अधिकार दियो भने विरोध गर्छौं । ०४७/४८ मा दिएको थियो, खुला विरोध गऱ्यौँ । अहिले बन्देज लगाएको छ, गरेका छैनौँ । समयअनुसार चल्ने हो । सी चिनफिङको नेपाल भ्रमण भयो । हामीलाई विरोध गर्न मन थियो तर नेपाललाई अप्ठेरो नपरोस् भनेर त्यसो गरेनौँ । हामी नेपालको कानुनभन्दा माथि जान चाहँदैनौँ ।

THE ORIGINAL
XXX RUM
Khukri
SINCE 1959
Khukri
XXX Rum
NEPAL'S FINEST
FULLY MATURED RUM
SINCE 1959
Khukri
XXX Rum
खुकुरि XXX रम
PRODUCT OF NEPAL
EXCELLENT.
SMOOTH.
FULLY MATURED
IN WOODEN VATS.
वर्षौंदेखि सर्वप्रिय
www.khukrirum.com
khukrirumnepal
@khukrirum
Enjoy responsibly.

'मिनी संसद्' मा सरकारी छाया

प्रधानमन्त्री र मन्त्रीको अर्घेल्याइँमा संसदीय समितिहरू

योगेश ढकाल

संसदीय समिति राज्य व्यवस्था तथा सुशासन समिति, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोकसेवा आयोगबीच रस्साकस्सी चलिरहेको थियो, ०७६ जेठ अन्तिम साता। त्यो पनि स्थानीय तहका लागि प्रकाशित विज्ञापनको मुद्दामा मिनी संसद् अर्थात् संसदीय समिति विज्ञापन असमावेशी भएको भन्दै विरोधमा मात्र थिएन, रद्द गर्नुपर्ने अडानमा थियो। त्यसै कारण तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितलाई पटक-पटक छलफलका लागि बोलायो। मन्त्री समय अभाव देखाएर २० जेठको बैठकमा गएनन्।

२४ जेठ बिहान र बेलुकी बसेका दुई बैठकमा पनि मन्त्री पण्डितलाई बोलाइएको थियो। तर मन्त्रालयमै भएर पनि सय मिटर परको राज्य व्यवस्था समिति बैठकमै गएनन्। अन्तिम मौका भनिएको बैठकमा समेत मन्त्री पण्डित नआएपछि निर्देशन गर्नुको सट्टा फेरि ३ दिनपछि २७ जेठलाई बोलाउने निर्णय गरियो। समितिले बोलाएको चौथो पटकमा मात्रै गएका मन्त्री पण्डितले लोकसेवाको विज्ञापन रद्द नहुने अडान मात्रै राखेनन्, सांसदहरूको भूमिकामै प्रश्न उठाए।

समितिले विज्ञापन समावेशी बनाउन त निर्देशन दियो तर त्यो निर्देशन न मन्त्रालयले मान्यो, न त लोकसेवा आयोगले। यी सबै सन्दर्भसँग जोडिएकी सभापति शशी श्रेष्ठ भने संसदीय समितिमा सरकारी छायाको प्रभावबारे बोल्नै चाहन्नन्। नागरिकता विधेयक र कर्मचारी समायोजन विधेयकमा पनि सरकारी दबाब तथा प्रभाव प्रशस्त परेको देखिन्छ। सरकारको दबाबकै कारण अघिल्लो अधिवेशनमा टुंगो लाग्नुपर्ने नागरिकता विधेयक समितिले दलीय सहमतिका लागि छाडेको छ।

कर्मचारी समायोजनसम्बन्धी विधेयक त सरकारले समितिमा यस्तो अवस्थामा पठायो, जतिबेला त्यसबारे छलफल गर्नसमेत समय थिएन। राष्ट्रिय सभामा साता दिनभन्दा बढी समय छलफल भएको त्यो विधेयक समितिलाई दुई दिन मात्रै समय दिएर पठाइयो। कर्मचारी समायोजनसम्बन्धी अध्यादेश प्रतिस्थापन गर्न ल्याइएको विधेयकमाथिको छलफल गर्न समितिलाई सरकारले दुई दिनसमेत दिएन। जबकि त्यतिबेला सभापति श्रेष्ठले एक साताको समय मागेकी थिइन्। दुई दिन समय दिएर समिति पठाउनुले खासमा कर्मचारी समायोजनसम्बन्धी विधेयक समितिमा छलफल नहोस् भन्ने सरकारी चाहना प्रकट हुन्छ।

संसदीय समितिहरू कतिपय विधेयक छलफल त गर्छन् तर सरकारी चाहना, दबाब र प्रभावलाई रोक्न सक्दैनन्। जस्तो, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ८ पुस ०७५ मा संसद्मा दर्ता गराएको पारमाणविक तथा रेडियोधर्मी पदार्थको शान्तिपूर्ण प्रयोगका सम्बन्धमा बनेको विधेयक नै यस्तो उदाहरण हो, जसले सरकारी चाहनाका साथै अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको मनोकांक्षा पनि पूर्ति गरिदन्छ। विधेयकमा पारमाणविक भट्टी सञ्चालन गर्ने बुँदाले प्रश्न उठाएपछि शिक्षा तथा स्वास्थ्य समितिमा लामो समय छलफल रोकियो। तर शिक्षामन्त्री गिरिराजमणि पोखरेलको चाहना र पहलमा विधेयक छलफल मात्र अगाडि बढेन, टुंगोमा समेत पुऱ्याइयो।

त्यति मात्र होइन, कार्यकारी छायाले संसदीय समिति कतिसम्म लपेटिन्छन् भन्नलाई २५ अर्बभन्दा बढी लगानीका ठूला परियोजना प्रधानमन्त्रीको अध्यक्षताबाट टुंगो लगाउनेसम्बन्धी अर्को विधेयकमाथि संसदीय समितिमा गम्भीर छलफल भएनन्। यसले प्रधानमन्त्रीकहाँ आर्थिक शक्ति केन्द्रीकृत गर्ने चाहनालाई प्रकट गर्‍यो।

त्यो विधेयकमाथि गम्भीर बहस नगरी संसदीय समितिबाट टुंगो लाग्दा नेपाल ट्रस्टको गठन संरचनामै परिवर्तन गर्ने संशोधनमा पनि संसदीय भूमिका कमजोर थियो।

प्रधानमन्त्री केपी ओली नगएको २५ कात्तिकको राज्य व्यवस्था समिति बैठक

जस्तो, नेपाल ट्रस्टको सञ्चालक समितिमा रहने मन्त्री र सचिवको संख्या कटौती गरेर प्रधानमन्त्रीले इच्छाएका व्यक्ति नियुक्त गर्न सकिने प्रावधान राखियो, जो यती एयरलाइन्स समूहको स्वार्थसिद्धिका लागि थियो भन्ने पुष्टि भइसक्यो । उक्त संशोधनमा पनि संसदीय समितिहरू निरीह भइदिए ।

समितिलाई सरकारले कतिसम्म निरीह बनाइरहेको छ भन्नलाई काभ्रेको नागीडाँडामा आन्तरिक विमानस्थल बनाउने निर्णय पनि अर्को उदाहरण हो । अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले नागीडाँडा विमानस्थलबारे तीन महिना लगाएर अध्ययन गर्‍यो र भन्यो- विमानस्थल उपयुक्त छैन । तर सरकारले त्यसको सुनुवाइ गर्नुको साटो ०७५/७६ मा बजेट नै छुट्याइदियो ।

त्योभन्दा पीडादायी अवस्था भइदियो, वाइडबडी विमान खरिद प्रकरण । सार्वजनिक लेखा समितिको छानबिनमा करिब ४ अर्ब ३५ करोड अनियमितता भएको सार्वजनिक भयो । त्यसअनुसार कारबाहीतिर नलागेर सरकारले अर्को उच्चस्तरीय जाँचबुझ आयोग बनायो । पूर्वन्यायाधीश गोविन्दप्रसाद पराजुली अध्यक्षताको समितिलाई ४५ दिनको समय दिइयो तर त्यस अवधिमा नियुक्ति पत्रसमेत दिएन । बरु ०७५ फागुनपछि प्रधानमन्त्री ओलीले नै वाइडबडीमा पूर्वपर्यटनमन्त्री निर्दोष रहेको भन्न थाले ।

सार्वजनिक लेखा समितिका सभापति भरतकुमार साह सरकारी हस्तक्षेपले संसदीय समितिका निर्णय प्रभावित हुने गरेको टिप्पणी गर्छन् । करिब ४ अर्ब अनियमितता जोडिएको वाइडबडी विमान खरिद प्रकरणमा सरकारी छायाले प्रतिवेदनमै चलखेल भएको थियो । "वाइडबडी विमान खरिद प्रकरणको संसदीय समितिको छानबिनमा सरकारी छाया प्रस्ट देखिन्छ," साह भन्छन्, "सरकारी छायाकै कारण हुन सक्छ, नेपाल टेलिकमको फोरजी, सेक्युरिटी प्रेस खरिद प्रकरणमाथि छलफलै भएको छैन ।"

संसदीय समितिमा सरकारी प्रभाव मात्र होइन, हस्तक्षेप पनि बढ्तै हुने गरेको उदाहरण १४ महिनाअघिको घटनालाई लिन सकिन्छ । जस्तो, १८ असोज ०७५ मा सञ्चार, सूचना तथा प्रविधिमन्त्री गोकुल बाँस्कोटाले विकास तथा प्रविधि समिति सभापति कल्याणी खड्काको सातो मात्र खाएनन्, समितिको निर्देशन नै उल्टाइदिए ।

१८ असोज ०७५ मा मन्त्री बाँस्कोटाको दबाबमा फेरिएको समितिको निर्देशन



३१ भदौ ०७५ मा विवादास्पद दिगम्बर झालाई नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा नियुक्त गरेपछि सडकदेखि सदनसम्म विरोध भइरहेको थियो । उक्त दिन त्योसहितका थप मुद्दामा छलफल हुँदै थियो । झाको प्रतिरक्षामा उत्रिएका मन्त्री बाँस्कोटा आफ्नो विपक्षमा निर्देशन सुन्न चाहँदैनथे । सांसद यज्ञराज सुनुवारदेखि जीपछिरिङ लामासम्मले झाको पुनर्नियुक्तिमा प्रश्न उठाए ।

झाको नियुक्तिमा आलोचना खेपेका मन्त्री बाँस्कोटा नेपाल टेलिकमको प्रबन्ध निर्देशकको प्रसंग सुन्नै चाहँदैनथे । झाको नियुक्तिमा देखिएको मनपरीकै कारण हुन सक्छ, बैठक सक्दै सभापति खड्का 'नेपाल टेलिकमको प्रबन्ध निर्देशक खुला प्रतिस्पर्धाबाट नियुक्त गर्नू' भन्ने वाक्यांश पढ्दै थिइन् । मन्त्री बाँस्कोटाले 'एकछिन-एकछिन' भन्दै बीचमा रोके र चर्काचर्कीमा उत्रिए । त्यसपछि सभापति खड्काले त्यो बुँदा नै हटाएर सञ्चार मन्त्रालयलाई निर्देशन दिइन् ।

मन्त्रीले समितिका निर्देशन प्रक्रियामा अवरोध पैदा गर्नु संसदीय मर्यादाको उल्लंघन

मात्र होइन, मिनी संसद्माथि कार्यपालिकाको हस्तक्षेप पनि हो। केही सांसद नेपाल टेलिकमको फोरजी प्रकरणमा अनियमितता भएको तथा फ्रान्ससँग खरिद गर्ने भनिएको सेक्युरिटी प्रेससम्बन्धी छलफल नहुनुमा यही पुरानो डरले काम गरेको आकलन गर्छन् । यी दुवै अहिले सबैभन्दा बढी विवादमा तानिएका मुद्दा त हुन् नै, त्यसमाथि खड्का सभापति रहेको विकास तथा प्रविधि समितिको क्षेत्राधिकारभित्र पर्छन् ।

अधिवक्तासमेत रहेका सांसद तथा प्रत्यायोजित व्यवस्था तथा सरकारी आश्वासन समिति सभापति रामनाराण बिडारीको भनाइमा संसदीय समितिमा सरकारको छाया समितिका कमजोरीकै कारण परिरहेको छ । "सरकार बनाउने बहुमतीय दलीय संरचनाकै जगमा संसदीय समिति गठन हुने भएकाले संरचनागत रूपमै यसमा कार्यकारी शक्तिको छाया पर्छ," सभापति बिडारी भन्छन्, "समितिमा कस्तो विषयमा निर्देशन दिने भन्ने ज्ञान अभावले पनि सरकारको हस्तक्षेप बढाइरहेको छ ।"

संसदीय समिति सरकारी छायाले कति त्रसित छन् ? प्रधानमन्त्री, मन्त्रीले दपेटेर 'मिनी संसद्' लाई पल्लो किनारामा हुत्याइदिएका प्रशस्त उदाहरणले त्रसित मात्र होइन, निरीह देखिन्छन्। छलफलका लागि समितिले बोलाउँदा प्रधानमन्त्री, मन्त्रीहरू बैठकमा जाँदैनन् । समितिका निर्देशन कार्यान्वयन त परको कुरा, समिति सभापतिको फोनसमेत रेस्पोन्स गर्दैनन् ।

'मिनी संसद्' प्रधानमन्त्री, मन्त्रीको हेलाहोचोमा पर्छन् भन्नलाई एक महिनाअघिको घटना सम्झे पुग्छ। २५ कात्तिक ०७६ मा राज्य व्यवस्था तथा सुशासन समितिले प्रधानमन्त्री केपी ओलीलाई निम्तो गरेको थियो । त्यस दिन भारतीय राजनीतिक नक्साभित्र नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र परेपछि समिति प्रधानमन्त्रीको उपस्थितिमा छलफल गर्ने तयारीमा थियो ।

प्रधानमन्त्री ओलीको समय पर्खाइमा समितिले ३-४ दिनदेखि बैठक सारिरहेको थियो । समितिले के विषयमा छलफलका लागि बोलाएको हो ? भनेर समितिसँग ब्रिफिङ लिनसमेत चासो नदेखाएका प्रधानमन्त्री ओलीले मिनी संसद्लाई अन्तिम घडीमा पंगु बनाए । अर्थात्, २५ कात्तिकको बैठकमा आउँछु भनेका प्रधानमन्त्रीले बैठक सुरु हुनुभन्दा केही समयअघि मात्रै नआउने खबर गरेका थिए । र, प्रतिनिधिका रूपमा भूमि व्यवस्था,

> **सरकार बनाउने बहुमतीय दलीय संरचनामै संसदीय समिति गठन हुँदा कार्यकारी शक्तिको छाया पर्छ ।**
>
> **– रामनारायण बिडारी**
> सभापति, प्रत्यायोजित व्यवस्था तथा सरकारी आश्वासन समिति

सहकारी तथा गरिबी निवारणमन्त्री पद्मा अर्याललाई पठाए ।

संसदीय समितिका सभापतिहरूको भोगाइ सुन्दा मन्त्रीको शान र मानको भारीले 'मिनी संसद्' थिचिएका छन् । हेपिएका छन् । निर्देशन अपहेलित भएका छन् । समितिको निम्तो अटेर मात्र गर्दैनन्, समितिका सभापतिलाई विषयको ब्रिफिङका लागि समयसम्म दिँदैनन् । "मन्त्रीहरूमा ब्रिफ्रिङका लागि समय नदिने, निर्देशन नमान्ने, समितिमा नआउने समस्या छ," एक सभापति भन्छन्, "कतिपय मन्त्रीको व्यवहार त मान्छे मरेपछि उपचार गरेजस्तो पनि भएको छ ।"

संसदीय समितिमाथि सरकारी छायाको प्रभाव विस्तारित हुँदै सरकारका तल्लो संरचनामा पर्न थालेको भान नेपाल टेलिकमले दिएको छ। सार्वजनिक लेखा समितिले फोरजी टेन्डर प्रक्रिया घोटाला आशंकामा ०७५ फागुनमा कागजात पठाउन पत्र लेखेको थियो। तर टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले 'बोलपत्र मूल्यांकनकर्ताको विवरण व्यक्तिगत गोपनीयताको कारण पठाउन नसकिएको' भनेर पत्र मात्र पठाएनन्, आवश्यक परे टेलिकम आउन सांसदहरूलाई निम्ता गरे। यो प्रकरण पनि संसदीय समितिमाथि हेपाइको उदाहरण हो ।

क्षेत्राधिकारमै अलमल

कतिपय समितिले आफ्नो क्षेत्राधिकार मिचेरसमेत सरकारलाई निर्देशन दिन्छन् । त्योभन्दा लाजमर्दोचाहिँ निर्णय नहुँदै बजारु हल्लामा समितिले निर्देशन दिने गरेको भेटिन्छ। अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले १७ असारमा भारतीय चलचित्रसम्बन्धी कार्यक्रम आईफा अवार्ड रोक्न सरकारलाई दिएको निर्देशन हावादारी थियो । किनभने त्यो कार्यक्रमको सम्झौतासमेत भएको थिएन ।

काठमाडौँ महानगर र नेपाल पर्यटन बोर्डले संयुक्त रूपमा आयोजना गर्ने भनिए पनि भारतीय कम्पनीसँग सम्झौता भइसकेको थिएन । तर बजारु चर्चाकै बीचमा अन्तर्राष्ट्रिय सम्बन्ध समितिले निर्देशन दिनु संसदीय क्षेत्राधिकारभन्दा बाहिर रहेको सांसद बिडारीको तर्क छ। बिडारीको भनाइमा संसदीय समितिले सरकारका दैनिक कामलाई हस्तक्षेप गर्न मिल्दैन । "संसदीय समितिले सरकारका दैनिक गतिविधि होइन, नीतिगत र कानुनी पक्ष मात्रै हेर्ने हो," बिडारी भन्छन्, "दैनिक गतिविधि हेर्ने हो भने व्यवस्थापिका पनि कार्यपालिकाजस्तै हुन्छ ।"

बिडारीले भनेजस्तै संसदीय समिति स्वयं पनि कतिसम्म हचुवा काम गर्छन् भन्नलाई वाइडबडी विमान खरिदबारेको छानबिन मुद्दा नै पर्याप्त छ । सार्वजनिक लेखा समितिले उपसमिति बनाएर छानबिन त गऱ्यो नै, सरकारको हस्तक्षेपमा छानबिन प्रतिवेदन संशोधन मात्र भयो । र, उपसमितिले पूर्वपर्यटनमन्त्री र सचिवलाई समेत दोषी किटान गऱ्यो । उपसमितिले पूर्वपर्यटनमन्त्री जीतेन्द्र देवले विमान खरिदमा किस्ता बुझाएको भनेर दोषी किटान गऱ्यो । तर त्यतिबेला देव मन्त्री भई नसकेकाले प्रधानमन्त्री शेरबहादुर देउवाले नै पर्यटन मन्त्रालयको जिम्मा लिएका थिए । त्यसले संसदीय समितिको छानबिनको विश्वसनीयतामाथि प्रश्न उठाएको बिडारीको दाबी छ ।

हुन त, संसदीय समितिले विभिन्न अनुसन्धानको छानबिन गरेर दोषी किटान गर्न मिल्दैन । तत्कालीन सार्वजनिक लेखा समितिले सूर्य टोबाको कम्पनीको लाभकरमाथि छानबिन गरेर कर निर्धारण गरेको थियो । त्यसविरुद्ध परेको रिटमा सर्वोच्चले भनेको थियो, 'संसदीय समितिले कर निर्धारण गर्न मिल्दैन ।' बिडारी यही उदाहरण समातेर भन्छन्, "संसदीय समितिहरूले छानबिन गरेर दोषी किटान गरी कारबाही गर्नू भन्न मिल्दैन, मुद्दा टुंगो लगाउन मात्रै भन्न मिल्छ ।" ■

KMG
KANTIPUR MEDIA GROUP

nepalmag.com.np
नेपाल
राष्ट्रिय साप्ताहिक

विषयवस्तुपरक सुक्ष्म विश्लेषणका साथ
तपाईंका लागि साप्ताहिक रूपमा प्रस्तुत

बदलिँदो नेपालको
'अन्तर्कथा

बदलिँदो समयको साक्षी बनी देशका महत्वपूर्ण घटनाहरुलाई समेटेर साप्ताहिक रूपमा पाठकसमक्ष प्रत्येक क्षेत्रका खोजमूलक एवं विश्लेषणात्मक विवरण प्रस्तुत गर्नु हाम्रो उद्देश्य हो। ती घटना र विचारको माध्यमबाट नै देश विकासलाई आकार दिने प्रवृत्तिहरू पहिचान गर्न हामी निरन्तर प्रयासरत छौं।

प्रत्येक कथाको निष्कर्षसम्म पुग्न
'आजै ग्राहक बन्नुहोस्।

थप जानकारीको लागि
एनटिसि: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

अर्थ

बैंक मर्जर

संख्या घट्यो, ब्याजदर घटेन

बैंक तथा वित्तीय संस्थाको संख्या घट्दै गए पनि त्यसको लाभ अर्थतन्त्र र आम नागरिकसमक्ष पुग्न सकेको छैन ।

मस्त केसी

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूका लागि पुँजी वृद्धिको योजना ल्यायो, ०७२ मा । दुई वर्षभित्र अर्थात् ०७४ असार मसान्तसम्म चार गुणा बढी पुँजी पुऱ्याउन राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई निर्देशन दियो। राष्ट्र बैंकले तोकेको मापदण्ड पुऱ्याउन बैंक तथा वित्तीय संस्थाहरूले 'मर्जर एन्ड एक्विजिसन' (गाभ्ने वा प्राप्ति) गर्नेदेखि बोनस र हकप्रद सेयर दिएर चुक्ता पुँजी पुऱ्याउने रणनीति अपनाए।

त्यसबेला 'क' वर्गका वाणिज्य बैंकहरूको चुक्ता पुँजी २ अर्ब रुपैयाँ थियो। एकै पटक चार गुणा अर्थात् ८ अर्ब चुक्ता पुँजी पुऱ्याउनुपर्ने गरी राष्ट्र बैंकले व्यवस्था गऱ्यो । राष्ट्रिय स्तरका विकास बैंकहरूको चुक्ता पुँजी ६४ करोड थियो । त्यसलाई बढाएर २ अर्ब ५० करोड पुऱ्याउनुपर्ने भयो। त्यसैगरी 'ग' वर्गका फाइनान्स कम्पनीका लागि न्यूनतम २० करोड रुपैयाँ चुक्ता पुँजी हुनुपर्ने व्यवस्थालाई विस्थापित गर्दै राष्ट्रिय स्तरको फाइनान्स कम्पनीले ८० करोड, ४ देखि १० जिल्लाकाले ६० करोड र १ देखि ३ जिल्लाकाले ४० करोड पुँजी पुऱ्याउनुपर्ने व्यवस्था गरियो । उक्त मापदण्ड राष्ट्र बैंकले तोकेकै समयमा एकाधबाहेकका वित्तीय संस्थाले पूरा गरे।

नेपालजस्तो सानो अर्थतन्त्र भएको मुलुकमा वित्तीय संस्थाको संख्या धेरै भएको भन्दै ०६६ साउनदेखि राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका नयाँ संस्थालाई अनुमति नदिने निर्णय गऱ्यो। तर यसपछि पनि पूर्वस्वीकृति लिएका थुप्रै वित्तीय संस्था जन्मिए। नयाँलाई अनुमति नदिने र भएका संस्था पनि घटाउने राष्ट्र बैंकको योजना पुँजी वृद्धिको बाध्यात्मक नीतिले सफल बन्न थालेको छ। चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले 'बिग मर्जर' को नीति अपनाएको छ, जसको पहिलो प्रभाव 'क' वर्गका ग्लोबल आईएमई र जनता बैंकमा देखियो । २० मंसिरदेखि ग्लोबल आईएमई र जनता बैंक मर्जरमा गएर 'ग्लोबल आईएमई बैंक' का नाममा एकीकृत कारोबार सुरु गरिसकेका छन् । अन्य केही वाणिज्य बैंकहरू पनि मर्जर र एक्विजिसनका लागि छलफलमा छन्।

राष्ट्र बैंकले संख्या घटाउन लिएको रणनीतिअनुसार ५ वर्षमै ३२ वटा वाणिज्य बैंकको संख्या २७ मा झरेको छ । विकास बैंकको संख्या ८८ बाट २९ मा आएको छ। यसमध्ये ११ वटा राष्ट्रिय स्तरका विकास बैंक छन्। ८७ वटाको संख्यामा रहेका फाइनान्स कम्पनी अहिले २४ वटामा झरेका छन्। वित्तीय संस्थाको संख्या घट्ने क्रम अझै जारी छ।

पुँजी वृद्धिपछि वित्तीय संस्था आन्तरिक रूपमा बलिया बने । उनीहरूको व्यवसाय गर्ने दायरा र जोखिम वहन क्षमता बढ्यो । तर त्यसको लाभ समग्र अर्थतन्त्र र आम नागरिकसमक्ष पुग्न सकेको छैन।

बैंक तथा वित्तीय संस्थाको संख्या घट्दा



वा चुक्ता पुँजी बढ्दा सर्वसाधारणलाई कुनै लाभ हुन नसकेको राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा बताउँछन्। "मर्जरमा गएपछि वित्तीय स्रोतको केन्द्रीकरण भयो," उनी भन्छन्, "गाउँमा शाखा भएका वाणिज्य बैंकले निक्षेप संकलन गर्ने र काठमाडौं पठाउने मात्रै काम गर्छन्। गाउँमै लगानी गर्ने उनीहरूको योजना छैन।" तथ्यांकले पनि थापाको तर्कलाई बल दिन्छ। राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई कृषिमा कुल कर्जाको १० प्रतिशत लगानी गर्नुपर्ने मापदण्ड तोकेको छ। तर कृषिमा लगानी अहिलेसम्म ६ प्रतिशत पनि पुग्न सकेको छैन।

पुँजी वृद्धिको चपेटामा परेपछि धेरै फाइनान्स र विकास बैंकहरू वाणिज्य बैंकमा विलय भए। यसले गर्दा यसअघि विकास बैंक वा फाइनान्स कम्पनीले दिइरहेका साना कर्जा वा साना निक्षेपको सुविधा वाणिज्य बैंकले गराउन छाडे। वाणिज्य बैंकका गाउँगाउँमा भएका शाखा कार्यालयलाई निक्षेप स्वीकार्ने पूर्ण अधिकार दिइएको हुन्छ तर कर्जा लगानी गर्ने अधिकार कम हुन्छ। सानो लगानीका लागि पनि केन्द्रीय कार्यालयकै अनुमति लिनुपर्छ। मर्जरमा गएपछि अधिकांशको केन्द्रीय कार्यालय काठमाडौंमा छन्।

'ख' वा 'ग' वर्गका संस्था गाउँगाउँबाट बिलाउनुले यसअघि सामूहिक जमानी वा सानो धितोमा सानो लगानी गर्ने वित्तीय संस्थाको अभाव खड्किन थालेको छ। यस्तो प्रवृत्तिले उद्यमशीलतालाई निरुत्साहन गरेको थापाको बुझाइ छ। "विकास बैंक वा फाइनान्स कम्पनी वाणिज्य बैंकमा गाभिँदा सानो लगानी हुनै छाड्यो," थापा भन्छन्, "सानो लगानी नभएपछि गाउँघरका मानिसले वित्तीय संस्थाको फाइदा लिन पाएनन्।" प्रतिस्पर्धा बढाउनुपर्ने ठाउँमा समस्याग्रस्त नभएका वित्तीय संस्थालाई पनि मर्जरमा जान बाध्य बनाउनु गलत भएको उनको भनाइ छ।

राष्ट्र बैंकका प्रवक्ता लक्ष्मीप्रपन्न निरौला सुरुमा उपत्यकाबाहिर स्थापना हुने र त्यसपछि विभिन्न बहानामा राजधानी भित्रिने वित्तीय संस्थाको प्रवृत्ति हाबी भएकाले केही समस्या आएको बताउँछन्। "ठूलो संस्थामा गाभिएपछि सानो संस्थाको अस्तित्व हराउनु स्वाभाविकै हो," उनी भन्छन्, "मर्जरले तत्काल केही उथलपुथल देखिए पनि दीर्घकालीन रूपमा मुलुकलाई फाइदा हुन्छ।" सहकारी, फाइनान्स वा विकास बैंकबाट सेवा लिइरहेका ग्राहकलाई वाणिज्य बैंकको नीति केही नयाँ र अप्ठेरो लागे पनि विस्तारै सहज हुने निरौलाको भनाइ छ।

मर्जर र पुँजी वृद्धिले बैंकको आधार दर, सञ्चालन लागत, स्प्रेड रेट (कर्जा तथा निक्षेपबीचको अन्तर) लगायतका सूचकमा पनि सुधार ल्याउन सकेको छैन। स्प्रेड रेट ५ वर्षदेखि औसत ५.५६ प्रतिशत कायम छ। उद्योगी-व्यवसायीले बैंकहरूले राम्रो नाफा कमाइरहेको भन्दै स्प्रेड रेट ३.५ प्रतिशतमा झार्न माग गर्दै आएका छन्। चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले आगामी असार मसान्तसम्म ४.४ प्रतिशतमा झार्न निर्देशन दिइसकेको छ।

राष्ट्र बैंकको निर्देशनअनुसार आधार दर (ऋणको ब्याजदर निर्धारण गर्ने सूत्र) मा आएको घटबढअनुसार वाणिज्य बैंकले हरेक ३ महिनामा कर्जाको ब्याजदर परिमार्जन गर्नुपर्छ। तर आधार दरमा आएको परिवर्तनअनुसार वाणिज्य बैंकहरूले कर्जाको ब्याजदर परिवर्तन गरेको पाइँदैन। चालू आर्थिक वर्षको पहिलो त्रैमासिकमा वाणिज्य बैंकहरूको औसत आधार दर ९.५८ प्रतिशत छ। अघिल्लो वर्षको सोही अवधिमा १०.१४ प्रतिशत थियो। गत आवको तुलनामा आधार दर घटे पनि बैंकहरूले सोही अनुपातमा कर्जाको ब्याजदर भने घटाएका छैनन्।

ब्याजदरका विषयमा लामो समयदेखि उद्योगी-व्यवसायीले कुरा उठाउँदै आए पनि त्यसको सम्बोधन भएको छैन। अर्थ मन्त्रालय, राष्ट्र बैंकलगायतसँग ब्याजदर घटाउन माग गरे पनि सम्बन्धित निकायले चासो नदिएको उद्योगी-व्यवसायीको गुनासो छ। नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारका बैंकहरू कृषि, उद्योग तथा अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्न तत्पर नै नभएको बताउँछन्। "सवारी साधन, घरजग्गालगायतमा १० प्रतिशतभन्दा कम ब्याजदरमा बैंकहरूले लगानी गरिरहेका छन्," उनी भन्छन्, "तर उद्योग, कलकारखानालगायतका उत्पादनशील क्षेत्रमा १२-१३ प्रतिशत ब्याजदरमा पनि कर्जा पाउन गाह्रो छ।"

बैंकहरूले आफू सुरक्षित हुने र बढी फाइदा हुने क्षेत्रमा मात्रै लगानी गरिरहेको मुरारकाको भनाइ छ। "उत्पादनशील क्षेत्रमा लगानी बढाउँदा पो रोजगारी र उत्पादन बढेर अर्थतन्त्रमा सकारात्मक सूचक देखिन्थ्यो," उनी भन्छन्। तुलनात्मक रूपमा ब्याजदर महँगो भए पनि बैंकहरू ठूला भए पूर्वाधार क्षेत्रमा लगानी क्षमता बढ्थ्यो भन्ने राष्ट्र बैंकको मनसाय देखिन्छ। त्यसबाहेक अन्तर्राष्ट्रिय बैंक भित्रिए प्रतिस्पर्धी क्षमता बढ्नेलगायतका कारण राष्ट्र बैंकले देखाइरहेको छ। "बैंकहरू पुँजीगत रूपमा बलिया भए लगानी गर्ने र जोखिम मोल्ने क्षमता पनि बढ्छ," प्रवक्ता निरौला भन्छन्, "बलिया संस्थाबीच प्रतिस्पर्धा बढे स्वाभाविक रूपमा ब्याजदर घट्छ र त्यसको फाइदा नागरिकले पाउँछन्।"

विकसित मुलुकमा वाणिज्य बैंकबाटै ठूला पूर्वाधार निर्माणमा लगानीको अपेक्षा गरिँदैन। सरकारी कार्यक्रम लागू गर्न र पूर्वाधार क्षेत्रमा लगानी बढाउन विविध बैंक हुन्छन्। नेपालमा भने त्यसअनुसारका बैंक खुलेका छैनन्। गत वर्ष २० अर्ब पुँजीसहित सञ्चालनमा आएको नेपाल पूर्वाधार विकास बैंकको प्रभाव देखिन सुरु भएको छैन। राष्ट्र बैंक भने वाणिज्य बैंकहरूको क्षमता बढाएर पूर्वाधार विकासमा गरिने लगानीमा समेत प्रतिस्पर्धी बनाउन सकिने आशमा छ। ने

~~सुदूर~~ सुगम पश्चिम

नयाँ परिचयमा बदलिँदै सुदूरपश्चिमको भूगोल

चेतन अधिकारी

'डोटी राम्रो डडेलधुरा, अछाम राम्रो साँफे
मान्छे राम्रो मन मिलेको, चरी राम्रो डाँफे ।'

सुदूरपश्चिमका ९ मध्ये ३ जिल्लाको नाम समेटेर गायक भोजराज भट्टले ०४६ सालतिर गाएको यो गीत रेडियो नेपालमा खुब बज्थ्यो । पश्चिमाञ्चल विकास क्षेत्रबाट छुट्याइएर ०३९ सालमा सेती र महाकालीका ९ जिल्ला समेटेर सुदूरपश्चिमाञ्चल विकास क्षेत्र बनाइएको थियो । गीतमा भनेझैँ सुदूरपश्चिमेलीको मन उहिल्यैदेखि मिलेको छ । सुदूरपश्चिमका मुद्दामा उनीहरू दल, जाति र समुदायभन्दा माथि उठेर मन मिलाउने गरेका छन् ।

यसको उदाहरणका रूपमा राज्य पुनर्संरचनाका बेला सुदूरपश्चिमले अखण्ड सुदूरपश्चिमको माग उठायो । त्यसबेला नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले सुदूरपश्चिमको पुरानो संरचनालाई पुनर्विचार गर्ने प्रस्ताव गरिरहेका थिए । तर पार्टी केन्द्रको निर्णय बेवास्ता गर्दै कांग्रेसका तत्कालीन वरिष्ठ नेता शेरबहादुर देउवा, एमाले उपाध्यक्ष भीम रावल र माओवादी केन्द्रका स्थायी समिति सदस्य लेखराज भट्टहरू संयुक्त रूपमा अखण्ड सुदूरपश्चिमको मागमा एकाकार भए । र, साविक सुदूरपश्चिमलाई नै अखण्ड सुदूरपश्चिमको रूपमा स्थापित गराएरै छाडे ।

सुदूरपश्चिमेलीका मन राज्य पुनर्संरचनापछि पनि भाँचिएन । शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला ०७४ मा प्रदेश ७ को अस्थायी राजधानीका रूपमा कैलालीको धनगढी तोकियो । ०७४ सालको चुनावले प्रदेशसभा गठन गरेपछि सुदूरपश्चिमेलीहरूले फेरि मन मिलाए । प्रदेशसभाबाट यस प्रदेशको नाम सुदूरपश्चिम नै जुराउने सर्वसम्मत निर्णय गरे र राजधानीचाहिँ धनगढीबाट दुई खुड्किलो उत्तर सारेर कैलालीकै गोदावरी राख्ने निर्णय पनि एक मतले गरे ।

सुदूरपश्चिमेलीले देश संघीयतामा गइसकेपछि पनि उसैगरी मन मिलाएर यस प्रदेशको विकासलाई तीव्रता दिनेछन् भन्ने सर्वसाधारणको बुझाइ छ । यस प्रदेशमा कैलाली र कञ्चनपुर तराईका जिल्ला हुन् भने डोटी, डडेलधुरा, अछाम, बाजुरा पहाडका । दार्चुला, बझाङ, बैतडी हिमाली जिल्ला हुन् । राजधानीबाट धेरै टाढा र विकट भएकाले त्यतिबेला यसलाई सुदूरपश्चिमको नाम दिइएको थियो । स्थानीय भन्छन्, "अब यो भूगोल सुदूरपश्चिम होइन । अब त यहाँका सबै जिल्लालाई सडक यातायातले राजधानी र देशका अन्य भू-भागसँग नजिक बनाइदिएको छ ।"

यहाँका ९ मध्ये डडेलधुराबाहेक ८ जिल्लामा विमानस्थल छ । बाजुराको कोल्टी र कैलालीको धनगढी विमानस्थल मात्र अहिले चालू अवस्थामा छन् तर निकट भविष्यमै डोटी विमानस्थल सञ्चालन हुने गरी कालोपत्रे हुँदै छ । यसैगरी अन्य जिल्लाका विमानस्थल सञ्चालन गरेर त्यहाँका मानिसलाई संघीय राजधानी काठमाडौँ र प्रदेश राजधानी कैलालीसँग नजिकको सम्बन्ध स्थापित गराउने गरी स्थानीय, प्रदेश र संघीय सरकार लागिपरेका छन् ।

खप्तड सौन्दर्य

खासगरी कञ्चनपुर विमानस्थल सञ्चालन गर्ने हो भने काठमाडौँबाट भारतको नैनीताल जाने पर्यटकलाई नजिकको विकल्प हुनेछ । सडक र हवाई मार्गबाट आउजाउ सहज भइसकेकाले यहाँका कतिपय बासिन्दा र नेताले पुरानै पहिचान दिने नाम सुदूरपश्चिम उति मन पराएका रहेनछन् । उनीहरू आफूलाई सुदूर होइन, सुगम पश्चिमका बासिन्दा भनेर चिनाउन चाहन्छन् ।

प्रदेशसभाले यो पहिचान मेटाएर अर्को कुनै नयाँ पहिचान दिलाउला भन्ने लागेको रहेछ, उनीहरूलाई । मंसिर तेस्रो साता कैलालीको धनगढीस्थित आफ्नै निवासमा यस पंक्तिकारसँग कुरा गर्दै जिल्ला समन्वय समितिका संयोजक सूर्य थापाले भने, "हामी अब साविकका सुदूरपश्चिमेली पहिचानभन्दा बाहिर आइसकेका छौँ । यो भूगोलले सुगम पश्चिम वा सुन्दर पश्चिमको परिचयमा आफूलाई बदल्दै छ ।" प्रदेशमा रहेका २६ तुइनमध्ये २२ वटालाई झोलुंगे पुलले विस्थापित गरिसकेको छ । यसले गर्दा खोला तर्दा अकालमा ज्यान जानुपर्ने बाध्यताबाट मानिसले पार पाएका छन् ।

९ जिल्ला, १ उपमहानगर, ३३ नगरपालिका र ५४ वटा गाउँपालिका भएको यस प्रदेशको क्षेत्रफल १९ हजार ५ सय ३९ वर्गकिलोमिटर छ । ०६८ सालको जनगणनाअनुसार यहाँ २५ लाख ५२ हजार ५ सय १७ जना मानिस बस्छन् । सुदूरपश्चिमको कुल क्षेत्रफलमध्ये ७८.६ प्रतिशतमा खेती गरिएको छ । त्यसमध्ये ४५ प्रतिशत जमिनमा सिँचाइ सुविधा छ । यस प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान सबभन्दा बढी छ । कृषि तथा वनले ३७.९८ प्रतिशत योगदान गरेको छ ।

यस प्रदेशको मानव विकास सूचकांकमा सबैभन्दा तल पर्ने जिल्ला बाजुरा हो । वर्षौंदेखि यही परिचयमा बाँचेका बाजुरेली अब तंग्रिँदै गएका छन् । जिल्लामा मोटर पुगेसँगै त्यहाँका कृषि उत्पादन पैसासँग साटिन थालेका छन् । खासगरी यहाँको जडीबुटी र सुक्खा फलफूल ओखर, कटुस, डोटीका खसी-बोका तराई र राजधानीका बजारमा पाइन थालेका छन् । यसले सुदूर पहाडका जिल्लाबाट बग्रेल्ती कालापहाड जानुपर्ने बाध्यता क्रमशः घटाउँदै छ । त्यति मात्र होइन, स्थानीय तह गठनसँगै गाउँ जाने बजेट ह्वात्तै बढेकाले विकासको लहर छ ।

कामको खोजीमा कालापहाड जाने युवाहरू अब आफ्नै गाउँमा पसिना पोख्दै परिवार धान्न सक्ने अवस्था सिर्जना हुँदै छ । बाजुराको गौमूल गाउँपालिका अध्यक्ष हरि रोकाया आफ्नै गाउँको उदाहरण दिन्छन्, "गाउँपालिका हुनुअघि मेरो गाउँमा विकास बजेट ४८ लाख रुपैयाँ थियो । सालाखाला ८ लाखका दरले गाउँमा वर्षमा ६ वटा योजना सञ्चालन हुन्थे । तर अहिले विकास बजेट वार्षिक १० करोड रुपैयाँ छ । ३६ वटा योजना सञ्चालनमा छन् । यी योजनामा काम गर्ने आफ्नै गाउँले छन् । यसले रोजगारीका लागि कालापहाड जाने वर्षौं पुरानो चलन अन्त्य गर्दै छ ।" रोकायाले भनेजस्तै पानी र जवानीलाई सुदूरपश्चिमले आफैँ सदुपयोग गर्दै छ, अब । सडक यातायात पुगेसँगै युवाहरू गाउँमा भेटिन थालेका छन् । कृषिमा आधुनिक पद्धतिको उपयोग गर्ने, विकास निर्माणका काममा मजदुरीमा लाग्नेहरूको जमात बढ्दै छ ।

तेस्रो देश तथा भारतका पर्यटकलाई यहाँ भित्र्याउने र केही रात बास बसाउन सक्ने पर्यटकीय गन्तव्य यस क्षेत्रमा प्रशस्त छन् । खप्तड यहाँको महत्त्वपूर्ण पर्यटकीय क्षेत्र हो । यहाँ बाघ, बाह्रसिंगा हेर्न मानिस आउँछन् । त्यस्तै, शुक्लाफाँटा, रामारोशन, कर्णाली र्‍याफ्टिङ यहाँका पर्यटकीय सम्भावनाका खानी हुन् ।

केही महिनाअघि कैलाली जिससले कर्णालीमा र्‍याफ्टिङ आयोजना गरेर यसको सम्भावनालाई देशैभरि फैलायो । भारतको नैनीताल जाने देशी तथा विदेशी पर्यटक छिर्ने नाका महेन्द्रनगर नै हो । अर्कोतिर भारतको राजधानी नयाँ दिल्ली महेन्द्रनगरबाट करिब सात घन्टाको दूरीमा छ, जसले सुदूरपश्चिमेलीलाई कहिलेकाहीँ काठमाडौँभन्दा दिल्ली नजिक लागिदिन्छ । महेन्द्रनगरका होटल सञ्चालक भन्छन्, "काठमाडौँ जाने यात्रु पूर्वतर्फ र दिल्ली जाने यात्रु पश्चिमतर्फ सँगै गाडी चढ्यौं भने काठमाडौँका लागि हिँडेका यात्रु बुटवल पुग्दा पश्चिमका यात्रु दिल्ली पुगिसक्छन् ।"

प्राकृतिक स्रोतका हिसाबले पनि सुदूरपश्चिम अगाडि छ । प्रदेश २ मा भएको कुल जंगलको क्षेत्रफलभन्दा कैलालीमा बढी जंगल क्षेत्र छ । कर्णाली र महाकालीलगायत नदी यहाँ छन् । राष्ट्रिय गौरवका आयोजनामध्ये पश्चिम सेती बहुउद्देश्यीय परियोजना, रानी जमरा कुलरिया सिँचाइ आयोजना आदि यसै प्रदेशमा पर्छन् । यो सिँचाइ आयोजनाले कैलालीको करिब ३२ हजार हेक्टर सिँचाइ गर्ने हुँदा यहाँको खाद्य उत्पादनमा वृद्धि हुनेछ । चमेलिया, रूपाघाट, डडेलधुरा, बडहरजस्ता विद्युत् आयोजनाले सुदूरपश्चिमलाई उज्यालो पारिरहेका छन् । बडीमालिका, उग्रताराजस्ता धार्मिक पर्यटनलाई प्रोत्साहन गर्ने मन्दिर यसै प्रदेशमा छन् । पर्यटक तान्ने यहाँको अर्को क्षेत्र शुक्लाफाँटा, खप्तड राष्ट्रिय निकुञ्ज, अपीनम्बा संरक्षण क्षेत्र यसै प्रदेशमा पर्छन् ।

यति धेरै सम्भावना भएको सुदूरपश्चिम अब पछाडि पर्न सक्दैन । यहाँका स्थानीय सरकारले उल्लिखित सम्भावनालाई मजबुत पार्ने र तिनलाई यहाँको जनजीवनको समृद्धिसँग जोड्ने गरी काम गरे भने सुदूरपश्चिमको समृद्धि टाढा छैन । यस प्रदेशको योजना तथा अर्थ मन्त्रालयका सचिव सुमनराज अर्याल भन्छन्, "यो ०३९ सालको सुदूरपश्चिम होइन । यसबीच कर्णाली र महाकालीमा धेरै पानी बगिसक्यो । यहाँको मानव विकास सूचकांक पनि माथि पुगिसक्यो । प्राकृतिक स्रोत, पर्यटन, कृषि र जलविद्युत्ले यस क्षेत्रको समृद्धिलाई सघाइरहेका छन् ।"

सुदूरपश्चिम प्रदेशको अर्थतन्त्रलाई थप मजबुत बनाउन प्रदेश सरकारले मंसिर २०-२२ मा वित्तीय सम्मेलन आयोजना गर्‍यो । सम्मेलनमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट पेस गरिएको वित्तीय अवस्थाले सुदूरपश्चिमले धेरै निराश हुनुपर्ने अवस्था देखिँदैन । नेपालको बेरोजगारी दर ११.४ प्रतिशत हुँदा सुदूरपश्चिमको त्यसकै हाराहारी ११.५ प्रतिशत छ । नेपालमा पुरुषको मासिक आम्दानी सरदर १८ हजार रुपैयाँ हुँदा सुदूरपश्चिमका पुरुषको आम्दानी १५ हजार २ सय ८ रुपैँया छ । महिलाको आय नेपाली महिलाको औसत आम्दानीसरह मासिक १२ हजार रुपैयाँ छ । समग्र नेपालको अर्थतन्त्रको वृद्धिदर ६.८१ प्रतिशत हुँदा सुदूरपश्चिमको वृद्धिदर यसकै हाराहारी ६.२५ प्रतिशत छ ।

सुदूरका सबैमा अहिले उत्साह छ, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि राजधानी नजिकै भयो । गाउँका सरकार झन् नजिक भए । संघीय राजधानी विशेष कामबाहेक धाउनु पर्दैन । यहाँका बासिन्दामा पहिलादेखि रहेको हीन भावना सुदूर भाग्दै छ । आत्मविश्वास, जाँगर र एकता बोकेर यहाँका बासिन्दा नयाँ परिचय बनाउन लागेका छन्, यतिबेला । ने

विदेशीले धानेको नेपाली लिग

एन्फाको खुकुलो प्रावधानका कारण क्लबहरूको ध्यान विदेशी खेलाडीतिर

पवन आचार्य

सहिद स्मारक ए डिभिजन लिगअन्तर्गत ३० मंसिरमा ललितपुर सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा विभागीय त्रिभुवन आर्मीविरुद्ध २-१ को हार बेहोरेपछि फ्रेन्ड्स क्लबका प्रशिक्षक मार्कस फिलिपेले भने, 'विदेशी खेलाडीलाई मैदान उतार्न नपाउँदा खेल्न गाह्रो भयो । अर्को खेलमा राम्रो गर्छौं ।'

सोही दिन दशरथ रंगशालामा भएको खेलमा गत सिजनको उपविजेता संकटा क्लबले च्यासल युथलाई २-० को नतिजा सुम्पिएपछि प्रशिक्षक विजय महर्जनले पनि उही दोहोर्‍याए, 'विदेशी खेलाडी नहुँदा राम्रो प्रदर्शन भएन ।' श्रम स्वीकृतिलगायत प्रक्रिया मिलिनसकेकाले सो दिनको खेल जितेको च्यासलले पनि विदेशी खेलाडीलाई मैदान ओरालेको थिएन । १० खेलाडीमा सीमित संकटालाई २-० ले हराउँदा पनि च्यासलका प्रशिक्षक बालगोपाल साहुखल खुसी भएनन् । उनले भने, 'जापानी खेलाडीलाई मैदान उतार्न नपाउँदा सुरुबाटै नर्भस भयौं । त्यसैले सोचेअनुसारको खेल्न सकेनौं ।'

नेपाली लिगमा विदेशी खेलाडीको महत्त्व बुझ्न यिनै घटना काफी छन् । हुन पनि एक दशकअघिदेखि नेपाली फुटबलमा भाग लिन थालेका अफ्रिकी मूलका खेलाडीले अधिकांश क्लबको हारजितमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । उनीहरूकै प्रदर्शनमा क्लबहरू ए डिभिजनमा टिकिरहने वा घटुवासमेत हुने गरेका छन् । त्यसैले पनि महँगा नेपाली खेलाडीमा भन्दा विदेशी खेलाडीमा क्लबहरूको ध्यान जानु स्वाभाविक भएको छ । नेपाली खेलाडी ५ बराबर विदेशी ३ खेलाडीको प्रदर्शन हुने भएकाले पनि क्लबहरू विदेशीतिर आकर्षित भएका हुन् ।

अहिले त अखिल नेपाल फुटबल संघ एन्फाले ३ जना विदेशी खेलाडीलाई क्लबले खेलाउन पाउने प्रावधान बनाएको छ । अझ, दक्षिण एसियाली मुलुकका खेलाडी भए अर्को १ विदेशी खेलाडीलाई मैदानमा उतार्न पाउने खुकुलो प्रावधान भएकाले पनि क्लबहरू विदेशी खेलाडीतर्फ आकर्षित भएका हुन् ।

फुटबल नेपाली, खेलाडी विदेशी

नेपाली फुटबलमा विदेशी खेलाडीको प्रभाव अहिलेको मात्रै होइन । राणाकालीन समय पनि भारतबाट खेलाडी मगाएर फुटबल खेल्ने गरिएका दृष्टान्त छन् । नेपाली फुटबलका पिता भनिने नरशमशेर राणाले भारत पढ्दाका आफ्ना सहपाठीलाई बोलाएर सिंहदरबारभित्रै फुटबल खेल्ने गरेको इतिहासमा पढ्न पाइन्छ । त्यतिबेला भारतीय फुटबलको पावर हाउस कोलकाताका इस्ट बंगाल, मोहन बगान आदि क्लबका खेलाडी राणा खलकको निम्तोमा फुटबल खेल्न आउँथे । त्यतिबेला नेपालमा खेलाडी अनुबन्धको प्रावधान

तस्बिरहरू : विवेक सुवेदी/एम्फा

नरहेकाले प्रतिखेलका हिसाबले पारिश्रमिक बुझ्थे, विदेशी खेलाडीले । कोही-कोहीले राम्रो प्रदर्शन गर्दा राणा प्रधानमन्त्रीबाट थप बक्सिससमेत थाप्ने नरशमशेरले आफ्नो आत्मकथामा पनि उल्लेख गरेका छन् ।

०४० को दशकमा न्युरोड टिम एनआरटीले विदेशी खेलाडी भित्र्यायो । फुटबल विशेषज्ञ सञ्जीव मिश्रका अनुसार त्यतिबेला एनआरटीबाट जर्मन खेलाडीले केही समय खेले। भारतीय खेलाडी श्याम थापाले पनि सोही समय ब्वाइज युनियनबाट नेपाली लिग खेलेको उनी सुनाउँछन् । त्यतिबेला अन्तर्राष्ट्रिय ट्रान्सफर सर्टिफिकेट (आईटीसी) आवश्यक नपर्ने हुँदा भारत र भुटानबाट धेरै खेलाडी आउँथे ।

नेपाली लिगमा विदेशी खेलाडीको प्रभाव भने ०५४ मा थ्रीस्टार क्लबले सहिद स्मारक ए डिभिजन लिग उचाल्दा देखियो। त्यतिबेला भुटानी खेलाडीद्वय जितेन राई र क्रिस्पियन क्षत्रीको प्रदर्शनमा थ्रीस्टारले पहिलोपल्ट लिगको उपाधि उचाल्यो । थ्रीस्टारले ०५५ मा पनि आफूलाई च्याम्पियन तुल्याएको थियो ।

दर्ता प्रक्रिया पूरा गरेर विदेशी खेलाडी खेलाउने पहिलो क्लबचाहिँ काठमाडौँ क्लब हो । ०५७ सालमा क्लबले अमेरिकी खेलाडी केनेथ विलियम्सलाई राष्ट्रिय खेलकुद परिषद् र अखिल नेपाल फुटबल संघ एन्फामा दर्ता गराएर क्लब भित्र्याएको थियो । त्यसअघि काठमाडौँ क्लबले अर्जेन्टिनाका प्रशिक्षक राडोल्फ टोरेसलाई स्वयंसेवक प्रशिक्षकको रूपमा ०५७ मा क्लबमा भित्र्याएको थियो । तर उनी लामो समय क्लबमा टिकेनन् ।

५० को अन्त्यतिर एन्फाले विदेशी खेलाडीका लागि आईटीसी र राखेपसँग समन्वयलाई बाध्यकारी बनायो । त्यसयता अफ्रिकी मूलका खेलाडीको प्रवेश ह्वात्तै बढेको छ। क्लबहरूले औसतमा प्रतिअफ्रिकी खेलाडी प्रतिमहिना १ हजार डलर खर्चिने गरेका छन्। थ्रीस्टार क्लबका प्रशिक्षक मेघराज केसी भन्छन्, “भिसा प्रक्रिया र उनीहरूको श्रम स्वीकृति लिन लाग्ने खर्च पनि जोड्ने हो भने यो रकम अझ बढ्न जान्छ ।” उनका अनुसार ३ जना अफ्रिकी खेलाडीको श्रम स्वीकृति र भिसा खर्च नै ५ लाख हाराहारी हुन आउँछ ।

०६२ को लिगमा नाइजेरियाका खेलाडी ओबाग विमिरो जुनियरले ब्रिगेड ब्वाइजका लागि २७ गोल गरे। सो सिजन लिगको उच्च गोलकर्ता बनेका विमिरोले क्लबलाई ९ औँ स्थानमा पुऱ्याए। त्यसपछि भने अन्य क्लबको आँखामा नाइजेरियाली मूलका खेलाडी पर्न थालेका हुन् ।

खेलाडीको खस्कँदो स्तर

नेपालमा नियमित लिग नहुँदा खेलाडी उत्पादन नै ठप्पजस्तो भएका बेला विदेशी खेलाडीमा क्लबहरू निर्भर हुनु अस्वाभाविक होइन । त्यसमा पनि अफ्रिकी मूलका खेलाडी नेपालीको तुलनामा शारीरिक तथा प्राविधिक हिसाबले बलिया हुन्छन् । मनाङ मर्स्याङ्दी क्लबमा लामो समय बिताएका तान्जिनियाली स्ट्राइकर भन्थे, ‘नेपाली खेलाडी २० मिनेटपछि थाक्छन् तर हामी पूरै ९० मिनेट खेल्न सक्छौँ । यही फाइदाले गर्दा हामी नेपालमा फुटबल खेल्न मन पराउँछौँ ।’ उनी अहिले तान्जिनियाली खेलाडीलाई नेपाल पठाउने एजेन्टका रूपमा काम गर्छन्। यो सिजन उनले ३ खेलाडी नेपाल पठाए, जसमध्ये २ जनालाई सरस्वती क्लबले अनुबन्ध गर्ने प्रक्रिया अघि बढिसकेको छ ।

नेपाली राष्ट्रिय टोलीका पूर्वस्ट्राइकर सन्तोष साहुखल पनि नेपाली खेलाडीको स्तर बढ्नुको साटो खस्किएको स्वीकार्छन् । जापानबाट हालै फर्किएर च्यासल क्लबमा अनुबन्ध उनी भन्छन्, “नेपाली फुटबलको स्तर माथि गएको छैन। लिग नियमित नहुँदा खेलाडीले ट्रेनिङ राम्ररी गर्दैनन् अनि त्यसको असर खेलमा हुन्छ। मैले जापानमा फुटबलको स्किल सिक्ने मौका पाएँ तर सबै खेलाडीले त्यो अवसर पाउँदैनन् ।”

नेपाल पुलिस क्लबलाई ४ पटक लिग च्याम्पियन बनाएका प्रशिक्षक विराटकृष्ण श्रेष्ठका अनुसार विदेशी खेलाडीले बढी मौका पाउनुका पछाडि नेपालमा खेलाडी उत्पादन नै कम हुनु हो । क्लबहरूसँग खेलाडी भए पनि प्रशिक्षण गर्ने मैदान नभएकाले तिनको प्रतिभा तिखारिन नपाउने उनको ठम्याइ छ। भन्छन्, “विभागीय टोलीमा जस्तो नियमित प्रशिक्षण गर्ने खेलाडी क्लबमा निकै कम हुन्छन् । त्यसमाथि क्लबको आफ्नै मैदान पनि हुन्न । त्यसैले हामीकहाँ प्रतिभा जन्मिने क्रम निकै धिमा छ ।”

विश्वका नाम चलेका फुटबल लिगमा पनि योगदान विदेशी खेलाडीले नै बढी गर्छन्। यो

प्रशिक्षकमा पनि विदेशी मोह

खेलाडीमा मात्रै होइन, विदेशी प्रशिक्षक राख्न पनि क्लबहरू लालायित देखिएका छन्। मच्छिन्द्र क्लबले केही अघि नै अहिलेका राष्ट्रिय टोलीका प्रशिक्षक योहान कालिनलाई क्लबको टिम सुम्पिएको थियो। फ्रेन्ड्स क्लबले ब्राजिलियन मार्कस फिलिपेलाई प्रशिक्षक राखेको छ। क्लबले आफ्नो लक्ष्य उत्कृष्ट ६ भित्र पर्ने राखेकै समय विदेशी प्रशिक्षक भित्र्याएको हो।

गत सिजनको लिग विजेता मनाङ हुँदा टोलीलाई प्रशिक्षण दिनमा नाइजेरियाली प्रशिक्षक टोपे फुजा थिए। तर प्राविधिक कारण र कागजात नमिलेपछि क्लबले प्रशिक्षकमा सुमन श्रेष्ठको नाम एन्फामा पठाएको थियो। अहिले पनि फुजा मनाङमै छन् तर मुख्य प्रशिक्षकको नाम धनेश्वर प्रजापति छ।

अहिलेको विश्वव्यापी चलन हो। तर हामीकहाँ आउने खेलाडीको स्तर अझै विश्वस्तरीय हुन सकेको छैन। अफ्रिकी मुलुकबाट खेलाडी आए पनि उनीहरूको स्तरबारे क्लबले ध्यान दिएको देखिँदैन किनभने विश्वस्तरीय खेलाडीलाई भित्र्याउन ठूलै रकम खर्चिनुपर्ने हुन्छ। त्यसैले भारतबाट पनि फुटबल खेलाडी ल्याउन गाह्रो छ। भारतीय फुटबल लिगमा खेल्ने खेलाडीले करोडौँ पाउँछन्। तर हामीकहाँ फुटबल अझै व्यावसायिक हुन बाँकी रहेको एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पा नै स्वीकार्छन्। "लामो समय लिग रोकिँदा धेरै कुरा रोकिए। धेरै दर्शक क्षमताको रंगशाला पनि छैन। त्यसैले खेलाडीले पैसा लिएर खेल्न थाले भन्दैमा नेपाली फुटबल व्यावसायिक भयो भन्न मिल्दैन। तर हाम्रो अन्तिम लक्ष्य यसलाई पूर्ण व्यावसायिक बनाउने नै हो," शेर्पा भन्छन्।

नेपाली फुटबलमा जीवित इनसाइक्लोपेडिया उपनाम पाएका एन्फाका लिग निर्देशक सञ्जीव मिश्रका अनुसार विदेशी खेलाडी अहिले नेपाली क्लबहरूको आवश्यकता नै हो। भन्छन्, "विदेशी खेलाडीबिना क्लबहरूलाई प्रतिस्पर्धा गर्न गाह्रो छ। विदेशी खेलाडी नेपालीको तुलनामा शारीरिक रूपमा छरिता छन्। नेपाली क्लबले डिफेन्स र फरवार्डमा विदेशी खेलाडी अनुबन्ध गर्न खोज्नु पनि त्यही कारण हो।"

मिश्रका अनुसार विदेशी खेलाडी संलग्न हुँदा समग्र लिग र नेपाली खेलाडीकै स्तर माथि पुग्छ। तर नेपाली टोलीका पूर्वकप्तान विक्रम लामा विदेशी खेलाडीसँग खेल्दैमा नेपाली खेलाडीको स्तर उकासिनेमा शंका गर्छन्। प्रशिक्षण र खेलाडीको सुविधा बढाइए आफूहरूमा भएको क्षमता वृद्धि हुने उनको तर्क छ।

रेलिगेसन नहुने भएपछि पनि गत सिजन ए डिभिजन लिगमा सहभागी १४ क्लबले सुरुबाटै विदेशी खेलाडी राख्न चासो दिएनन्। तर अहिले सबैको चासोको विषय विदेशी खेलाडी नै छ। अहिले भाउ अकासिएका विदेशी खेलाडीले गत सिजन निकै कम पारिश्रमिकमा पनि लिग खेलेका थिए। किनभने उनीहरू मोफसलका अन्य प्रतिस्पर्धामा पनि प्रतिखेलका हिसाबले पारिश्रमिक लिइरहेका थिए। अनधिकृत रूपमा मोफसलका प्रतियोगिता खेल्दा विदेशी खेलाडीको विकृति बढ्न थालेको छ। यसमा एन्फा चनाखो हुन जरुरी छ। हुन त विदेशी खेलाडी खेलाउने मामिलामा सरकारले फुटबललाई कडाइ गरे पनि क्रिकेटको हकमा श्रम स्वीकृति आवश्यक नपर्ने अवस्था छ। ने

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

बदलिँदो नेपालको 'अन्तरकथा

nepal.ekantipur.com
नेपाल
राष्ट्रिय साप्ताहिक

समसामयिक विषयवस्तुको वृत्तान्त
नेपाल म्यागेजिनको आधिकारिक वेबसाइट

www.nepalmag.com.np

GET IT ON Google Play

Available on the App Store

महतोनोमिक्स

चन्द्रदेव भट्ट

मुलुकका विश्वविद्यालयहरूमा ज्ञान उत्पादनको खडेरी परेको समय एक अनुभवी राजनीतिज्ञ र योजनाकारले नेपालको अर्थराजनीतिलाई समेटेर कृति प्रकाशनमा ल्याएका छन् । रामशरण महतको नयाँ पुस्तक *ट्रायल्स, ट्रेमर्स एन्ड होपः द पोलिटिकल इकोनोमी अफ कन्टेम्पोरेरी नेपाल*मा नेपालले अंगीकार गरेको (नव)उदारवादी अर्थ राजनीतिको व्याख्या छ ।

अर्थ र परराष्ट्र मन्त्रालयको नेतृत्वसमेत सम्हालिसकेका व्यक्तिले नेपालको अर्थराजनीतिसम्बन्धी गरेका टिप्पणी मननीय हुने नै भए । महतकै शब्दमा पुस्तकले नेपालको अर्थराजनीतिका घटनाक्रमलाई पुनरावलोकन गर्छ तथा वर्तमान विश्वमा देखिएका चुनौतीलाई दृष्टिगत गर्दै प्रजातान्त्रिक समाजवादको व्यावहारिक रूपमा व्याख्या गरिनुपर्ने मान्यता अगाडि ल्याउँछ । १२ शीर्षकमा विभाजित कृतिले अर्थराजनीतिका विभिन्न पक्षलाई समेट्ने कोसिस गरे पनि अर्थतन्त्र तथा राजनीतिबीचको अन्तरसम्बन्ध र आम नागरिकमाथि पर्न गएको असरलाई विश्लेषण भने त्यति गरेको पाइँदैन ।

विश्वमा देखिएका विभिन्न किसिमका परिवर्तनबाट नेपाल अलग रहन सक्दैन तथा देशको आर्थिक, सामाजिक रूपान्तरण अझै अधुरो रहेको हामी सबैले महसुस गरेका छौं । यसका लागि अर्थराजनीतिको ज्ञान अपरिहार्य रहेको सन्देश दिने प्रयास यो कृतिबाट अनुभूत गर्न सकिन्छ । किनभने आर्थिक वृद्धि आम नागरिकसँग जोडिएन भने यसको समाजमा नकारात्मक असर पर्न जान्छ भन्ने तर्क पुस्तकमा प्रस्तुत गरिएको आँकडाबाट थाहा हुन्छ ।

बदलिँदो विश्व परिस्थितिमा समाजवादको पुरातन मान्यतामा परिवर्तन आएको छ । यसको पछाडिको सबभन्दा ठूलो कारण पुँजीवाद होइन, बजारले ल्याएको समस्या हो । जब हामी सबै विषयवस्तुको निर्णय गर्ने अधिकार बजारलाई मात्र दिन्छौं, समस्याको सुरूआत त्यहींबाट हुन्छ किनकि बजार नाफाको सिद्धान्तबाट प्रेरित हुन्छ । सर्वसाधारण यही बजारले निर्माण गरेको चक्रव्यूहमा फस्न जान्छन् । यस्तो अवस्थामा उनले न प्रजातन्त्रको अनुभूति गर्छन्, न त समाजवादको । महतको कृति यो विषयमा मौनजस्तै छ ।

नोबेल पुरस्कार विजेता अर्थशास्त्री जोसेफ स्टिगलिज तथा लन्डन स्कुल अफ इकोनोमिक्स र कोलम्बिया विश्वविद्यालयका प्राध्यापकका तर्कलाई अगाडि सार्दै बजारको अपरिहार्यतालाई बचाउने प्रयास यथावत् देखिन्छ । त्यसो त मुलुकको ढुकुटी बलियो बनाउन तथा समाजवादको प्रत्याभूतिका लागि पुँजीवाद अपरिहार्य हुन्छ भन्ने तर्क पछिल्ला अर्थशास्त्री ब्रान्को मिनोलोभिकको कृति *क्यापिटल एलोनले* पनि प्रस्ट्याएको छ । बजारको खोजीका लागि संसारमा भएको होडबाजीले पनि यो कुरा प्रस्ट्याउँछ । तर अनियन्त्रित बजारको सत्ता (रेजिम) ले ल्याएको समस्याले जनताको बाँच्ने अधिकारको अपहरण गर्दछ । सन् २००८ पछि विश्वमा देखिएको आर्थिक मन्दीले पश्चिमेली मुलुकहरूमा जुन किसिमका राजनीतिक शक्ति अगाडि आए, त्यसले विश्व अर्थराजनीतिमा नयाँ छलफल सुरूआत गरेको छ । राज्य, बजार र नागरिक समाजबीचको अन्तरसम्बन्धलाई पुनर्व्याख्या गरिँदै छ । महतले यो पक्ष नसमेटेकाले माथि भनेझैं अर्थराजनीतिको चुरो पक्ष अपूरो हुन जान्छ ।



ट्रायल्स, ट्रेमर्स एन्ड होपः द पोलिटिकल इकोनोमी अफ कन्टेम्पोरेरी नेपाल

लेखक : **रामशरण महत**
प्रकाशक : **एड्रोइट पब्लिसर्स**
पृष्ठ : २४२
मूल्य : १२७२ रुपैयाँ

महतको दोस्रो शीर्षक बीपी कोइराला, समाजवाद र नेपाली कांग्रेसको विषयमा समर्पित छ । त्यसो त पछिल्ला वर्षमा कांग्रेसमा सबभन्दा बढी छलफल भएको तथा कांग्रेसीजनमाझ अत्यधिक अस्पष्टता र आफ्ना मतदातालाई विश्वासमा लिन नसक्नुमा समाजवादप्रतिको बुझाइ पनि हो । किनभने हामीले बुझेको समाजवाद, गाउँका जनताले बुझेको समाजवाद र २१ औं शताब्दीले निर्माण गरेको अर्थराजनीतिको धरातलमा ठूलो अन्तर देखिन्छ ।

एउटा वर्ग कांग्रेसले बीपीको समाजवादलाई छाडेको तर्क अगाडि ल्याउँछ भने अर्को वर्ग त्यसो नभएको भन्ने तर्कलाई जोडदार रूपमा प्रस्तुत गर्छ । बीपीले व्याख्या गरेको समाजवादको सहारा लिँदै महत कांग्रेसको प्रजातान्त्रिक समाजवादप्रतिको निष्ठाको बचाउ गर्छन् । बीपीका अनुसार प्रजातन्त्रले राजनीतिक समानता प्राप्त गर्न सहयोग गर्छ भने समाजवादले आर्थिक समानता ।

लेखक बीपीसँग गरेका वार्तालाप अगाडि सार्दै समाजवाद भनेको गरिबीको समान वितरण नभएको तर्क अगाडि सारेर असली समाजवादमा गाउँ र सहरको विकासलाई सँगै लग्नुपर्ने जिकिर गर्छन् । व्यवहारमा हामी सबैले राजनीति र अर्थतन्त्रको चरम बजारीकरण गरेकाले राज्य र नागरिक दुवै कमजोर भए । तर एउटा वर्ग साँच्चै सम्पन्न भयो, जसले गरिबी नै देख्दैन । यही वर्गका व्यक्तिले राष्ट्रिय योजना आयोगलाई नियन्त्रण गरेर दाता र आफूसुहाउँदो नीति निर्माण गरेकाले नागरिकको नीति-निर्माणकर्तामाथिको विश्वास गुम्न गयो । विसं ००७ मा नेपालको अर्थराजनीतिको स्थिति र त्यसपछिका सुधारमूलक कार्यक्रमलाई फेहरिस्तको रूपमा अगाडि सार्दै

महतलाई बजारवादी अर्थशास्त्रीका रूपमा प्रस्तुत गरियो तर त्यसपछिका अर्थशास्त्री र वामपन्थमा विश्वास गर्नेहरू पनि बजारकै एजेन्ट भए ।

हालसम्मका सुधार कार्यक्रमले ल्याएका उपलब्धिका विषयमा महतले समय खर्चिएका छन् ।

त्यसैगरी आर्थिक सुधार र तिनका असरका सन्दर्भमा लेखकले विभिन्न किसिमका आँकडाद्वारा विगतमा लागू गरिएका उदारीकरण, निजीकरण र विनियमनजस्ता आर्थिक नीतिको बचाउ गर्छन् । यसका लागि लेखक दक्षिण एसियाका राष्ट्रहरूले गरेको विकास र दक्षिण-पूर्वी एसियाका राष्ट्रहरूले गरेको विकासलाई प्रमाणका रूपमा अगाडि सार्छन् । सन् १९९० को दशकपछि धेरैजसो लेखकको नेतृत्वमा लागू गरिएका आर्थिक नीति र कार्यक्रमले नेपालको अर्थतन्त्रलाई चलायमान बनाएकामा दुई मत छैन । यद्यपि लेखकले बजारको आडमा मुलुकलाई आर्थिक भँगालोमा लगेको र निजीकरणको नाममा उद्योगधन्दा र कलकारखाना बेचेको भन्ने जुन आक्षेप लागेको छ, त्यसलाई राम्ररी प्रस्ट्याएका छैनन् ।

यति हुँदाहुँदै पनि उनको पालामा भएका नीतिगत सुधारका कार्यक्रमले सकारात्मक परिणाम ल्याएको छ । यद्यपि अर्थतन्त्र र बजार कसका लागि र जनता को हुन् भन्ने विषयलाई लेखकले गौण रूपमा लिएको देखिन्छ । चाणक्यले भनेजस्तै अर्थशास्त्रको मुख्य उद्देश्य अर्थतन्त्र निर्माणका लागि बजारको प्रवर्द्धन मात्र होइन, त्यसले बजार, भूमि र जनताको पनि संरक्षण गर्नुपर्छ भन्ने पक्षलाई गम्भीर रूपमा लिएको देखिँदैन । तर हामी सबैले के बुझ्नुपर्छ भने सन् १९९० को दशक र त्यसपछि महतले चाहेर पनि नेपालजस्ता मुलुकमा समाजवाद स्थापना गर्न सकिने सम्भावना कम थियो । किनकि विश्वमा उदार प्रजातन्त्रको लहरसँगै उदारवादी अर्थनीतिको पनि लहर थियो, जसलाई रोक्ने शक्ति हामीसँग थिएन । उनले मुलुकको ढुकुटी बढाउने कोसिस गरे तर कुशासनको सर्वव्यापकताले त्यो ढुकुटी निश्चित व्यक्तिले उपयोग गरे । महतलाई बजारवादी अर्थशास्त्रीका रूपमा प्रस्तुत गरियो तर त्यसपछिका अर्थशास्त्री र वामपन्थमा विश्वास गर्नेहरू पनि बजारकै एजेन्ट भए ।

त्यसैगरी महतले नेपालको परराष्ट्र नीतिलाई मिहीनसँग व्याख्या गरेका छन् । ०६२/६३ को राजनीतिक परिवर्तनपछि देखिएका चटके लेखकहरूले विगतमा भएका उपलब्धिको अवमूल्यन गरेको पाइन्छ तर महत यसलाई फरक रूपमा व्याख्या गर्छन् । नेपालको स्वतन्त्रता र सार्वभौमसत्ता कायम गर्नु राणाजीहरूको देन, राजा वीरेन्द्रले अगाडि सारेको शान्ति क्षेत्रको प्रस्ताव र विदेश नीतिमा यसले पुऱ्याएको योगदानलाई इमानदारीसँग राखेका छन् । त्यसैगरी बीपीले अवलम्बन गरेको सन्तुलित विदेश नीतिलाई पनि राम्रैसँग केलाएका छन् । यति हुँदाहुँदै पनि एउटा पक्ष छुटाएका हुन् वा भन्न नचाहेका हुन् । त्यो के भने बीपीजस्तो दूरदर्शी चतुर राजनेता र विश्व राजनीतिक क्षेत्रमा राम्रो पहिचान बनाएका व्यक्तिको सरकार राजनीतिक 'कु' बाट अपदस्थ हुँदा उनको पक्षमा न नजिकका छिमेकीहरू बोले, न त टाढाका । यो रहस्य आजसम्म इतिहासको गर्भमै छ । विदेश नीतिको सम्बन्धमा ओझेल परेका धेरै पक्षलाई स्पष्टसँग अगाडि राखेकाले महत धन्यवादका पात्र छन् । त्यसैगरी माओवादी द्वन्द्व र शान्ति प्रक्रिया, संविधान निर्माण प्रक्रिया, जलस्रोत क्षेत्रमा भएका प्रगति, भूकम्पले ल्याएको विपद् र त्यसलाई सम्बोधन गर्न सरकारले अगाडि सारेका प्रयासको विषयमा पनि लेखकले राम्रोसँग व्याख्या गरेका छन् ।

विप्रेषणमा आधारित अर्थतन्त्र, विदेशी सहयोग र नेपालको वित्तीय विकाससम्बन्धी शीर्षक पनि महत्त्वपूर्ण छन् । तर बढ्दो आप्रवासनलाई लेखकले सहज रूपमा लिएको देखिन्छ । कांग्रेस सरकार तथा त्यसपछि सत्तामा आएका अरू सरकारहरूले भिसा प्रक्रियालाई सहजीकरण गरेकाले विदेश जाने प्रवृत्ति बढेको तर्क अगाडि सार्छन् । तर यो अर्धसत्य मात्र हो । सन् १९९० पछि लागू गरेका आर्थिक नीतिले महतले भनेजस्तै देशको जीडीपी बढायो, संख्यात्मक गरिबी घटायो, सामाजिक सूचकांकमा सकारात्मक परिवर्तन भए तर मुलुकभित्र रोजगारीका अवसर न्यून हुँदा युवाहरू देश छाड्न बाध्य भए । मुलुकको जीडीपी बढ्ने तर नागरिकले रोजगारी नपाउने अर्थनीति हाम्रो यथार्थ हो ।

सन् १९९० पछि धेरैजसो क्षेत्रमा देखिएका सकारात्मक पक्ष हामीले गर्दा मात्र भएका होइनन् । यी सकारात्मक पक्षका पछाडि भूमण्डलीकरण, सञ्चार तथा यातायातमा आएको परिवर्तन र 'ग्लोबल्ली मोबाइल क्यापिटल' को पनि महत्त्वपूर्ण भूमिका छ । सत्ता र सरकार परिवर्तनलाई ठूलो उपलब्धि मान्ने तर परिवर्तनका उपलब्धिले जनताको जीवनस्तरमा सुधार ल्याउँदैन भने नागरिकको राजनीतिप्रतिको विश्वास कमजोर हुन्छ । आज शिक्षा र स्वास्थ्य आम नागरिकको पहुँचभन्दा टाढा भएको छ । त्यसैगरी सन् १९९० पछि आर्थिक क्षेत्रमा सकारात्मक संकेत देखिए पनि नेपालको आर्थिक परनिर्भरता बढ्दै गएको छ । लेखक आँकडामा नेपालको परनिर्भरता घटेको जिकिर गर्छन् तर वास्तविकता त्योभन्दा फरक छ ।

त्यसैगरी पछिल्ला वर्षमा विकसित वित्तीय पुँजीवादमा आधारित अर्थतन्त्रले केही व्यक्तिलाई निकै धनी बनाएको छ तर असमानताको खाडल पनि त्यत्तिकै बढेको छ । सहरीकरणलाई नै विकास देख्ने, सत्ता र सरकार परिवर्तनलाई नै राजनीति मान्ने हो भने अर्थराजनीति विषयको छलफल अधुरो हुन जानेछ । ने

सर्वोत्तम नारी

KMG
KANTIPUR MEDIA GROUP

पुस अंक

बजारमा उपलब्ध छ।

narimag.com.np | narimagazine | @narimagazine

तीन किताब

राजीव सुब्बा | डीआईजी



दीर्घसेवाको दुष्प्रभाव

सामाजिक र सांस्कृतिक परिवेशका कारण पढैया मानिस पनि धर्म र अन्धविश्वासको जालोमा जकडिएका हुन्छन्, जसको नकारात्मक परिणाम पुस्ता-दरपुस्ता पर्न सक्छ । अब्राहम कबुरको पुस्तक **गड्स डिमन्स एन्ड स्पिरिट्स**ले भारतमा इन्जिनियरिङ पढ्दा मेरा पूर्वधारणा र मानसिकतालाई बदलिदियो । कबुरले भारतीय उपमहाद्वीपमा व्याप्त अन्धविश्वास र पछौटे सोचलाई बलियो तर्कसहित खण्डन गरेका छन् ।

नेपालमा पनि अशिक्षाका कारण ससाना कामका लागिसमेत अलौकिक शक्ति पुकार्ने चलन अद्यापि छ । पिछडिएका क्षेत्रमा छाउपडीको समस्याले धेरैको ज्यान गएको छ । महिनावारीको अवधिमा कक्षाकोठाभित्र बसेर पढ्नबाट वञ्चित बनाइएका समाचारसमेत आइरहेकै छन् । यो किताबमा निहित तर्कशास्त्रीय दृष्टिले तथ्यसंगत नरहेका परम्परालाई पन्छाउन जोड दिन्छ ।

कबुरका समर्थक धेरै छन् तर उनलाई निन्दा गर्ने 'बाबा' हरू पनि कम छैनन् । किनभने उनले सार्वजनिक कार्यक्रम नै राख्दा पनि ज्योतिषी, हस्तरेखाविद् आदिले पुष्टि गर्न सकेनन् । लेखकले 'बाबा' हरूलाई 'चमत्कार' को खुलेआम प्रमाणित गरेर लाखौं रुपैयाँ जित्न आह्वान गरे पनि यसमा कसैले आँट गरेनन् । मृत आमालाई परीहरूले स्वर्गतिर उडाउँदै लगेका दृश्य देख्ने बालिकाका कारण तनाव भइरहेको हुन्छ, कबुरकै नातेदारमा । लेखकले वैज्ञानिक उपचार गराएपछि थाहा हुन्छ, उक्त बालिकालाई थाइराइडको समस्या सिर्जित दुःस्वप्नले लखेटेको रहेछ । कतिसम्म भने तथ्य र प्रमाणले पुष्टि गरेपछि मात्रै सैद्धान्तीकरण गर्ने विषय विज्ञानका शिक्षकसमेत धार्मिक चंगुलमा फसेका छन् । यो कुनै एक धर्मभित्र मात्रैको समस्या होइन, समग्र मानव जातिको अग्रगतिको तगारो हो भन्ने निष्कर्ष दिएका छन्, लेखकले ।

संस्कृति र संस्कारको नाममा सानो चौघेरामा मस्त रमाइरहेका हुन्छौं तर दुनियाँमा धेरै परिवर्तन भइसकेको चाले पाउँदैनौं । यस्तै यथार्थलाई बुझाउने सरल किताब हो, **हु मुभ्ड माई चिज ?** स्पेन्सर जोन्सनको यो किताबमा परिवर्तन व्यवस्थापनलाई केन्द्रमा राखिएको छ, जसमा चार पात्र छन्- दुई मान्छे र दुई मुसा । चिज मन पराउने यी पात्रले देखाउने व्यवहारलाई यसमा रोचक शैलीमा वर्णन गरिएको छ । एक दिन चिज सकिएपछि मुसा नयाँ चिजको खोजीमा लाग्छ । तर मान्छेचाहिँ चिज सकिएकामा दुःखी मात्रै भएर बस्छ । अन्त्यमा एक जना भने चिज खोज्न निस्कन्छ र हन्डर खाएरै भए पनि चिज भएको ठाउँमा पुग्छ, जहाँ मुसाहरू पहिल्यै पुगिसकेका हुन्छन् ।

कथा सामान्य छ तर लक्षार्थ गम्भीर छ । हामी यथास्थितिकै सहजतामा रम्छौं र अज्ञात भविष्यसँग डराउँछौं । नयाँ विकल्पको सोचमा हुँदैन, एक प्रकारको निस्क्रियतामा रहन्छ । विशेषगरी लामो समय एउटै संगठनमा काम गर्ने बर्दीधारी कर्मचारी जागिरपछिका दिन हुने अनुकूलनसँग भयभीत हुन्छन् । उनीहरूसँग सेवा-सुविधा, पद-प्रतिष्ठाको प्रताप, नयाँ परिवेशले दिने असहजता हुन सक्छ तर सबैभन्दा ठूलो समस्या नै जडता हो । भोलिको परिवर्तनबारे आफूलाई मानसिक रूपमा तयार पारी रूपान्तरण गर्दै लाने हो भने हामीमा जीवनशक्ति पनि बढ्दै जान्छ । खुसी भइराखेकै क्षेत्रबाट पनि एउटा आँखाचाहिँ बदलिँदो परिवेशप्रति चनाखो राख्नुपर्छ ।

भावी दिनको योजनालाई आजै मानसिक दृश्यमा अभ्यास गरिराख्दा सफलता नजिक पुगिन्छ । सिर्जनशील मानिसले अवकाशको समय समाजका लागि केही नै न केही गर्छ, अरू त कि निस्क्रिय रहन्छन् कि धर्मकर्ममा समय खर्चन्छन् । अध्ययनले देखाएको छ- एउटै संस्थामा दीर्घसेवा गर्नेहरूको जीवनस्तर कमजोर र आयु छोटो हुन्छ । व्यापार-व्यवसायमा पनि यही कुरा लागू हुन्छ ।

दर्जा, पद र प्रतिष्ठा हात लाग्नु मात्रै सफल नेतृत्व होइन भन्ने दाबी गर्छ, **द लिडरसिप च्यालेन्ज**ले । बेरी पोस्नर र जेम्स कोजेजको यो पुस्तकले अरूसँगको मजबुत सम्बन्धलाई असल नेतृत्व मान्छ । यसले असल नेतृत्वमा हुनुपर्ने विशेषताका लागि पाँच स्तम्भ औंल्याएको छ- आदर्श मार्ग, उत्प्रेरक दृष्टिकोण, प्रक्रियामाथि चुनौती, कार्यमा अर्कोलाई समर्थ बनाउनु र हृदयलाई प्रोत्साहन । त्यसैले कोही सर्वोच्च पदमा आसीन हुनु मात्रै अन्तिम सफलता होइन, निष्पक्ष समर्थक पनि हुनुपर्छ । जसले अनुकरणीय मूल्य बनाउँछ, बनिबनाउ प्रक्रियालाई प्रतिवाद गर्दै आफ्ना सहकर्मीलाई सीप तथा प्रोत्साहन दिएर सक्षम बनाउँछ र कल्पनासहित अवसर सिर्जना गर्छ, ऊ नै चम्किलो नेतृत्व बन्छ ।

नेतृत्वले संगठनका नीति तथा कार्यक्रमलाई दराजमा थन्काएर राख्दैन । विश्वसनीय र पारदर्शी ढंगले आफ्नो समूहलाई साथै लिएर हिँड्छ । ससाना सफलता या गल्तीबाट पाठ सिक्दै परिवर्तन, विकास र सुधारका लागि अभिनव शैलीको खोजी गर्न सक्ने व्यक्ति नै असल नेतृत्व हुने ठहर पुस्तकको छ, जो हाम्रो राजनीतिक र सामाजिक संस्थानका लागि पनि पाठ हुन सक्छ ।

■ प्रस्तुति : गुरुङ सुशान्त

रङ

रंगकर्मको भोक

गोकर्ण गौतम

तस्बिर : महेश प्रधान

किल्फको १७ औं संस्करणमा नेपाल पानोरामातर्फ उत्कृष्ट फिक्सन फिल्म घोषित भयो, *जुनुको जुत्ता* । १३ मिनेट लामो यस फिल्मको केन्द्रमा उल्टो जुत्ता लगाउने चार वर्षकी नानी छिन् । निर्देशक हुन्, केदार श्रेष्ठ । डेब्यु फिल्मबाटै यति प्रतिष्ठित अवार्ड चुमे, विदेशी फेस्टिभलमा पनि सहभागी हुंदै छन् । जबकि केदार फिल्ममेकर नभई रंगकर्मी हुन् । उनलाई पनि यस्तै लाग्छ, "म रगंकर्मी नै हुं, जुन कथा मञ्चमा देखाउन सकिंदैन, त्यसका लागि फिल्म वा कलाको अन्य माध्यम रोज्छु ।" अघिल्लो वर्ष उनको कास्टिङ निर्देशन र अभिनय रहेको फिल्म *कथा ७२* किम्फमा छानिएको थियो ।

नेपाली रंगमञ्च व्यावसायिकताउन्मुख छ, दर्शक बाक्लिंदै छन्, नवीन प्रयोगको प्रयत्न भइरहेको छ, नाटकको आयतन फराकिलो बनाइंदै छ, यी सुखद कर्मका एक उज्याला अभियन्ता हुन्, केदार । एक दशकको सक्रिय रंगकारिताले के दियो ? हिसाब गरेका छैनन् । उनलाई आफ्नो योजना र दायित्व व्यवहारमा उतार्ने चटारो छ । कतिसम्म भने आफ्नै बलबुंतामा खोलेको नाटक घर भत्कंदा पनि विचलित भएनन्, अनवरत लागिरहे, कहिले नाटक खेले, कहिले लेखे, निर्देशन गरे, कार्यशाला चलाए तर कहिले रोकिएनन् । भन्छन्, "यो म आफैंले रोजेको कर्म हो, अनेक कठिनाइ सामना गर्नुपर्छ भन्ने थाहै थियो । त्यसैले संकट पर्दा अत्तालिन्नं, बरू अझ सामर्थ्य जुटाउन खोज्छु ।" यो सब किन गरिरहेका छन् भने रंगकर्ममा जति आत्मसन्तुष्टि अन्त कतै पाउंदैनन् ।

धादिङ, ज्वालामुखीमा हुर्किए, केदार । गाउंमा आक्कलझुक्कल हुने नाटक खेले । खासमा स्कुल पढ्दा उनको मोह नाटक होइन, बालसाहित्यमा थियो । बालकथा, कविता खुब लेख्थे । पुरानो बालपत्रिका *बालकोसेली*को सम्पादक भए, स्कुलमा *बालकोसेली* अध्ययन समूह खोले । कथा सुन्ने, सुनाउने र लेख्ने साथीहरू भेला गर्थे । उच्च शिक्षाका लागि राजधानी छिरेपछि पनि उनको बालसाहित्य लेखन रोकिएन ।

पत्रकारिता पढ्दै थिए, केही समय अनलाइन र अखबारमा रिर्पोटिङ गरे तर आरोहण गुरूकुलमा नाटक हेरेपछि केदारको मन भांडियो । उनलाई लागेछ, खासमा मैले गर्नुपर्ने त नाटक पो रहेछ । पहिलो नाटक *डल्स हाउस* नै तीन पटक हेरे । कारण यस्तो रहेछ, "पहिलो पटक त लाइट हेरेरै दंग परें, दोस्रो पटक कथा बुझें । तेस्रो पटकमा बल्ल पूरा नाटक बुझें । यसले मभित्र उत्साहको सञ्चार गऱ्यो ।" तर रहर गर्नासाथ नाटक खेल्ने मौका कहां पाउनु ? केही समयपछि शैली थिएटरमा जोडिए अनि अभिनय गर्ने अवसर पाए । नाटक थियो, *मानुष* । भूमिका थियो, जम्माजम्मी ५ मिनेटको । भन्छन्, "तर मलाई त्यही नै सबथोक थियो । दिलोज्यान

दिएर अभिनय गरें ।"

०६८ मा भारतको नेसनल स्कुल अफ ड्रामा (एनएसडी) ले काठमाडौंमा एक महिने नाट्य कार्यशाला चलायो । चर्चित रंगकर्मी एमके रैना मुख्य प्रशिक्षक थिए । यो कार्यशालाले चाहिं उनमा थिएटर नै गर्नुपर्छ/गर्न सक्छु भन्ने आत्मविश्वास दिलायो । त्यसअगाडि अलमलमा थिए । त्यसकै प्रतिफल हो, थिएटर सेन्टर फर चिल्ड्रेन । शैली थिएटरले गर्ने राष्ट्रिय बालनाटकको महोत्सवको लगातार चार वर्ष संयोजक भएको अनुभव थियो, उनीसंग । त्यसमाथि उनी परे, बालसाहित्यका पारखी तर नेपाली रंगमञ्चमा बालनाटक नगन्य हुन्थे, स्कुलले पनि खास महत्त्व दिएका थिएनन् । यही अभाव पूर्तिको प्रयास थियो, त्यो संस्था । यसबाटै सुन्धारास्थित काठमाडौं मलमा नाटकघर खोले, ०७१ मा । शैली थिएटरबाट अलग्गिए ।

तिनताका व्यापारिक कम्प्लेक्समा धमाधम मल्टिप्लेक्स हल खुलिरहेका थिए तर नाटक घर कतै थिएन । भन्छन्, "काठमाडौं मलमा चाहिं कुनै हल थिएन । त्यसैले हामीले छत भाडामा लिएर नाटक घर सुरु गऱ्यौं ।" त्यसमाथि आफ्नै नाटक घर हुंदा भनेजस्तो नाटक गर्न नपाएको पीडा पनि छंदै थियो । यही कारण हुनुपर्छ, बैंकबाट ऋण लिएरै नाटक घर खोले । कार्यशाला गरे, नाटक गरे, साहित्यिक गतिविधि रोजै हुन्थे । बालनाटक प्राथमिकतामा थियो । बिस्तारै दर्शकको भीड बढ्न थाल्यो । सञ्चालन खर्च जुट्दै थियो तर तीन वर्षपछि नाटक घर बन्द गर्नुपर्ने स्थिति आइलाग्यो । जबकि सम्झौता थियो, सात वर्षको ।

काठमाडौं मलमा नयां व्यवस्थापन आएपछि भाडा दोब्बर बनाइयो । केही समयपछि त्यहां हल खोल्ने भन्दै उनीहरूलाई हट्न दबाब दिइयो । व्यवस्थापनलाई मनाउने प्रयास गरे तर केही जोर चलेन, ०७४ मा त बन्द नै गर्नुपऱ्यो । केदार भावुक हुन्छन्, "त्यतिबेला हामीलाई २२ लाख घाटा लाग्यो तर नाटक घर मात्र भत्किएको थियो, संस्था भत्किएको थिएन ।"

नाटक घर नभएपछि समस्या उही, चाहेजस्तो काम गर्ने ठाउं नै नहुने । अन्त नाटक देखाउंदा भाडा महंगो त हुन्छ नै, स्क्रिप्ट मागेर हैरान । अनेक सास्ती झेल्दै मन्डला थिएटरमा *उपियांको निबन्ध* मञ्चन गरे, केही कार्यशाला चलाए । १७ महिना यत्तिकै बित्यो । त्यसपछि केदारको टिमले फेरि नाटक घर खोल्यो, कीर्तिपुरको छुगाउंमा । १८ पुसबाट उनकै निर्देशनमा *जामुनको रूखः अ सेमलेस भल्गारिटी* मञ्चन हुंदै छ । जबकि नाटक घर खोलेको १० महिना बित्यो ।

उनका अनुसार कीर्तिपुर नाटकका लागि नयां ठाउं हो । त्यसैले यसबीचमा उनीहरूले महोत्सव, कार्यशाला, साहित्यिक गतिविधि, स्थानीयसंग अन्तरक्रिया गरेर नाट्य माहोल सिर्जना गर्दा ढिला भयो । अबचाहिं दर्शकको अभाव हुन्न भन्ने आशा रहेछ । भन्छन्, "नाटक व्यापारिक हुन सक्दैन, टनाटन पैसा कमाइन्न तर व्यावसायिक बनाउन सकिन्छ । जीवनयापन गर्न धौ-धौ हुन्न । हामी त्यतैतिर अग्रसर छौं ।" ने

५ प्रश्न | आशान्त शर्मा

‘पुराना कलाकार पाउनै मुस्किल’

नाटकको मूल तत्त्व मानिन्छ, संवाद । तर निर्देशक आशान्त शर्माले बिनासंवाद नाटक बनाए, *बुलेट एन्ड द बुद्ध* । उनको यो शैलीले निकै तारिफ पनि पायो । शिल्पी थिएटरमा मञ्चित नाटकबारे शर्मासँगको कुराकानी :

नवराज बाले

नाटकलाई संवादरहित बनाउनुको कारण फरकपन दिन मात्रै हो वा अरू विशेष कारण छ ?

नियमित नाटक हेर्नेले सधैं संवाद सुन्छन् र त्यो संवाद दिमागमा लिएर फर्किन्छन् । यो एकै खाले शैलीलाई फेरौं भनेर मैले संगीत र परफर्मेन्सको माध्यमबाट नयाँ शैली दिन खोजेको हुं । नाटक हेरेर फर्कने दर्शकको मुख उज्यालो पाएको छु । प्रयोग गरेर दुःख दिने काम गरिनछु भन्ने भाव मनमा आएको छ ।

नाटकका पात्र जीवनमा एकदमै अलमलिएको देखाइएको छ । तिनमा आध्यात्मिक चेत नभएको तपाईंको निष्कर्ष हो ?

मानिसले प्रकृतिबाट सिक्छ । ऊ प्रकृतिसँग नजिक हुन्छ र अन्ततः जीवनमा बुद्धत्व प्राप्त गर्न सक्छ । तर कुनै पनि शिक्षा वा विचार जबर्जस्ती थोपरिन्छ भने उसमा द्विविधा उत्पन्न हुन्छ । दिमागमा असन्तुष्टि जम्मा हुन्छ र त्यो पड्किन सक्छ । आध्यात्मिक वा प्राकृतिक चेत अभावमा मानिसको जीवनमा जटिलता थपिइरहेको छ ।

तपाईं आफूचाहिं लादिएको कुराको सिकार बन्नुभएको छ कि छैन ?

किन नहुनु ? पढाइ र वादहरू पटक-पटक लादिए, कहिले घरपरिवारबाट, कहिले समाजबाट । हाम्रो शिक्षा र व्यवहार प्रकृतिसम्मत छैन ।

नाटकमा विम्बको बढी प्रयोग भएको छ, नाटकले भन्न खोजेको ठ्याक्कै बुझ्न कठिन हुंदैन ?

दर्शकले यही रूपमा बुझून् भन्ने ध्येय मेरो होइन । यदि त्यस्तो हुन्थ्यो भने नाटकमा म संवाद राख्थें । जसरी बुझ्छन्, बुझून् भनेर खुला दृष्टिकोण बनाउने ठाउं छाडिदिएको छु । दर्शकलाई यही बुझ्नुपर्छ भनेको छैन । अमूर्त पेन्टिङबाट प्रभावित भएर यो नाटक बनाएको हुं । त्यस्ता पेन्टिङलाई फरक-फरक तरिकाले बुझ्न सकिन्छ ।

कठिन आसन प्रयोग गरिएको छ । तयारी गर्न कति समय लाग्यो ?

शारीरिक तालिम गर्न चार-पांच महिना लाग्यो । लामो समय लाग्ने भएकै कारण स्थापित कलाकारलाई राख्न सकिएन । दुई-तीन जनासँग कुरा गर्दा त्यति धेरै समय दिन सकिंदैन भने । स्थापित कलाकार खोज्न मुस्किल भएपछि नयाँ भाइबहिनीबाटै काम गर्नुपर्‍यो ।

▪ **मनबहादुर बस्नेत**

घरभाडा भन्दा बैंकको किस्ता सस्तो भएपछि अब भाडा होइन आफ्नै घरको किस्ता बुझाऊँ

न्यूनतम् सरल मासिक किस्ता रु. ९,३६३* मात्र

थप विशेषताहरुः

- छिटो ऋण प्रक्रिया
- सरल कागजी प्रक्रिया
- लचिलो ऋण अवधि (२५ वर्ष सम्म)
- सरल मासिक किस्ता
- बृहत् शाखा सञ्जाल

EVEREST HOME LOAN
घर कर्जा

सेवा शुल्कमा २५% को भारी छुट

*शर्तहरु लागु हुनेछन्

ऋण रकम	सरल मासिक किस्ता
रु. १,000,000	रु. ९,३६३*
रु. २,000,000	रु. १८,७२७*
रु. ४,000,000	रु. ३७,४५४*

थप जानकारीका लागि नजिकको शाखामा सम्पर्क गर्नुहोला ।
http://www.everestbankltd.com

टोल फ्री नं.: १६६००१७१७१८

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

दिगो, दरिलो र विश्वासिलो

बोल्ने चित्र



तस्बिर आफैँ बोल्छ तर चित्रकारले आफ्नो चित्रमा उतार्न खोजेको कुरा बोल्ने तस्बिर भने निकै कम बन्छन् । जुन तस्बिरले दर्शकलाई एकै पटकमा धेरै कुरा बुझाउन सक्छ, ती तस्बिरलाई विशेष महत्त्वका साथ स्थान दिने गरिन्छ । तारागाउँ म्युजियममा त्यस्तै बोल्ने तस्बिरको मेला लाग्दै छ । डांफे आर्ट्सको आयोजनामा २४ पुसदेखि ८ माघसम्म 'अ पोट्रेट स्टोरी' शीर्षकमा दुई साता लामो प्रर्दशनी चल्नेछ । प्रर्दशनीमा नेपाली कलाकारका तर्फबाट विधाता केसी, चिराग बाङ्देल, मनीषलाल श्रेष्ठ, नीलेश शाक्यलगायतले आफ्ना चित्र प्रदर्शन गर्दै छन् ।

फरक यात्री

मानिसका रुचि फरक-फरक हुन्छन् । कोही फरक ठाउँ घुम्न रूचाउँछन्, कोही घन्टौँसम्म पुस्तक पढेर बस्न रूचाउँछन् । एकछिन फरक रूचिमा रमाउने युवाहरूको कुरा गरौँ ।

काठमाडौँमा फरक रूचि भएका युवा अनि उनको समूह छ । उनीहरू आफ्नै देशमा आफैँले बनाएको मोटरसाइकल चढ्न रूचाउँछन् । त्यही रूचिले ३ वर्षदेखिको निरन्तरको मिहिनेत र लगावले नेपालमै पहिलो पटक यात्री नामक मोटरसाइकल बनाउन सफल भए ।

असीम पाण्डे नेतृत्वको सात युवाको समूहले यात्री नामक विद्युतीय मोटरसाइकल बनाएको हो । उक्त मोटरसाइकल ३ पुसमा काठमाडौँमा सार्वजनिक भएको छ । उनको टोलीले काठमाडौँमा ३ वर्षअघि नै यात्री डिजाइन स्टुडियो स्थापना गरेको थियो ।

यात्री प्रोजेक्ट जिरो नाममा उनीहरूले बाइक बनाउन सुरूआत गरेका थिए । क्याफे रेसर डिजाइनबाट प्रभावित उनीहरूको यात्री बाइकमा विशेषतः सहरी क्षेत्र र आधुनिकताको राम्रो कम्बिनेसन छ । कार्बन फाइबरको प्रयोग गरिएकाले अन्य बाइकभन्दा हलुका र सुरक्षित पनि ।

विद्युतीय बाइकको परिकल्पनासहित थालिएको प्रोजेक्ट जिरोको सम्पूर्ण डिजाइन नेपालमै गरी अमेरिका, चीन, भारत तथा युरोपेली मुलुकका कम्पनीसँगको सहकार्यमा बाइक तयार भएको हो । उक्त बाइकको ३० किलोवाट ब्याट्री क्षमता छ, जसअनुसार सिंगल चार्जमा पनि बाइक २ सय ३० किलोमिटर गुड्न सक्छ । कम्पनीले पहिलो पटकमा ५० बाइक निर्माण गर्ने तयारी थालेको छ ।

हेरिटेज वाक

सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रूपमा घोषणा गरेसँगै देश तथा विदेशका विभिन्न स्थानमा नेपालको प्राकृतिक, धार्मिक तथा सांस्कृतिक महत्त्वलाई लिएर प्रचारात्मक कार्यक्रम दिनानुदिन बढिरहेका छन् । २० लाख पर्यटक भित्र्याउने कार्यक्रम सफल बनाउन काठमाडौंमा हेरिटेज वाक मुभमेन्ट हुने भएको छ । विभिन्न गैरसरकारी संस्थाहरूको संयुक्त आयोजनामा १२ पुसदेखि १२ माघसम्म हेरिटेज वाक मुभमेन्ट चल्नेछ ।

धावक बैकुण्ठ मानन्धरले नेतृत्व गर्ने हेरिटेज वाक मुभमेन्ट हरेक साताको शनिबार बिहान ८ बजेबाट सुरू हुनेछ । पहिलो साता पशुपति मन्दिरदेखि वसन्तपुर दरबार स्क्वायर क्षेत्रसम्म हिंडेर मुभमेन्टको उद्घाटन हुनेछ । दोस्रो साता माइतीघर मण्डलादेखि स्वयम्भू स्तुपासम्म मुभमेन्ट चल्नेछ । ललितपुर उपमहानगरको सहयोगमा तेस्रो साता पाटन दरबार स्क्वायर क्षेत्रमा मुभमेन्ट चल्नेछ भने अन्तिम साता भक्तपुर दरबार स्क्वायर क्षेत्रमा कार्यक्रम गर्ने आयोजक संस्था बेटर नेपालको तयारी छ ।

वन पिसमा हट शुभेच्छा

सुन्दरता निखार्न पहिरनले मुख्य भूमिका खेल्छ । हेर्नुस् त मोडल शुभेच्छा खड्कालाई वन पिसमा कति सुन्दर देखिएको ! गाढा हरियो वन पिसमा शुभेच्छा हट देखिन्छिन् । उनलाई आकर्षक देखाउन ओठको लालीको पनि उत्तिकै भूमिका छ ।

महेश प्रधान

नोटबुक

गोकर्ण गौतम



मार्क्सकै मजाक

कमलादीस्थित नेपाल प्रज्ञाप्रतिष्ठानमा १ पुसदेखि तीन दिनसम्म नाटक मञ्चन भयो, *मार्क्स फर्किए...* । आयोजकचाहिं कार्ल मार्क्स द्विशतवार्षिकी समारोह समिति र नेपाल अध्ययन केन्द्र । दुवै सत्तारूढ दल निकट संस्था हुन् । मार्क्स आजीवन वर्गविहीन समाज र मजदुरका लागि लडे । नाटकको उद्देश्य पनि मार्क्स र उनको विचारको महत्त्व दर्साउने देखिन्छ । तर आयोजकको चालढालले भने मार्क्सवादकै मजाक गरिरहेको थियो । प्रतिटिकटको मूल्य १० हजार । प्रतिव्यक्ति आय १ हजार ४७ अमेरिकी डलर भएको देशमा यति महँगो टिकट दर ?

टिकटबाट यति चर्को मूल्य असुलिएको नाटकको सहयोगदाता र प्रायोजकको सूची अझ रोचक रहेछ । नेपाल टेलिकम, भिजिट नेपाल-२०२०, राष्ट्रिय वाणिज्य बैंक आदि-आदि । अर्थात्, कहीं न कहीं सरकारसँग जोडिएका संस्था । नाटकको पहिलो शोअगाडि भाषण गर्ने कृषिमन्त्री घनश्याम भुसाल थिए । ऊर्जामन्त्री वर्षमान पुन, पर्यटनमन्त्री योगेश भट्टराई, सांसद रामकुमारी झाँक्रीहरू उपस्थित थिए । अब भनिरहनु नपर्ला, पहुँचकै आधारमा पैसावाला प्रायोजकको लर्को लाग्यो । नत्र स्वतन्त्र नाट्य समूहलाई ती प्रायोजकले मरिगए पत्याउँदैनन् । प्रज्ञामा नाटक गर्ने हैसियतसम्म हुन्न ।

लौ ठीकै छ, प्रायोजक भेट्याउनु आयोजकको सामर्थ्य भयो रे । त्यति महँगो पैसा तिरेपछि स्तरीय नाटक हेर्न पाउनु त क्रेताको अधिकार हो नि ! तर त्यस्तो कहाँ हुनु ? कलाकारको आवाज 'इन्हयान्स' गरिएको माइकबाटै 'टाइँटाइँ, टुइँटुइँ' आइरहेको थियो । कतिसम्म भने, मुख्य कलाकार नै स्क्रिप्ट हेर्दै पढिरहेका थिए । कसैले संवाद भुलिरहेका थिए । कस्तो लापरवाही ! एक रंगकर्मी भन्दै थिए, 'यो त मञ्चमा देखाइएको सडक नाटकजस्तो भयो ।'

लिफ्टमा लापरबाही

सिटीसेन्टरस्थित बिग मुभिज् पुग्दा फिल्मको शो सुरु हुन केही मिनेट मात्र बाँकी थियो । चौथो तल्ला पुग्न पार्किङबाट हतारहतार लिफ्ट चढें, एक तल्लामा गएर लिफ्ट आफैं रोकियो । भित्र हलकै एक कर्मचारी र म छौं । लिफ्टको न ढोका खुल्छ, न त माथि जान्छ । केही बेर त्यत्तिकै बित्यो तर अहँ, लिफ्ट चल्ने सुरसार छैन । माथि फिल्म छुट्न थालिसक्यो । लिफ्ट बन्दको बन्दै भए निस्सासिएला भन्ने चिन्ता लाग्न थाल्यो । घन्टी बजाएँ तर चालचुल केही छैन । लिफ्टभित्र मोबाइलको टावर पनि राम्रो आउँदैन तैपनि भित्तामा टाँसिएको सेक्युरिटीको नम्बरमा फोन गरें । बल्लतल्ल लाग्यो तर उठेन । आत्तिँदै अर्को नम्बर डायल गरें, स्वीच अफ रहेछ । तेस्रो नम्बरमा बल्ल उठ्यो । पाँच मिनेटदेखि लिफ्टभित्र बन्द भएको जानकारी गराएँ । उताबाट जवाफ आयो, 'हुन्छ, म त्यहाँ भनिदिइहाल्छु ।'

प्रतीक्षा गर्नुको विकल्प थिएन । अर्को पाँच मिनेट बित्यो तर कोही आएनन्, अबचाहिं डर लाग्न थाल्यो । फेरि फोन गरें । सेक्युरिटी इन्चार्जको उत्तर थियो, 'मैले त्यहाँ केटाहरूलाई भनें तर कुनै लिफ्ट अड्किएको छैन रे ।' त्यसपछि भने रिस उठ्यो, ठूलो स्वरमा चर्किएपछि बल्ल उनले 'फेरि भनिदिन्छु' भने । तर फेरि त्यहाँका गार्ड आउन थप पाँच मिनेट लाग्यो । ढोका खोल्नु त कता हो कता, 'भित्र मान्छे छ, हो' भनेर चिच्याएर सोध्दा रहेछन् । चाँबी खोज्नै समय लाग्दो रहेछ ।

राजधानीको भीड हुने मलमध्ये एक हो, सिटीसेन्टर । यसको लिफ्ट दैनिक सयौंले प्रयोग गर्छन् तर त्यसमै यस्तो लापरबाही ! बच्चा वा निस्सासिने समस्या भएका मान्छे यसरी लिफ्टमा अड्किए भने ? सबैसँग मोबाइल नहुन पनि सक्छ । तर न मल मालिकलाई चिन्ता देखिन्छ, न त अनुगमनकारी निकायलाई ।

खाल्डो पुरेर ढिस्को

राजधानीमा सडकका खाल्डाखुल्डीले दुर्घटना बढेपछि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले अढाई वर्षअगाडि नै १५ दिनभित्र खाल्डाखुल्डी पुर्न निर्देशन दिएका दिए । बरू देउवाको पद गयो तर सडक सम्मिएन ।

त्यसपछि केपी ओली सिंहदरबार छिरे । प्रधानमन्त्री भएपछि ओलीले पनि सडकको समस्या समाधान गर्न निर्देशन दिए तर उही ताल । चिनियाँ राष्ट्रपति आउँदा रातारात कतै-कतै सडक चिल्लो पारियो, त्यो अलग कुरा हो । नत्र सडकको दुर्दशा हटेन । धराप थापिएझैं लाग्ने सडकका तस्बिर र भिडियो सामाजिक सञ्जालमा छ्यापछ्याप्ती हुन थालेपछि ओलीले फेरि निर्देशन दोहोऱ्याए, 'फागुनसम्म जसरी पनि खाल्डाखुल्डी पुर्नू ।'

यस पटकचाहिं प्रधानमन्त्रीको निर्देशन प्रभावकारी देखिएको छ । भौतिक योजना तथा निर्माण मन्त्रालय र मातहतका निकाय तदरूकतासाथ खाल्डा पुर्न लागिपरेका छन् । खाल्डा त पुरियो, सतहचाहिं मिलाइएको छैन । पुरेको ठाउँ भुक्क माथि उठेको हुन्छ, सानोतिनो ढिस्कोजस्तै लाग्ने । वनस्थलीबाट सोह्रखुट्टे आउँदा यस्ता दृश्य धेरै देखिन्छन् ।

खाल्डोझैं यसरी माथि उठेको भागले दुर्घटना त नहोला । खतरा मुक्तचाहिं हुन्न । यसले सडकको शोभा पनि बिगार्छ । न यसलाई प्रधानमन्त्रीले वाचा गरेजस्तो व्यवस्थित सडक मान्न सकिन्छ । हरेक काममा खोट छाड्ने हाम्रो बानी कहिले हराउला ? ने



AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners:

Balaju Auto Works Pvt. Ltd., Workshop: Balaju Industrial Area, Tel : 01-4350994 **Spare Parts Outlet:** Balaju Ring Road, Kathmandu, Tel: 01-4352806/4384176; Kuleshwor, Kathmandu, Tel: 01-5165235 **Authorized Service Center: (Inside Kathmandu Valley)** Balkhu, Tel: 01-4277864; Jorpati, Tel: 01-4910533; Balkumari, Tel: 01-5186180; Gaushala, Tel: 01-4478502; Sinamangal, Tel: 01-4116618; Bafal, Tel: 01-4302828; Dhumbarahi, Tel: 01-4009123 **(Outside Kathmandu Valley)** Bardibas, Mobile: 9801627781, Nuwakot, Tel: 010-560810; Hetauda, Tel: 057-522007; Lahan, Tel: 033-562157; Dhading Besi, Tel: 010-521024

Url: agnimahindra.com **Email: marketing@agnigroup.com.np** **Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)**

www.agnigroup.com.np **twitter/AgniGroup** **instagram/AgniGroup** **facebook.com/MahindraAgniGroup**

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

Introductory Offer: 10% Discount

MARTIN ICE CREAM

Vital

An Italian Gelato

NOW in Jamal

Martin Ice Cream's
1st Ever Franchise

Aus scoops & Smile

AUS Scoops and Smile

Open Time : Every Day 11:00 am to 6:00 pm

Next to Nepal Chamber of Commerce Building, Jamal, Kathmandu |

| RSVP: 9823492444, 9860574755 |

Pixelpro\2019

Franchisor MARTIN ICE CREAM

An ISO 22000 Certified Company

You Tube